# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७२/७३

## Disaster Preparedness and Response Plan 2015/16

## दाङ



जिल्ला दैवी प्रकोप उद्धार समिति, दाङ

District Disaster Relief Committee (DDRC), Dang

# जिल्ला विपद् व्यवस्थापन समितिको गठन

जिल्ला विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| क. | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| ख. | जिल्ला विकास समितिको सभापति वा निजले जिल्ला विकास समितिको सदस्यहरूमध्ये मनोनयन गरेका व्यक्ति | सदस्य |
| ग. | नेपाल सरकारका जिल्लास्थित कार्यालयका प्रमुखहरू | सदस्य |
| घ. | जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू | सदस्य |
| ङ. | जिल्लास्थित रेडक्रस सोसाइटी शाखाका प्रमुख | सदस्य |
| च. | राष्ट्रियस्तरका राजनीतिक दलका जिल्लास्थित प्रतिनिधिहरू | सदस्य |
| छ. | सभापति, जिल्ला उद्योग वाणिज्य संघ | सदस्य |
| ज. | प्रमुख, नगरपालिका | सदस्य |
| झ. | अध्यक्ष, गाउँ विकास समितिहरूमध्येबाट जिल्ला विकास समितिले मनोनयन गरेका तीन जना | सदस्य |
| ञ. | [illegible] ३ जना | सदस्य |
| ट. | जिल्लास्थित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका सामाजिक संस्था तथा जिल्लाका समितिहरू मध्येबाट प्रमुख जिल्ला अधिकारीले मनोनयन गरेका तीन जना | सदस्य |
| ठ. | जिल्लास्थित विपद् व्यवस्थापन सम्बन्धी समितिहरूमध्येबाट प्रमुख जिल्ला अधिकारीले मनोनयन गरेका दुई जना | सदस्य |
| ड. | स्थानीय विकास अधिकारी | सदस्य सचिव |

[illegible]

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७२/७३ दाङ

# Disaster Preparedness and Response Plan 2015/16, Dang

दस्तावेज : जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८, दाङ
पहिलो अद्यावधिक कार्य २०७२ चैत्र (२०७२/७३ को लागि)

प्रकाशक : जिल्ला दैवी प्रकोप उद्धार समिति, दाङको लागि जिल्ला विकास समिति, दाङ
सम्पादन : रामबहादुर थापा, पूर्णबहादुर नेपाली (UNFPA)

प्रकाशन मिति : २०७२ चैत्र

व्यवस्थापन : जिल्ला दैवी प्रकोप उद्धार समिति, कार्यदल तथा जिल्ला विकास समिति, दाङ

परामर्शदाता : सुदर्शन रिजाल, उप-प्राध्यापक जनसंख्या अध्ययन, महेन्द्र बहुमुखी क्याम्पस
सम्पर्क: ९८५७८३०१०५, ई-मेल rijalsudarshan@gmail.com

]वपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ लाई अद्यावधिक गर्न बनेको कार्यदल
संयोजक : बिजय गौतम, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, दाङ
सदस्य : कृष्णकुमार के.सी., सूचना अधिकृत जिल्ला विकास समिति, दाङ
सदस्य : पूर्णबहादुर नेपाली, UNFPA क्षेत्रीय कार्यालय, दाङ
आर्थिक/प्राविधिक सहयोग : संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA)

# जिल्ला प्रशासन कार्यालय



नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय



## स्थानीय विकास अधिकारीको शुभकामना पत्र

[illegible]

[illegible]

स्थानीय विकास अधिकारी

शब्द संक्षेप

| | |
|---|---|
| जि.दै प्र.उ.स. | जिल्ला दैवी प्रकोप उद्धार समिति |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| जि.कृ.वि.क.ा | जिल्ला कृषि विकास कार्यालय |
| जि.प्रा.का. | जिल्ला प्राविधिक कार्यालय |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| जि.ज.स्वा.का. | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जि.प.से.का. | जिल्ला पशु सेवा कार्यालय |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| ने.से. | नेपाली सेना |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| म.वि.अ. | महिला विकास अधिकृत |
| म.बा.का. | महिला तथा बालबालिका कार्यालय |
| स.प्र.ब. | सशस्त्र प्रहरी बल |
| स्थाविअ | स्थानीय विकास अधिकारी |
| जि.व.का. | जिल्ला वन कार्यालय |
| जि.भू.सं का. | जिल्ला भू-संरक्षण कार्यालय |
| ज.उ.प्र.नि.वि. | जल उत्पन्न प्रकोप नियन्त्रण विभाग |
| रा/अ.गै.स.स. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| UNFPA | United Nation Population Fund |

# बिषयसूची

१. परिचय १
१.१ पृष्ठभूमि
१.२ दाङ जिल्लाको सामान्य जानकारी
१.२.१ भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक र प्रशासनिक विभाजन
१.२.२ भू-क्षेत्र र जमिनको वर्गीकरण
१.२.३ दाङ जिल्लाका प्रमुख नदी प्रणाली तथा सहायक नदीनालाहरु
१.२.४ माटोको बनावट र उर्वराशक्ति र संभावित भू-क्षयको क्षेत्र
१.२.५ हावापानी, जलवायु वनस्पति तथा वन्यजन्तु
१.२.६ जनसंख्याको आकार, बृद्धिदर, घनत्व तथा देश बाहिर रहेको जनसंख्या
१.२.६.१ गाविस/ नपा अनुसारको जनसंख्या बृद्धिदर जनघनत्व तथा देश बाहिर रहेको जनसंख्या
१.२.६.२ पछिल्ला २ जनगणनालाई आधार मानी तयार गरिएका केही आाकडाहरु
१.२.६.३ मातृभाषा अनुसारको जनसंख्या
१.२.६.४ दाङ जिल्लाको प्रमुख जातजातिको जनसंख्या विवरण
१.२.६.५ धर्मअनुसार जनसंख्याको विवरण (प्रतिशत खुल्ने गरी)
१.२.६.६ जिल्ला जनस्वास्थ्य कार्यालय दाङको आ.व.२०७१/७२ को प्रगति प्रतिवेदन
१.२.७ जिल्लामा विद्यमान स्वास्थ्य सेवाको अवस्था
१.२.८ सडक सञ्जालको अवस्था
१.२.९ खानेपानी तथा सरसफाइको अवस्था
१.२.१० विद्युतीकरण तथा सञ्चारको अवस्था
१.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक गर्नुका उद्देश्य
१.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नुपर्ने आवश्यकता
१.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिकको क्षेत्र र सीमा
२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा
३. विपद्सम्बन्धी काम गर्ने संघसंस्थाहरु
३.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क सूची
३.२ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा
३.३. पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिकबारे नियमहरु
३.४. विपद् जोखिम विश्लेषण
३.४.१ दाङ जिल्लाको प्रकोपको अवस्था
३.४.२ दाङ जिल्लाको विगत ३ वर्षको बाढी र आगलागीको प्रकोपको स्तर मापन गाविस अनुसार
३.४.३ दाङ जिल्लामा आगलागी र बाढीबाट प्रभावित भएको घर संख्या
३.४.४ दाङ जिल्लामा बितेको ४ वर्षमा भएको सडक दुर्घटनाको अवस्था मापन
३.४.४.१ दाङ जिल्लामा विदेशमा वैदेशिक रोजगारीमा गएका बेला भएको मानवीय क्षति
३.४.५ दाङ जिल्लामा हुने विपद्हरुको जोखिमता विश्लेषण
३.४.६ विपद्का क्षेत्र तथा जोखिमता विश्लेषण
३.४.७ विपद् जोखिम विश्लेषणको सूचक अनुसारको एकीकृत तालिका
३.४.८ दाङमा हुन सक्ने विपद्को क्षतिको सम्भाविता अवस्था
३.४.९ २०७१ साउनको अन्तिम साता बबई नदीमा आएको बाढीबाट भएको क्षति
३.५ जिल्लाको निकायगत स्रोत साधनको आाकलन
३.५.१ जिल्लामा उपलब्ध स्रोत साधनको आाकलन

३.५.२ निकाय पहिचान
३.५.३ बन्दोबस्तीका सामानको आाकलन (भण्डारण)
३.६ आवश्यकताको लेखाजोखा तथा खाडलको पहिचान
३.६.१ गा.वि.स.हरुमा स्रोत साधन मापनको अवस्था
४. विपद्को प्रकृतिमा आधारित विषयगत प्रतिकार्य आयोजना
४.१ विषय क्षेत्रको परिचय
४.१.२ उद्देश्य
४.२ जिल्लास्तरमा सक्रिय रहने क्षेत्रगत नेतृत्व
४.२.१ क्षेत्र (Cluster) : खोजी तथा उद्धार
४.२.१.१ विपद्सम्बन्धी परिस्थिति
४.२.१.२ नेतृत्व प्रदान गर्ने निकाय
४.२.१.४ खोजी तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना
४.२.१.५ उपलब्ध ⁄ आवश्यक स्रोत तथा सामग्री र थप आवश्यक स्रोत सामग्रीको अनुमानित बजेट
४.२.२ क्षेत्र (Cluster) : खाद्य तथा कृषि
४.२.२.१ विपद्सम्बन्धी परिस्थिति
४.२.२.२ क्षेत्रगत सदस्यहरुको सूची, क्षमता तथा स्रोतको नक्सांकन
४.२.२.३ आपतकालीन परिस्थितिको पूर्वतयारी गतिविधि
४.२.२.४ कृषि तथा खाद्य क्षेत्रको प्रतिकार्य योजना : आपतकालीन परिस्थितिको अवस्थामा
४.२.३ क्षेत्र (Cluster) : आपतकालीन आश्रय, बसोबास र गैरखाद्य
४.२.३.१ विपद्सम्बन्धी परिस्थिति
४.२.३.२ नेतृत्व गर्ने निकाय शहरी विकास तथा भवन डिभिजन तथा रेडक्रस
४.२.३.३ आपतकालीन परिस्थितिको पूर्वतयारीको गतिविधि
४.२.३.४ आपतकालीन आश्रय, आवास तथा गैरखाद्य क्षेत्रको प्रतिकार्य योजना
४.२.४ क्षेत्र (Cluster) : आपतकालीन संरक्षण
४.२.४.१ विपद्सम्बन्धी परिस्थिति
४.२.४.२ अगुवा निकाय
४.२.४.३ आपतकालीन परिस्थितिको पूर्वतयारी
४.२.४.४ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना
४.५ क्षेत्र (Cluster) : आपतकालीन शिक्षा
४.५.१ विपद्सम्बन्धी परिस्थिति
४.५.२ शिक्षा क्षेत्रका क्षेत्रगत सदस्यहरु
४.५.३ आपतकालीन परिस्थितिको पूर्वतयारी
४.५.४ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद्को अवधिमार लागु हुने)
४.६ क्षेत्र (Cluster) : खानेपानी तथा सरसफाइ
४.६.१ विपद्सम्बन्धी परिस्थिति
४.६.२ खानेपानी तथा सरसफाइ क्षेत्रका सदस्यहरुको सूची, क्षमता तथा स्रोत आाकलन
४.६.३ आपतकालीन परिस्थितिको पूर्वतयारीसम्बन्धी गतिविधि
४.६.४ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद् अवधिभर लागु हुने)
४.७ क्षेत्र (Cluster) : स्वास्थ्य तथा पोषण
४.७.१ विपद्सम्बन्धी परिस्थिति
४.७.२ नेतृत्व प्रदान गर्ने निकाय
४.७.२.१ आपतकालीन व्यवस्थापन समूह, स्यूजा

४.७.२.२ आपतकालीन व्यवस्थापन समूह, श्रीगाउा
४.७.२.३ आपतकालीन व्यवस्थापन समूह, लमही
४.७.३ यस क्षेत्रको नेतृत्व गर्ने निकाय
४.७.३.१ सम्भाव्य प्रकोपको प्रकृति र क्षेत्रहरु
४.७.४ आपतकालीन सहयोगसम्बन्धी गतिविधि
४.८ क्षेत्र (Cluster) : राहत तथा पुनर्निर्माण
४.८.१ यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय
४.८.२ आपतकालीन परिस्थितिको पूर्वतयारीसम्बन्धी गतिविधि
४.८.२.१ निकायगत पहिचान (को, कहाा, के)
४.८.३ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना
५. कार्यान्वयन तथा पुनरावलोकन रणनीति कार्यान्वयन समय तालिका
६. प्रतिवेदन तथा अभिलेखन
७. अनुसूचीहरु
सन्दर्भ सामग्रीहरु

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७२/७३
# Disaster Preparedness and Response Plan 2015/16
# (DPRP) दाङ

## परिच्छेद १ : परिचय (Introduction)

### १.१. पृष्ठभूमि (Background)

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरु मध्ये एक हो। विश्वका १ सय ९८ मुलुकमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढीको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा बिश्वमा चौथो, एशिया स्तरमा छैठौं जोखिमपूर्ण देशको रुपमा रहेको छ। नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिम पहिरो, महामारी जस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजार भन्दा बढी परिवारहरु प्रभावित हुने गरेका छन्। नेपालमा प्रतिवर्ष विभिन्न प्रकारले सिर्जित विपद्हरुबाट सरदर औसतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ। जसमध्ये वार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ। यसैगरी सबैभन्दा बढी आगलागीले धनसम्पत्तीको नोक्सानी हुने गरेको छ। मानवीय क्षति बाहेक पशु चौपाया, पंक्षी, जमिन र बालीनालीमा हुने क्षतिको आकलन गर्न नै गाह्रो छ।

विपद्को कारण नेपालले हरेक बर्ष औसतमा १ अरब २१ करोड बराबरको सम्पत्तिको क्षति व्यहोर्नु परेको छ। त्यसै गरेर नेपालको विकास दर ३ देखि ४ प्रतिशत रहेको छ भने विपद्ले विनास गर्ने दर ८ देखि २५ प्रतिशत सम्म हुने गरेको देखिएको छ। कमजोर भूबनोट, भूगर्भीय संरचनाका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अबस्थामा रहेको छ। नेपाल भूकम्पीय जोखिममा रहेको कुरा विभिन्न अनुसन्धान र अध्ययनले देखाएका छन् । २०७२ साल बैशाख १२ र २९ गतेको भूकम्पले नेपाललाई ठूलो क्षति पुर्‍यायो र त्यसको पुनर्निर्माण एवं पुनरुत्थानको लागि ठूलो लगानी र मिहिनेतको आवश्यकता रहेको छ । नेपालको भौगोलिक अवस्थाले गर्दा जुनसुकै समयमा देशको जुनसुकै भूभागमा भूकम्प जान सक्ने कुरालाई सबैले मनन गर्नुपर्ने स्थिति रहेको छ । यस्तै हरेक वर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन ।

विपद् व्यवस्थापन र उद्धार कार्यलाई अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारका रुपमा अघि बढाउन १८ देखि २२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक विपद् न्यूनीकरण सम्बन्धी दोस्रो विश्व सम्मेलन भएको थियो। यस विश्व सम्मेलनलाई ह्योगो सम्मेलन र सो सम्मेलनद्वारा जारी गरिएको घोषणापत्रलाई ह्योगो घोषणापत्र (Hyogo Declaration) तथा कार्य योजनालाई ह्योगो कार्य योजनाको (Hyogo Action Plan) नामले चिनिन्छ। त्यस अवसरमा नेपालले विपद् न्यूनीकरण एवं समन्वय परिषदको गठन, विपद् सम्बन्धी राष्ट्रिय रणनीति तयार गर्ने, विकसित मुलुकका उच्च प्रविधि र अनुभवहरुलाई अनुशरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निमार्णका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र विपद् न्यूनीकरणका लागि विश्व कोषको स्थापना गर्ने जस्तो कुराहरुमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ। साथै २५ असोज २०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि प्रकोप जोखिम न्यूनीकरणसम्बन्धी अवधारणाहरूलाई आपतकालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response) तथा पुनर्लाभ (Recovery) सम्बन्धी कार्यक्रम व्यवस्थितरूपमा समावेश गर्ने समेत उल्लेख गरिएको छ। नेपालले तय गरेको अवधारणाहरु सन् २००५ मा १६८ राष्ट्रहरुले तयार गरेको १० वर्षे Hyogo Framework तथा सन् २०१५ मार्च १८ मा जापानको Sendai मा सम्पन्न संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनले तय गरेको The Sendai Framework for Disaster Risk Reduction 2015-2030 बाट निर्दिष्ट छन्।

विपद्को सवाल भनेको राहत र उद्धारसाग मात्र सीमित छैन। आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गाास, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, साास्कृतिक लगायतका हरेक विषयहरुसाग यसको प्रत्यक्ष सम्बन्ध छ।

यस्तै संवेदनशील सवालहरुलाई हृदयंगम गरी विपद् व्यवस्थापनका गतिविधिहरुलाई विकासका हरेक पक्षसाग समाहित

गर्दै दिगो विकासको अवधारणाभित्र एकीकृत गरिनुपर्ने आजको आवश्यकता रहेको छ । यसका लागि आवश्यक पर्ने अल्पकालीन एवम् दीर्घकालीन योजनाका साथ विपद् व्यवस्थापनका गतिविधिहरुलाई विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र सरोकारवाला निकायहरुबीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमादेखि कार्यान्वयनसम्म कार्य गर्नुपर्ने आजको सान्दर्भिकता हो ।

यिनै कुराहरुलाई मनन गरी खतरा तथा संकटासन्नता, विपद् प्रभावित गा.वि.स.हरु, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको क्षमता र सहभागिता सुनिश्चित गर्दै जिल्लास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई बलियो बनाउने र विपद् जोखिम व्यवस्थापनलाई स्थानीय तह सम्म प्रभावकारी बनाउने प्रयास स्वरुप कम्तीमा जिल्ला तहमा निर्माण गरिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ लाई अद्यावधिक गरी २०७२/७३ प्रकाशन गर्नुको प्रमुख लक्ष हो । दाङ जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सहजीकरण गर्नको लागि UNFDA ले District Lead Support Agency (DLSA) को भूमिका निर्वाह गरिरहेको छ ।

## १.२ दाङ जिल्लाको सामान्य जानकारी (Brief Introduction of Dang District)

### १.२.१ भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक र प्रशासनिक विभाजन

दाङ जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलमा अवस्थित छ। यस जिल्लाको जिल्ला सदरमुकाम घोराही हो । यस जिल्लामा हाल ३१ वटा गा.वि.स. तथा घोराही, तुलसीपुर, त्रिपुर र लमही गरी चार नगरपालिकाहरु रहेका छन् । यस जिल्लाका स्यूजा, सैघा, लोहारपानी, काभ्रे र ह्यासीपुर गाविसहरु पहाडी भूभाग रहेका गाविसहरु हुन् । विश्व मानचित्रमा २७°३६" देखि २८°२९" अक्षांश र ८२°२" देखि ८२°५" देशान्तरको बीचमा दाङ जिल्ला रहेको छ ।

यस जिल्लाको सरदर लम्बाइ पूर्व-पश्चिम ९० कि.मी. र उत्तर-दक्षिणको चौडाइ करिब ७२ कि.मी. रहेको छ । यस जिल्लाको उत्तरमा सल्यान, रोल्पा र प्युठान जिल्ला, दक्षिणमा भारत, पूर्वमा कपिलबस्तु र अर्घाखाची जिल्ला साथै पश्चिममा सुर्खेत र बाके जिल्ला पर्दछन् । यस जिल्लालाई राजनीतिक हिसाबले ५ संसदीय निवार्चन क्षेत्र र प्रशासनिक तथा विकासको दृष्किोणबाट १३ वटा इलाकामा विभाजन गरिएको छ ।

### १.२.२. भू-क्षेत्र र जमिनको बर्गीकरण

यो जिल्ला समुद्री सतहबाट २१३ मीटरदेखि २०५८ मीटर उचाइसम्मको भू-भागमा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल २,९५,५०० हेक्टर अर्थात २,९५५ वर्ग किलोमीटर छ । कुल भू-क्षेत्रमध्ये चरिचरन १२,९५० हेक्टर, अनुत्पादित २०,४४५ हेक्टर, कृषि ६९९५० हेक्टर र वन १,९२,९५५ हेक्टर रहेको छ । समुन्द्री सतहबाट २१३ मिटरदेखि २०५८ मिटरसम्मको उचाइमा रहेको छ ।

### १.२.३. दाङ जिल्लाका प्रमुख नदी प्रणाली तथा सहायक नदीनालाहरु :

| क्र.स. | नदी/ खोला | उद्गम स्थल | सहायक खोलाहरु |
|---|---|---|---|
| १ | राप्ती नदी | ऐरावती | रनसिह, बनघुस्री, बौरा, पत्रिङ्गा, महदेबा, सुपैला, पर्नाहा, भालुदोब्रे, मानपुर, गुरुङ, माररी, रसरी, कालिपुरुवा, मंग्रेठा, महतनी, कक्रहवा, करङा, गंगदी, बनकट्टी, भित्री सिक्टा, सुनपथ्री/गोठुवा, गनाहा, बगाहसोती, भालु, फेहरी, कटेसनाला, करम्दी, दोलै, सिङ्गै, कौडिया, अर्नवा अर्जुन, उचानिम्बु, भत्तरकुण्डा, रिहार, च्याउ, अमिलिया र शिबखोला |
| २ | बबई नदी | रामपुर | बालीम, सिस्ने, कटुवा, सेवार, गुर्जे, हापुर, पत्रीफाल्ने -पत्रे), सक्राम, चौवा, ग्वार, काला, पातु, गहते, भमके, बागर, बौलाहा, चिसापानी, च्यान्टी, उपल्लो/तल्लो ट्वाङ, सुसाउने, तुई, कलम, घट्टे, (शिर र पधेरा), मलै |
| ३ | भारत तर्फ बग्ने खोला | कोईलाबास, बेला, राजपुर | कोईलाबास, गुरुङ, पटौली, खाग्रा, डगमारा, सुनपथ्री, भैसाही र भौवा[1] |

दाङ जिल्लामा राप्ती नदीमा आउने बाढीका कारण हरेक वर्ष जसो देउखुरीका लालमटिया, सिसहनिया, सतबरिया,

गोबरडिहा, गंगापरस्पुर, गढवा, बेला र राजपुर गाविस तथा हालको लमही नपा (साबिक चैलाही र सोनपुर गाविस) का धेरै स्थानमा नदी कटान तथा मानबिय क्षति समेत हुदै आएको छ। २०७१ साउनको अन्तिम साता बबई नदी तथा यस नदी प्रणाली अन्तर्गतका खोलाहरुमा आएको बाढीले डुरुवा, फूलबारी, गोल्टाकुरी साबिक उरहरी गाविस (हाल तुलसीपुर नपा) धनौरी, श्रीगाउा, पञ्चकुले र पुरान्धारा गाविस समेत बाढी प्रभावित गाविसको रुपमा देखिएका छन्।

### १.२.४. माटोको बनावट र उर्वराशक्ति र संभावित भू-क्षयको क्षेत्र

दाङ जिल्लाको कुल क्षेत्रफलको मध्ये ६९ हजार ९ सय ५० हेक्टर अर्थात २३.७ प्रतिशत जमिन खेतीयोग्य रहेको छ। जसमध्ये हाल ५७,८२७ हेक्टर भूमिमा मात्र सिंचाई सुविधा पुगेको र बााकी कृषि भूमिले आकासे वर्षामा नै निर्भर रहनु पर्ने अबस्था छ। राप्ती नदीहरूका साथै चुरे पहाडबाट उत्तर र दक्षिणतिर बग्ने वर्षे खोलाहरूले वर्षेनी यस जिल्लाको धेरै उब्जाउ भूमि कटान गरिरहेका छन्। साथै केही गाविसहरूमा वालुवाकरण हुदै मरुभूमिकरण हुने र भू-स्खलन हुने कारणले पनि यस जिल्लाको माटोको बनावटमा दिन प्रतिदिन परिवर्तन आई उर्वरभूमि घट्दै गएको छ।

यस जिल्लाको उत्तरतर्फको भू-भाग भावर र चुरे पर्वत श्रृंखलामा पर्ने भएको कारणले भिरालो किसिमको छ। भिरालो भएको कारणले वर्षातमा खहरे खोलाले एकतिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छन् भने अर्कोतिर चुरे पहाडबाट बगाई ल्याएको वालुवा, गेग्य्रानहरू समथर क्षेत्रको भूमिमा ल्याई थुपारी दिने गर्दछन्। जसले गर्दा उब्जाउ भूमिहरू दिन प्रतिदिन मरुभूमिमा परिणत हुदै गएका छन्।

राप्ती नदी तथा चुरे पहाडबाट उत्तर दक्षिणतिर बग्ने कैयौं वर्षे खोलाहरूबाट बाढी प्रकोप पर्ने गरेको छ। बाढीको मारमा देउखुरी क्षेत्रका लालमटिया, सिसहनिया, लमही नगरपालिका (साविक सोनपुर र चैलाही गाविस) सतवरिया, गोबर डिहा, गंगापरस्पुर, गढवा, बेला र राजपुर गाविस हरेक वर्ष भूक्षय, कटान तथा बाढीको चपेटामा पर्ने गरेका छन्। २०७१ साउनको अन्तिम साता बबई नदी र यस प्रणाली अन्तर्गतका नदीहरुमा आएको बाढीले धर्ना, त्रिपुर नपाको बबई क्षेत्र, डुरुवा फूलबारी, गोल्टाकुरी, तुलसीपुर नपाको बबई तट क्षेत्र (साविक उरहरी गाविस) श्रीगाउा, धनौरी, पञ्चकुले र पुरान्धारा गाविस समेत बाढीको उच्च जोखिम तथा जोखिम भएका क्षेत्र भएका छन्।

### १.२.५. हावापानी, जलवायु वनस्पति तथा वन्यजन्तु

दाङ जिल्लाको जलवायु समशितोष्ण मनसुनी किसिमको भएकोले गर्मी याममा दिउसो मरुभूमिबाट बहने लू (राके) चलेर यहााको अधिकांश क्षेत्रका जनजीवनलाई निकै असहज तुल्याउाछ भने जिल्लाको उत्तरी क्षेत्रको चुरे पहाडको केही भागमा मात्र गर्मी कम हुन्छ। हिउादमा पनि यस जिल्लामा राम्रोसाग घाम नलाग्ने र शीत लहर चल्ने कारण अति जाडो हुने भएकोले यहााको बसोवास प्रायः वर्षैभरि कष्टदायक हुन्छ। यहााको तापक्रम अधिकतम ३९.९ डिग्री सेल्सियससम्म पुग्ने गर्दछ भने जाडो याममा न्यूनतम २.५ डिग्री सेल्सियससम्म झर्ने गरेको पाइन्छ। सापेक्षिक आद्रता २७ प्रतिशतदेखि ९४ प्रतिशतसम्म र औसत वर्षा वार्षिक १७ मिलिमिटरसम्म हुने गरेको छ। यस दाङ जिल्लामा पाइने वनस्पतिमा साल, साज, बााझ, सिसौ, खयर, घनेरो, सिमल र सल्लो तथा वन्यजन्तुमा चितुवा, स्याल, हरिण, ब्वाासो, खरायो, चराहरु-मयुर, कालीज, लुइाचे आदि रहेका छन्।

### १.२.६. जनसंख्याको आकार, बृद्धिदर, घनत्व तथा देश बाहिर रहेको जनसंख्या

२०५८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ४ लाख ६२ हजार ३ सय ८० जना रहेको थियो भने २०६८ सालमा यस जिल्लाको कुल जनसंख्या ५ लाख ५२ हजार ५ सय ८३ पुगेको छ। यी दुई जनगणना वर्षको बृद्धिदरलाई आधार मान्दा २०७२ असारमा यस जिल्लाको जनसंख्या ५ लाख ९२ हजार पुगेको देखिन्छ। २०६८ को जनसंख्याको आधारमा जिल्लाको जनघनत्व प्रतिवर्ग किमी १ सय ८७ जना रहको छ भने यस जिल्लाका ४३ हजार १ सय ६० जनसंख्या जनगणनाको अवधिमा देश बाहिर रहेको अवस्था छ। हालै थपिएका दुई नगरपालिकाका कारण दाङ जिल्लाको शहरी जनसंख्या ४० प्रतिशतको हाराहारीमा पुगेको छ।

जनसंख्याको बनौट, बसोबास र क्षेत्रगत जोखिम आाकलन गरी विकास गरिएको विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना

प्रकोप व्यवस्थापन तथा प्रतिकार्यमा सहयोगी हुने अपेक्षा राखिएको छ ।

**१.२.६.१ गाविस/ नपा अनुसारको जनसंख्या बृद्धिदर जनघनत्व तथा देश बाहिर रहेको जनसंख्या**

| क्र.सं. | गाउँ विकास समिति | जनसंख्या २०५८ | जनसंख्या २०६८ | जनसंख्या बृद्धिदर | क्षेत्रफल | जनघनत्व प्रतिबर्ग कि.मी. | देश बाहिर रहेको जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १. | बाघमारे | ७१९४ | ७७८७ | ०.७९ | ५४.९८ | १४२ | ४९१ |
| २. | बेला | ९४७८ | ११२४५ | १.७१ | २०५.७ | ५५ | ७८६ |
| ३. | बिजौरी | १२०६४ | २०६९६ | २.५९ | ४६.०५ | ४४९ | ८०० |
| ४. | धनौरी | ८६६८ | ९४३३ | ०.८४ | २२.५९ | ४१८ | ९०६ |
| ५. | धर्ना | ६३९६ | ६८५१ | ०.६९ | ७४.९६ | ९१ | ६५७ |
| ६. | डुरुवा | १३००६ | १२९७९ | -०.०२ | ३४.८८ | ३७२ | ११२० |
| ७. | गढवा | १०३२३ | ११४३० | १.०२ | ८४.३४ | १३६ | ९४२ |
| ८. | गंगापरस्पुर | ९६११ | १०९७२ | १.३२ | ५६.७४ | १९३ | ६७० |
| ९. | गोबरडिहा | १३४३६ | १५३२२ | १.३१ | १६०.५२ | ९५ | ११०५ |
| १०. | गोल्टाकुरी | ५२८५ | ५२९३ | ०.०१ | ६६.१ | ८० | ४४९ |
| ११. | हाँसीपुर | ७०९१ | ८४३९ | १.७४ | ११४.०९ | ७४ | ५८४ |
| १२. | हेकुली | ९११६ | ९२०६ | ०.०९ | २५.८३ | ३५६ | २६६ |
| १३. | काभ्रे | ६७७८ | ६९१९ | ०.२१ | ५७.१७ | १२१ | १२८७ |
| १४. | कोइलावास | १३५४ | ८६८ | -४.४५ | ५७.०१ | १५ | १४२ |
| १५. | लालमटिया | १५८५४ | २१३८९ | २.९९ | ७१.१४ | ३०१ | ११८४ |
| १६. | लक्ष्मीपुर | १०७२९ | १३७२५ | २.४६ | ६८.११ | २०१ | ११७६ |
| १७. | लोहारपानी | ५६३९ | ६०५१ | ०.७० | ५३.९५ | ११२ | ८९१ |
| १८. | मानपुर | १२९५१ | १४८६४ | १.३८ | ३३.१७ | ४४८ | ९५९ |
| १९. | पञ्चकुले | ७७०३ | ८०६९ | ०.४६ | ७३.५५ | ११० | ७३५ |
| २०. | पवननगर | ८२७० | ८६७३ | ०.४७ | ३२.९२ | २६२ | ७७० |
| २१. | फुलवारी | ५४४६ | ५४८९ | ०.०८ | ५२.२८ | १०५ | ५९० |
| २२. | पुरन्धारा | १५९६७ | १९४०० | १.९५ | १८३.७६ | १०६ | २३३९ |
| २३. | राजपुर | १२०८६ | १३७९२ | १.३२ | ३७१.४७ | ३७ | ६१२ |
| २४. | रामपुर | ११४.८४ | १२६२८ | ०.९५ | ९८.०६ | १२९ | १८१५ |
| २५. | सैघा | ६५५१ | ६७४८ | ०.२९ | ६१.९४ | १०९ | ५४६ |
| २६. | सतवरिया | ११३०० | १३३७० | १.६८ | २२२.२१ | ६० | ६७६ |
| २७. | सौडियार | १०९२० | १२१०१ | १.०३ | २७.६५ | ४३८ | ९३२ |
| २८. | शान्तिनगर | ८८५४ | ७९८३ | -०.१३ | ३८.३९ | २०८ | ११९७ |
| २९. | श्रीगाउँ | ६६०२ | ६९८५ | ०.५६ | १८.७१ | ३७२ | ६७४ |
| ३०. | सिसहनियाँ | १५६०९ | १७६७० | १.२४ | ६८.४ | २५८ | ७६९ |
| ३१. | स्युजा | ४६०४ | ४५४१ | -०.१४ | ४१.५६ | १०९ | ६९२ |
| ३२. | घोराही नपा | ४३१२६ | ६२९२८ | ३.७८ | ७४.४६ | ८४५ | ३९६८ |
| ३३. | तुलसीपुर नपा | ६५६१४ | ८५६०१ | ३.०४ | १८०.८५ | ४७३ | ६५०७ |
| ३४. | लमही नपा | २७३३२ | ३४२८५ | २.५४ | ११४.४१ | ३०० | ४७२६ |
| ३५. | त्रिपुर नपा | ३५९१३ | ४११८३ | १.४६ | ११७.०१ | ३५२ | ४२५३ |
| ३६. | संस्थागत | - | ४४४२ | - | - | - | - |
| जम्मा | | ४६२३८० | ५५२५८३ | १.७८ | २९५५ | १८७ | ४३,१६० |

*(स्रोत: जिल्ला तत्थ्याङ्क कार्यालय दाङ/केन्द्रीय तत्थ्याङ्क विभाग)*

### १.२.६.२ पछिल्ला २ जनगणणलाई आधार मानी तयार गरिएका केही मातृभाषा अनुसारको जनसंख्या

| सि.नं. | विवरण | २०५८ को अवस्था | २०६८ को अवस्था |
|---|---|---|---|
| १. | महिलाको जनसंख्या | २,३३,४२२ | २९१५२४ |
| २. | पुरुषको जनसंख्या | २,२८,९५८ | २६१०५९ |
| ३. | जम्मा जनसंख्या | ४,६२,३८० | ५५२५८३ |
| ४. | लैंगिक अनुपात | ९८.०९ | ८९.५४ |
| ५. | परिवार संख्या | ८२,४९५ | ११६४१५ |
| ६. | औसत परिवार संख्या | ५.६० | ४.७५ |
| ७ | वार्षिक जनसंख्या वृद्धि | २.६६ | १. ७८ प्रतिशत |
| ८. | जनसंख्या दोब्बर हुन लाग्ने अवधि | २६ | ३९ बर्ष |
| ९. | जनघनत्व | १५६ | १८७ प्रति बर्ग कि.मी. |
| १०. | शहरी जनसंख्या | १६.६५ | ४०.५३ प्रतिशत |
| ११. | ग्रामीण जनसंख्या | ८३.३५ | ५९.४७ प्रतिशत |
| १२ | ०-४ अर्थात ५ वर्षमुनिको जनसंख्या | ६७६०३ | ५३४७४ अर्थात ९.६८ प्रतिशत |
| १३ | ०-१४ (१५ वर्ष मुनिको जनसंख्या) | १९३३६८(४१.८२) | १९९४१२ अर्थात ३६.०९ प्रतिशत |
| १४ | १५-५९ उमेरको जनसंख्या | २४८१२९ (५३.६६) | ३१६१७३ अर्थात ५७.२२ प्रतिशत |
| १५. | ६० वर्ष वा माथिको जनसंख्या | २०८८३ ( ४.५२) | ३६९९८ अर्थात ६.७० प्रतिशत |
| १६ | विदेशी मुलुकमा जाने जनसंख्या | १६,२२४ | ४३१६० |
| १७ | अपाङ्ग व्यक्तिको जनसंख्या | २,४५६ | १२८८१ अर्थात २.३३ प्रतिशत |

*(स्रोत:- राष्ट्रिय जनगणना, २०५८ तथा २०६८ को नतिजा)*

### १.२.६.३ मातृभाषा अनुसारको जनसंख्या

| सि. नं | मातृभाषाको नाम | जम्मा संख्या र प्रतिशत २०५८ संख्या/प्रतिशत | जम्मा संख्या र प्रतिशत २०६८ |
|---|---|---|---|
| १. | नेपाली | २९८३२३ अर्थात (६४.५) | ३६८३२३ अर्थात (६६.५४) |
| २. | थारु | १३९०९१ अर्थात (३०.१) | १५५४१३ अर्थात (२८.१२) |
| ३. | मगर | ७६८१ अर्थात (१.७) | ५३०१ अर्थात (०.९) |
| ४ | अवधी | - | १०३३३ अर्थात (१.८६) |
| ४. | हिन्दी | ४१०९ अर्थात (०.९) | २७९० अर्थात (०.५) |
| ५. | नेवार | ८३४ अर्थात (०.२) | ८६३ अर्थात (०.००१) |
| ६. | उर्दु | ६५० अर्थात (०.१) | २१३९ अर्थात (०.००३) |
| ७. | मैथली | ५१२ अर्थात (०.१) | ६६६ अर्थात (०.००१) |
| ८. | अन्य | ११,०९७ अर्थात (२.४) | ११,४३८ अर्थात (२.०७) |
| | जम्मा | ४६२३८० अर्थात (१००) | ५५२५८३ अर्थात (१००.०) |

*(स्रोत : राष्ट्रिय जनगणनाहरु २०५८ र २०६८)*

## '१.२.६.४ दाङ जिल्लाको प्रमुख जातजातिको जनसंख्या विवरण

| सि.नं | जात/जातिको नाम | २०५८ (संख्या/प्रतिशत) | २०६८ |
|---|---|---|---|
| १ | थारु | १४७३२८ (३१.९) | १६३१६६ (२९.५) प्रतिशत |
| २ | क्षेत्री | १०५१४६ (२२.७ ) | १३७६७२ (२४.९१) प्रतिशत |
| ३ | मगर | ५५७११ (१२.० प्रतिशत) | ७५१३१ (१३.६०) प्रतिशत |
| ४. | ब्राह्मण पहाडी | ४९९०६ (१०.८) | ५६६१५ (१०.२५) प्रतिशत |
| ५. | कामी | २४३४६ (५.३ प्रतिशत) | ३५२७९ (६.३८) प्रतिशत |
| ६ | दमाई ढोली | १२३४९ (२.७ प्रतिशत) | १४८५० (२.६९) प्रतिशत |
| ७ | सन्यासी र दसनामी | १००६५ (२.२ प्रतिशत) | १२९२४ (२.३४) प्रतिशत |
| ८ | सार्की | ८२२६ (१.८ प्रतिशत) | १०४४८ (१.८९) प्रतिशत |
| ९. | कुमाल | ६६७४ (१.४ प्रतिशत) | ८४४५ (१.५३ प्रतिशत |
| १० | यादव | ६७६२ (१.५ प्रतिशत) | ८१४२ (१.४७) प्रतिशत |
| ११. | अन्य | - | ३०,११५ (५.४५) प्रतिशत |
| | जम्मा | ४६२३८० (१०० ) | ५५२५८३ (१००) प्रतिशत |

*(स्रोतः- जनगणना, २०५८ र ६८ के.त.वि. काठमाडौं)*

## १.२.६.५धर्म अनुसार जनसंख्याको विवरण

| सि.न. | धर्मका नाम | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | ५३३०४९ | ९६.४६ |
| २. | बौद्ध | ६४२९ | १.१६ |
| ३. | इस्लाम | ४७८१ | ०.८७ |
| ४. | क्रिष्चियन | ७४३१ | १.३४ |
| ५. | अन्य | ४५६ | ०.०८ |
| | जम्मा | ५५२५८३ | १००.०० |

*(स्रोतः- जनगणना, २०६८, के.त.वि. काठमाडौं)*

## १.२.६.६ जिल्ला जनस्वास्थ्य कार्यालय दाङको आव २०७१/०७२ को प्रगति प्रतिवेदनबाट

| क्र.सं. | सूचकहरु | जनसंख्या |
|---|---|---|
| १ | एक बर्ष मुनीको अनुमानित जनसंख्या | १२९२७ |
| २ | पाँच बर्ष मुनीको अनुमानित जनसंख्या | ५९९०१ |
| ३ | १५-४९ उमेर समुहको महिलाको अनुमानित जनसंख्या | १७२२१५ |
| ४ | १५-४९ उमेरका बिबाहित महिलाको अनुमानित जनसंख्या | १३०५४० |
| ६ | अनुमानित गर्भबती जनसंख्या | १२९८० |
| ७ | किशोर किशोरीको जनसंख्या | १३७५४० |
| ८ | अनुमानित जिबित जन्म | १२९८० |
| ९ | ६० बर्ष माथिको जनसंख्या | ४६२९८ |

(स्रोत : HMIS २०७१/२०७२)

### १.२.७ जिल्लामा विद्यमान स्वास्थ्य सेवाको अबस्था

जिल्लामा स्वास्थ्य सेवा प्रदान गर्ने निकायहरु यस प्रकार रहेका छन्- राप्ती उपक्षेत्रीय अस्पताल, घोराही १ (१०० शैया)। राप्ती अञ्चल अस्पताल, तुल्सीपुर १ (५० शैया)। प्राथमिक स्वास्थ्य केन्द्र ३ वटा। स्वास्थ्य चौकी ३६ वटा। राप्ती आाखा अस्पताल तुलसीपुरमा १ र लमहीमा १ गरी २ वटा। आयुर्वेदिक चिकित्सालय १, आयुर्वेद अञ्चल अस्पताल १ र आयुर्वेद औषधालय २ वटा रहेका छन्।

जिल्लामा स्वास्थ्य सेवाको अवस्था हेर्दा राप्ती उपक्षेत्रीय अस्पतालमा २२, राप्ती अञ्चल अस्पतालमा ७, जिल्ला जनस्वास्थ्य अन्तर्गत ३, आयुर्वेद चिकित्सालय तथा अञ्चल अस्पतालमा ३, राप्ती आाखा अस्पतालमा १ परिवार नियोजन संघमा १, गरी ३७ डाक्टर उपलब्ध छन्। यसलाई २०७१/०७२ को प्रक्षेपित जनसंख्या ५८७९२४ लाई भाग लगाउादा प्रति चिकित्सकले १५ हजार ९ सय जना व्यक्तिलाई सेवा दिनुपर्ने अवस्था छ। यद्यपि यो समानुपातिक छैन बढी शहर केन्द्रित छ। जिल्लाको परिवार नियोजन साधन प्रयोग दर ५४ प्रतिशत भन्दा माथि रहेको छ। ५२ प्रतिशत प्रसूति दक्ष स्वास्थ्यकर्मीबाट हुने गरेको छ । प्रतिवर्ष ५ आमाको प्रसूति जन्य जटिलताले मृत्यु भइरहेको छ।

### १.२.८. सडक सञ्जालको अवस्था

जिल्लाको ४ नगरपालिका र ३१ वटा गा.वि.स. हरु सडक सञ्जालले छोएका छन्। मध्यपश्चिम सडक डिभिजन कार्यालयका अनुसार दाङ जिल्लाको सडक डिभिजन अन्तर्गतको ७ सय ९२ कि.मी.मध्ये २५१ कि.मी. सडक पिच भएको छ। यस्तै ३ सय ५५ किमी ग्राभेल र १ सय ८६ किमी सडक कच्ची रहेको छ। यस बाहेक जिल्ला अन्तर्गतका केही सडक पनि पिच भएका छन्। जिल्ला सडकको क्षेत्र समेतलाई जोड्दा र गाविसस्तरका सडकहरु समेत जोड्दा यो क्षेत्रफल धेरै रहेको छ। यस जिल्लामा मध्यपश्चिम सडक डिभिजन अन्तर्गत २० वटा सडक रहेका छन। जिल्ला प्राविधिक कार्यालयले जिल्लाका ९ वटा सडकलाई राष्ट्रिय तथा फिडर सडक भनी छुट्ठाएको छ भने जिल्लाका २४ वटा सडकलाई ए, २२ वटा सडकलाई बी र गाविस तहका २४ सडक भनि वर्गीकरण गरेको छ।

### १.२.९. खानेपानी तथा सरसफाइको अवस्था

यस दाङ जिल्लाको कुल जनसंख्याको ७३.७५ प्रतिशत जनसंख्या अर्थात शुद्ध खानेपानी सुविधा पाएको जनसंख्या ४ लाख ७ हजा ५ सय १६ जना रहेका छन्। सरसफाई सुविधा भने जिल्लाका सबै घरधुरीमा पुगेको छ।

### १.२.१० विद्युतीकरण तथा सञ्चारको अवस्था

यस जिल्लाको हासीपुर गाविस बाहेक ४ वटै नगरपालिका र अन्य ३० गाविसमा विद्युतीकरण सेवा पुगेको छ। हासीपुर गाविस तथा अन्य दुर्गम क्षेत्रमा सोलार लगायत अन्य वैकल्पिक सेवाबाट उज्यालो सेवा लिइरहेको अवस्था छ। २०७१ विद्युतीकरणलाई विकासको एक सूचकको रुपमा लिइनुका साथै यसले अन्य सबै क्षेत्रको विकासलाई समेत बढावा दिनमा मद्दत पुऱ्याउादछ। वि.सं. २०७१२ असारसम्ममा जिल्लाका ७५ हजार १ सय ८ घरले विद्युत सेवा लिइरहेका छन् ।

दाङ जिल्लाका सबै गा.वि.स/नपाहरुमा टेलिफोन सुविधा पुगेको छ। यस जिल्लामा आ.व.२०६६/६७ सम्ममा नेपाल टेलीकमबाट ल्याण्ड लाइन फोन, मोबाइल, स्काइफोन तथा सी.डी.एम.ए लगायत १ लाख ६० हजार लाइन भन्दा बढी फोन लाइन वितरण गरिएको थियो। यो संख्या २०७१ जेठ सम्म आइपुग्दा झण्डै दोब्बरले बढेको छ। वि.सं. २०७२ जेठसम्म आइपुग्दा नेपाल टेलिकमबाट मात्र दाङ जिल्लामा ३ लाख २६ हजार २ सय ८१ फोनहरु वितरण भइसकेका छन्। हेलो र एनसेलले वितरण गरेको संख्या जोड्दा यो संख्या अलि धेरै हुन आउाछ। तथापि यी फोन अन्य जिल्लामा पनि उपयोग हुने तथा एकै व्यक्तिले धेरै उपयोग गर्ने गरेको समेत पाईएको छ। जिल्लामा ५ दैनिक, ७ साप्ताहिक र १५ वटा एफएम रेडियो सञ्चालनमा छन्। जिल्लामा २ सय ३४ जना पत्रकार छन्।

### १.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक गर्नुका उद्देश्य

विपद्को समयमा मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै विभिन्न निकायहरुसाग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन यस योजनालाई अद्यावधिक गर्नुको मूल उद्देश्य हो ।

- विपद् जोखिम न्युनीकरणको बारेमा सरोकारवालाहरुलाई सचेतिकरण गर्दै जिल्लामा पहिचान भएका प्रमख प्रकोपजन्य विपद्, खतराहरुको समय सन्दर्भ अनुसार प्राथमिकिकरण गर्ने ।
- जिल्लामा हुने प्रकोपसंग सामना गर्न सक्ने क्षमता तथा अवस्थाको बिश्लेषण गरी बनेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्दै लैजाने ।
- विपद् प्रभावितहरुलाई तत्काल उद्धार तथा राहत सेवा उपलब्ध गराउनमा सहजता प्रदान गर्ने ।

### १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नुपर्ने आवश्यकता

विपद् व्यबस्थापनमा सहयोग गर्न बनेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई समय अनुकुल बनाउन तथा समय अनुसार स्रोत साधनमा हुने फेरबदल अनुसारको प्रतिकार्य योजना बनाउन यस अघि बनेको प्रतिकार्य योजनालाई अद्यावधिक गर्नुपर्ने हुन्छ ।

- विपद् र्वितयारी प्रतिकार्य योजना अद्यावधिक गर्दा समयक्रम अनुसार हुने विपद्को पहिचान, त्यसको पूर्व तयारी र त्यसका लागि गर्नुपर्ने योजनाहरु समेत अद्यावधिक हुने हुादा विपद्को व्यवस्थापनमा सहजता ल्याउन ।
- २०७१ को दाङ जिल्लामा आएको बाढी र २०७२ को गोरखाको भूकम्पबाट सिकिएका पाठका आधारमा पूर्वतयारी कार्यलाई प्रभावकारी बनाउन ।
- विपद्को जोखिम कम गर्न, मिलेर काम गर्न, विपद्मा आउने स्रोतलाई बिकेन्द्रित गरी क्षेत्रगत रुपले परिचालन गर्न ।
- प्रभावित समुदायलाई प्रकोपको पूर्व सुचना दिनदेखि सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत मार्गदर्शन प्रदान गर्न ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र यसको अद्यावधिक गर्दा उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुाचको प्रत्याभूति गर्न ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न ।
- क्षेत्रगत रूपमा कामको बााडफााड गरी मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाउनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्व सिर्जना गर्न ।

### १.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिकको क्षेत्र र सीमा

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरिनुका सीमा र यस योजनाका क्षेत्रहरु निम्नअनुसार रहेका छन् ।

- जिल्ला स्तरीय विपद् पूर्वतयारी योजनालाई ३ वर्षको अन्तरालमा पहिलोपटक अद्यावधिक गरिएको छ ।
- यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्दा दैवी प्रकोप ऐन २०३९, स्थानीय स्वायत्त सासन ऐन २०५५, नियमावली २०५६, विपद् जोखिम राष्ट्रिय रणनीति २०६६, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, जिल्ला विपद् व्यवस्थापन योजना निर्देशिका २०६९ तथा राष्ट्रिय विपद् प्रतिकार्य ढााचा २०७०, विपद् पुनर्बास सञ्चालन कार्यविधि २०७१ को परिधिमा रहेर गरिएको छ ।

- यसले विपद्को व्यवस्थापन कसरी गर्ने बिषयलाई मात्र समेट्छ। समग्र विकासका गतिविधिहरुलाई पनि विपद् अनुकूलित गराउनका लागि सहयोगी भूमिका रहन सक्नेछ।
- यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप क्षेत्रगत अवधारणा (Cluster Approach) अन्तर्गत अद्यावधिक गरिएको छ।
- विपद् परेको अवस्थामा अद्यावधिक गरिएको योजनाले विपद्मा आवश्यक पर्ने स्रोत संकलन तथा परिचालनमा विषयगत सहयोगी निकायको पहिचानमा सहयोग मिल्ने देखिन्छ।
- अद्यावधिक गरिएको पूवृतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनले जिल्लास्थित संघसंस्थाहरुले क्षेत्रगत रुपमा जनशक्ति तयार गर्न सक्नेछन्।

**२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको** अपेक्षित नतिजा

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिकबाट विपद् प्रतिकार्यलाई व्यवस्थित गर्नुका साथै सरोकारवाला निकायहरुले निम्न बमोजिमको उपलब्धि हासिल गर्नेछन्।

- विपद्का लागि पूर्वतयारी सम्बन्धि ज्ञान तथा सीपको विकास गर्न ।
- समन्वय बैठक तथा पद्धति स्थापना गर्न ।
- जिल्ला स्थित सर्म्पूण कार्यालय/साझेदार संघसंस्थाहरुको विपद्/प्रकोपको अवस्थामा भूमिको स्पष्टता गर्न।
- जिल्लामा विपद्/प्रकोपको अवस्थामा सहायता गर्न साझा संयन्त्रको विकास गर्न ।
- स्थानीय पूर्वाधारको वस्तुस्थिति विवरण पहिचाहन गर्न ।
- प्रभावित हुनसक्ने समुदायको संख्या र स्थितिको आाकलन गर्न ।
- विपद्मा उपलब्ध हुनसक्ने क्षमता तथा खाडल पहिचान गर्न ।
- विपद्का बेला पूर्व सूचना प्रणालीको विकास गर्न ।
- खाद्य सामग्री र गैरखाद्य सामग्री तयारी गर्न ।
- प्रतिकार्यमा संलग्न सबै साझेदारहरु बीच जिम्मेवारी निर्धारण गर्न, गराउन ।
- हरेक निकायमा सम्पर्क व्यक्तिको पहिचान र सञ्चार सर्म्पकको व्यवस्था गर्न ।
- मानवीय सहायताकर्मीले गर्ने सहयोग के, कसले, कहिले, कहाा, कसरी उपलब्ध गराउने हो सोको स्पष्ट पहिचान र प्रतिबद्धता जनाउन।
- जिल्ला दैवी प्रकोप उद्धार समितिले सबै विषयगत अगुवाहरुलाई विपद्को निश्चित प्रकृतिमा आधारित छुट्टाछुट्टै प्रतिकार्य योजना तर्जुमा गर्न निर्देशन गर्न ।
- जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रको कार्यप्रणाली सूचना संकलन/व्यवस्थापन गर्न ।
- साधन/स्रोतको आाकलन गर्न ।
- विपद्का लागि पूर्वतयारीको योजना निर्माण गर्न ।
- प्रतिकार्यको साझा मापदण्डमा सहमति जिल्ला परिषद्ले यो योजनालाई अनुमोदन गरी जिल्ला विकास योजनाको अभिन्न अङ्गका रुपमा ग्रहण गर्नेछ र कार्यान्वयनका लागि वार्षिक रुपमा आवश्यक बजेट तथा कार्यक्रम तय गर्न ।

## ३. विपद सम्बन्धि कार्य गर्ने संघसंस्थाहरु

यस जिल्लामा सरकारी निकायका साथै विपद्मा सहयोग गर्ने संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA), नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, आइएनएफ, सामुदायिक वन उपभोक्ता महासंघ, बेस, अपाङ्ग मानव अधिकार सरोकार मञ्च, सीसा, मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र, नेपाल पत्रकार महासंघ, खानेपानी उपभोक्ता महासंघलगायतका विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय संघ संस्थाहरुको उपस्थिती रहेको छ । त्यसैगरी स्थानीय तहमा उद्योग वाणिज्य संघ दाङ, तुलसीपुर, देउखुरी, त्रिपुर, राप्ती, सिसहनिया, बिजौरी, गढवा, निर्माण व्यावसायी संघ, औषधि व्यवसायी संघ लगायत पनि कार्यरत छन् ।

### ३.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सुची

| क्र.सं. | संस्था वा कार्यालय | जिम्मेवारी | कार्यालयको टेलिफोन/मोबाई नंबर |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रजिअ/दिपक काफ्ले<br>फोकल पर्सन विजय गौतम<br>सूचना अधिकृत खिलानाथ दाहाल (जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र) | ०८२५६०१३३, ९८५७८०७७७७<br>९८५११२९२०४<br>९८४२८५७९९१<br>cdooffice.dang@gmail.com<br>kdahal1@gmail.com |
| २ | जिल्ला विकास समिति | स्थाविअ/रमेश गौतम<br>सूचना अधिकारी/कृष्ण के.सी. | ०८२५६०१४४, ९८५७८३१९८३<br>९८५७८३०५९६<br>ddcdang82@gmail.com |
| ३ | जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरीक्षक/कुबेर कडायत<br>फोकल पर्सन प्र.नि.विष्णु प्रदिप बस्याल | ०८२५६०१९९, ९५७८०५५५५<br>९८५७०९०११३<br>dpodang@nepalpolice.gov.np |
| ४ | श्री तारादल गण नेपाली सेना | प्रमुख सेनानी बाणिराज खनाल<br>सहसेनानी गजेन्द्र बिक्रम सिह (विपद् व्यबस्थापन फोकल पर्सन) | ०८२५६१०६२, ९८४१२७९७७०<br>९८४१४३६३६८<br>Bani2459@gmail.com |
| | सशस्त्र प्रहरी बल | काप्र/बप्रउ मान बहादुर शाही<br>सिमा सुरक्षा बल लमही, घोराही बेस | ०८२५८०१६२, ९८५१२७२०५१<br>०८२५४०६४८<br>apfjwalalai.bti@gmail.com<br>apfdang.bso@gmail.com |
| ५ | जिल्ला वन कार्यालय | जिवअ/ नवराज काफ्ले सूचना अधिकारी/गोकुल चौधरी हरी गौतम | ०८२५६००१४, ९८५७८३२५१४<br>९८५६०२५१०५ |
| ६ | जिल्ला पशु सेवा कार्यालय | कार्यालय प्रमुख | ०८२५६००२१ |
| ७ | जिल्ला कृषि विकास कार्यालय | काप्र/श्रीधर ज्ञवाली | ०८२५६०१३०, ९८५७८३२८६८ |
| ८ | जिल्ला जन स्वास्थ्य कार्यालय | काप्र/डा भुवन पौडेल, कुन्दन ठाकुर | ०८२५६०००५, ९८५११४९२७३<br>dho.dang@gmail.com |
| ९ | जिल्ला भूसंरक्षण कार्यालय | काप्र/शेषदत्त चौधरी | ०८२५२००६१, ९८४४९४७४१९ |

| | | | |
|---|---|---|---|
| १० | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | काप्र/जगन्नाथ पुर्बे/तिलक न्यौयाने | ०८२५६००२६, ९८५७८२१०९४ Tilak.naupane26@gmail.com |
| ११ | सिंचाइ डिभिजन कार्यालय | कार्यालय प्रमुख | ०८२५२००८८ |
| १२ | राप्ती उपक्षेत्रीय अस्पताल<br>राप्ती अञ्चल अस्पताल<br>प्रा.स्वास्थ्य केन्द्र लमही | काप्र/डा जनार्दन पन्थी | ०८२५६००१९<br>०८२५२००११<br>०८२५४००११ |
| १३ | जिल्ला शिक्षा कार्यालय | काप्र/ प्रल्हाद अर्याल | ०८२५६००१०, ९८५७८३४५०९ |
| १४ | महिला तथा बालबालिका कार्यालय | फोकल पर्सन मोती वि.क. | ०८२५६००२०, ९८४८०१८०७० moteebk@gmail.com |
| १५ | नेपाल रेडक्रस सोसाइटी | सभापति नारायण कुमार आचार्य, भरतमणि ढकाल, सन्तोस ढकाल | ०८२५२००२२, ९८५७८२००७४<br>९७४८५०८२५९,९८४७९०८३५८<br>nrcs.dang@gmail.com |
| १६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | कार्यालय प्रमुख | ०८२५६००४३<br>Kishornk35@gmail.com |
| १७ | मध्यपश्चिम सडक डिभिजन कार्यालय घोराही | काप्र/ ज्ञानेन्द्र कुमार झा | ०८२५६०२०३, ९८५७८३४६२३ |
| १८ | यान्त्रीक कार्यालय घोराही | काप्र/बिजय कुमार शाह | ०८२५६०४७९, ९८४४७०८०४० |
| १९ | शहरी विकास तथा भबना डिभिजन कार्यालय | काप्र/राजेन्द्र पाण्डेय | ०८२५६००२७, ९८५११३३१०१ |
| २० | NCCSP | जिल्ला संयोजक राम थापा | ९८५७८३४१०१<br>rambahadur.thapa@gmail.com |
| २१ | बेस | चुर्ण चौधरी<br>रुपलाल चौधरी | ९८५७८२०२४३ churna@gmail.com<br>९८४७८४९७५५ |
| २२ | FHRD (अपाङ्ग मानब अधिकार जागरण मञ्च) | कृष्णबहादुर चौधरी<br>शिव घर्ती | ०८२५६१०४३, ९८५७८३१३२६<br>९८४७८२५०९५<br>fhrd_dang@yahoo.com |
| २३ | आइएनएफ | अरबिन्द कुसबाह | ०८२५६००१७, ९८४८०५८९४४<br>community.cm@dang.nepal.inf.org |
| २४ | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | तीर्थ सन्तोसी | ०८२५६०२४०, ९८५७८३०३५० |
| २५ | सीसा | साजीदा सिद्धिकी | ९८४७८९५२२० |
| २६ | नेपाल महिला सामुदायिक सेवा केन्द्र | विमला योगी | ९८५७८३२६७१ |
| २७ | ग्रामीण महिला उत्थान केन्द्र | आसमानी चौधरी | ९८५७८३०३८३<br>gmukdang@gmail.com |
| २८ | ओरेक, दाङ | लक्ष्मी अर्याल | ०८२५६१६३६, ५९८५७८२०९३८ |

### ३.२ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ लाई अद्यावधिक गरी २०७२/७३ निर्माण गर्ने क्रममा अध्ययन गरिएका प्रतिवेदन तथा सामग्रीहरु, औंल्याइएका असल अभ्यास, मुख्य सिकाई र सुझावहरु निम्नानुसार उल्लेख गरिएको छ ।

| सि.नं. | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मुख्य सिकाई | कुनै सुझाव भए |
|---|---|---|---|---|
| १. | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना - २०६८ | ● २०६८ मा पहिलो पटक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निमार्ण भएको<br>● विशेष क्षमताका आधारमा क्षेत्रगत अगुवा संस्था छनौट गरिएको<br>● जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संस्थाहरुको सूची तयार भएको | ● प्रकोपको समयमा तोकिएको जिम्मेबारी अनुरुप सबैको सक्रियता नदेखिएको<br>● कार्ययोजना तयार गरेको तर नियमित समीक्षा हुन नसकेको | ● जिल्लामा एउटा विपद् व्यवस्थापन कोषको स्थापना गर्नु पर्ने |
| २. | जिल्ला विकास आवधिक योजना | जिल्लाको समग्र विकास निर्माण सम्बन्धी सम्पूर्ण विवरणहरु समेटिएको योजना प्रकाशित भएको | ● आवधिक योजनामा विपद् व्यवस्थापनलाई स्थान दिनु राम्रो | ● आवधिक योजना कार्यन्वयनमा आउन नसकेको दुखद पक्ष |
| ३. | जिल्ला जनसंख्या पार्श्वचित्र २०६७ लाई अद्यावधिक गरि २०७१ निर्माण | जिल्लाको समग्र जनसांख्यिक सूचकको अवस्था थाहा पाउन सकिने भएको | ● पार्श्व चित्रमा विपद्सँग सम्बन्धित पर्याप्त तत्थ्याङ्क समेटिन नसकेको | ● पार्श्वचित्रमा विपद् संग सम्बन्धित अधिकतम सूचना समावेश गर्नुपर्ने |
| ६ | स्थानीय विपद् व्यवस्थापन योजना २०७१ निर्माण | विपद् व्यवस्थापन योजना बन्नु ज्यादै राम्रो काम | | विपद् व्यवस्थापन योजनाबारे सबै जानकार हुनु आवश्यक |

## ३.३. पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिकबारे नियमहरु :

२०७२ असार ७ गते जिल्ला दैवी प्रकोप उद्धार समितिको आयोजनामा भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिचयात्मक कार्यशालामा जिल्लामा विपद्को अवस्थाको समीक्षा गर्दै २०६८ मा बनेको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्न जिल्ला प्रशासन कार्यालयका दाङका प्रशासकीय अधिकृत विजय गौतम संयोजक र जिविसका सूचना अधिकृत कृष्ण के.सी र युएनएफपीएका एक प्रनितिधि सदस्य रहेको एक समिति गठन गरियो ।

सोही कार्यदलको मिति २०७२ मंसीर २८ मा सम्पन्न बैठकले जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य २०६८ लाई अद्यावधिक गर्न परामर्शदाता नियुक्त गरी काम गर्न शिफारिस गर्ने निर्णय भए बमोजिम एक परामर्शदाताको नियुक्ति गरि योनाजालाई अद्यावधिक गर्ने काम शुरु गरिएको हो ।

जिल्ला विकास समितिले दिएको कार्यादेश अनुसार जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्न क्षेत्रगत क्लष्टरहरुको बैठक गरी तयार गरेको पहिलो खाकामा मिति २०७२ पुस १५ गते जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठकमा प्रस्तुत गरियो । बैठकबाट बांकी रहेका क्षेत्रगत निकाय (Cluster) साग समन्वय गर्न थप परिमार्जन गर्ने निर्णय भयो । बैठकको निर्णय बमोजिम छलफल गर्न बाकी रहेका क्षेत्रगत निकायहरुसाग बसेर अन्तिम मस्यौदा तयार गरी २०७२ माघ २४ गते बसेको जिल्ला दैवी प्रकोप उद्धार समितिमा पेश गरियो । बैठकले अद्यावधिक जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई स्वीकार गरी अन्तिम रुप दिनुका साथै योजनालाई अनुमोदन गर्ने निर्णय गरेको छ ।

## ३.४. विपद् जोखिम विश्लेषण

### ३.४.१ दाङ जिल्लाको प्रकोपको अवस्था

यस जिल्ला भएर बग्ने राप्ती र बबई मुख्य दुई नदी प्रणाली हुन भने यी अन्तर्गतका ४ दर्जन बढी नदिनालाहरु यी दुई नदिमा मिसिने सहायक नदि प्रणालीहरु हुन । राप्ती नदीमा आउने बाढीले हरेक वर्ष कहिले मानविय क्षति त कहिले सयौं हेक्टर जमिन कटान गर्ने क्रम निरन्तर जारी राखेको छ । २०७१ साउनमा बबई नदी र यस प्रणालीमा मिसिन आउने नदिहरुमा आएको बाढीले यस जिल्लामा १५ जनाको मृत्यु भयो । ३ जना अझै बेपत्ता छन् । ५ सय ११ घर पूर्ण रुपमा क्षतिग्रस्त भए । ३ सय ६१ घर आंशिक रुपमा क्षतिग्रस्त भए । यसरी विगतको आाकडा हेर्दा दाङ जिल्लाको बाढीबाट बढी प्रभावित हुने जिल्लाको सूचीमा पर्दछ । राष्ट्रिय रुपमा पनि दाङ जिल्ला बाढीको प्रकोप बढी हुने १७ जिल्लाको सूचीमा सूचीकृत गरिएको छ ।

### ३.४.२ दाङ जिल्लाको विगत ३ वर्षको बाढी र आगलागीको प्रकोपको स्तर मापन गाविस अनुसार

| क्र.स. | गा.बि.स. | जम्मा जनसंख्या | प्रभावित घरधुरी | | | |
|---|---|---|---|---|---|---|
| | | | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२ | जम्मा |
| १. | बाघमारे | ७७८७ | ४ | २ | २ | ८ |
| २. | बेला | ११२४५ | ४ | २ | २ | ८ |
| ३. | बिजौरी | २०६९६ | ३ | ८ | ३० | ४१ |
| ४. | धनौरी | ९४३३ | २ | २ | १३ | १७ |
| ५. | धर्ना | ६८५१ | ५ | ९ | ११ | २५ |
| ६. | डुरुवा | १२९७९ | ७ | ८ | ४४ | ५९ |
| ७. | गढवा | ११४३० | १० | ५ | २ | १७ |
| ८. | गंगापरस्पुर | १०९७२ | ३ | २ | २ | ७ |
| ९. | गोबरडिहा | १५३२२ | ३ | ४ | ३ | १२ |
| १०. | गोल्टाकुरी | ५२९३ | ३ | २ | ७० | ७५ |
| ११. | हाँसीपुर | ८४३९ | २ | ६ | ५ | १३ |
| १२. | हेकुली | ९२०६ | २ | २ | ६ | १० |
| १३. | काभ्रे | ६९१९ | १ | ३ | २ | ६ |
| १४. | कोइलावास | ८६८ | २ | २ | १ | ५ |
| १५. | लालमटिया | २१३८९ | ५ | ३ | ३ | ११ |
| १६. | लक्ष्मीपुर | १३७२५ | ३ | २ | १ | ६ |
| १७. | लोहारपानी | ६०५१ | २ | २ | १ | ५ |
| १८. | मानपुर | १४८६४ | ३ | ५ | ४२ | ५० |
| १९. | पञ्चकुले | ८०६९ | २ | २ | ८० | ८४ |
| २०. | पवननगर | ८६७३ | २ | २ | १० | १४ |
| २१. | फुलवारी | ५४८९ | २ | ७ | ८४ | ९३ |
| २२. | पुरन्धारा | १९४०० | ३ | ३ | ९९ | १०५ |
| २३. | राजपुर | १३७९२ | १ | २ | ३७ | ४० |
| २४. | रामपुर | १२६२८ | ४ | ४ | २ | ११ |
| २५. | सैघा | ६७४८ | २ | १ | ४ | ७ |
| २६. | सतवरिया | १३३७० | २ | १ | ५ | ८ |
| २७. | सौडियार | १२१०१ | २ | १ | १ | ४ |
| २८. | शान्तिनगर | ७९८३ | १ | १ | १३ | १५ |
| २९. | श्रीगाउँ | ६९८५ | १ | १ | ११ | १३ |
| ३०. | सिसहनियाँ | १७६७० | २ | १० | ४ | १६ |
| ३१. | स्युजा | ४५४१ | १ | २ | १० | १३ |
| ३२. | घोराही नगरपालिका | ६२९२८ | ३ | ३ | ३ | ९ |
| ३३. | तुलसीपुर नपा | ८५६०१ | १० | २३ | १३४ | १६७ |
| ३४. | लमही नगरपालिका | ३४२८५ | ४ | ३ | ८ | १५ |
| ३५. | त्रिपुर नपा | ४११८३ | ५ | ८ | २८ | ४१ |
| जम्मा | | ५५२५८३ | ११२ | १४५ | ७७३ | १०३० |

(स्रोत : नेपाल रेडक्रस सोसाइटी दाङ २०७२)

**नोट-** विगत ३ बर्षको यो तत्थ्याङ्क आगलागी र बाढी प्रभावितको हो । यो अवधीमा कुल १ हजार ३० घरघुरीका ५ हजार ७ सय १५ जनाले विपद् प्रभावित भई नेपाल रेडक्रस जिल्ला शाखा दाङबाट गैरखाद्य राहत सामग्री पाएका छन् ।

### ३.४.३ दाङ जिल्लामा आगलागी र बाढीबाट प्रभावित भएको घर संख्या

| क्षतिको क्षेत्र | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२ | जम्मा | औसतमा प्रति वर्ष प्रभावित हुने घरसंख्या |
|---|---|---|---|---|---|
| बाढी | ८ | ८ | ५९३ | ६०९ | २ सय ३ घर |
| आगलागी | १०४ | १३७ | १८० | ४२१ | १ सय ४० घर |
| दुवै प्रकोप जम्मा | ११२ | १४५ | ७७३ | १०३० | ३ सय ४३ घर |

स्रोतः नेपाल रेडक्रस सोसाइटी दाङ- २०७२

gf}– माथिको तालिकाले विगत ३ वर्षको आगलागी र बाढीबाट भएको क्षतिको विवरण देखाएको छ । जिल्लाभरको अवस्था हेर्दा हरेक वर्ष एक सयदेखि २ सय घर आगलागीको चपेटामा परेका छन भने बाढीबाट अघिल्ला दुई वर्षमा सानो संख्यामा प्रभावित देखिए पनि आ.व. ०७१/०७२ मा बबई नदिमा आएको बाढीले झण्डै ८ सय परिबार प्रभावित भएका छन् । यस्ले विपद्को तयारी तथा प्रतिकार्यलाई यसै अनुरुप अगाडि बढाउनुपर्ने देखिन्छ ।

### ३.४.४ दाङ जिल्लामा वितेको ४ वर्षमा भएको सडक दुर्घटनाको अवस्था मापन

| आर्थिक बर्ष | दुर्घटना संख्या | मृत्यु | घाईते | संलग्न सवारी |
|---|---|---|---|---|
| आव २०६८/०६९ | ८१ | ७६ | ३१५ | १६६ |
| आव २०६९/०७० | १६० | ५४ | ३३७ | १८९ |
| आव २०७०/०७१ | १५७ | ७४ | ३१५ | २११ |
| आव २०७१/०७२ | १३० | ५४ | १८१ | १६९ |
| जम्मा | ५२८ | २५८ | ११४८ | ७३५ |
| औषतमा प्रतिबर्ष | १३२ वटा दुर्घटना | ६५ जनाको मृत्यु | २८७ जना घाईते | १८४ सवारी साधन दुर्घटनामा क्षति |

स्रोतः जिल्ला ट्राफिक प्रहरी कार्यालय दाङ, २०७२ साउन

gf}–माथिको तालिकाले विगत ४ वर्षमा भएका सबारी दुर्घटनाको अवस्थालाई झल्काउँछ । दाङमा हरेक वर्ष १३२ वटा दुर्घटनाका घटना भइरहेका छन भने ६५ जनाको मृत्यु भइरहेको छ । यस्तै हरेक वर्ष औषतमा २ सय ८७ जना दुर्घटनाको कारणले घाईते भएका छन । यी दुर्घटनामा संलग्न सवारी साधन संख्या १८४ वटा रहेका छन् ।

### ३.४.४.१ दाङ जिल्लाबाट विदेशममा बैदेशिक रोजगारीमा भएका बेला भएको मानविय क्षति

| आर्थिक वर्ष | विदेशमा भएको मानवीय क्षति | प्राप्त क्षतिपूर्ति रकम | कैफियत |
|---|---|---|---|
| ०७१/०७२ | ११ जना | ७६,६७,०१७/- | हरेक महिना १ दङालीको विदेशमा अकाल मृत्यु |

*स्रोत : जिल्ला प्रशासन कार्यालय, दाङ, लेखा शाखा २०७२*

### ३.४.५ दाङ जिल्लामा हुने विपदको जोखिमता विष्लेशण

दाङ जिल्लामा हुने विपद्हरुको जोखिमता बिश्लेषण गर्ने काम यस अघि २०६८ मा तयार गरिएको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणका क्रममा गरिएको थियो । यसलाई अद्यावधिक गर्ने सन्दर्भमा सम्पूर्ण गाविस सचिवहरुसँग छलफल गरी जिल्लामा हुन सक्ने जोखिमका क्षेत्रहरु पहिचान गर्ने तथा उक्त प्रकोपको जोखिमतालाई बिश्लेषण गरिएको छ। जस अनुसार दाङमा रहेका जोखिमहरु निम्न प्रकार रहेको पाइएको छ।

क. बाढी
ख. आगलागी
ग. पहिरो
घ. सडक दुर्घटना
ङ. भुकम्प
च. सर्प दंश र
छ. चट्याङ

### ३.४.६ विपद क्षेत्र तथा जोखिम विष्लेशण

| क्र.सं. | गाविस | सम्भावित विपद्को प्रकार (१ निम्न-५ उच्च) | | | | | | | विपद् स्तर संकेत (भुकम्प सबै गाविसका लागि भएकाले त्यस बाहेक मात्र) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बाढी | पहिरो | आगलागि | भूकम्प | सडक दुर्घटना | शीतलहर | सर्प दंश | |
| १ | बाघमारे | २ | ३ | २ | ४ | १ | १ | १ | पहिरो र भुकम्प |
| २ | बेला | ४ | २ | ४ | ४ | १ | ३ | ३ | बाढी, आगलागी, सर्पदश,शितलहर |
| ३ | बिजौरी | २ | १ | १ | ४ | ४ | १ | २ | सडक दुर्घटना |
| ४ | धनौरी | ४ | २ | ३ | ४ | १ | २ | २ | बाढी |
| ५ | धर्ना | ४ | २ | १ | ४ | १ | २ | २ | बाढी |
| ६ | डुरुवा | ५ | १ | २ | ४ | १ | २ | २ | बाढी |
| ७ | गढवा | ४ | २ | ४ | ४ | १ | ३ | ४ | बाढी, सर्पदंश |
| ८ | गंगापरस्पुर | ४ | २ | ४ | ४ | १ | ३ | ४ | बाढी, आगलागी |
| ९ | गोबरडिहा | ४ | २ | ४ | ४ | १ | ३ | ४ | बाढी, आगलागी |
| १० | गोल्टाकुरी | ४ | २ | १ | ४ | १ | २ | १ | बाढी |
| ११ | हाँसीपुर | २ | ३ | १ | ४ | १ | १ | १ | पहिरो |
| १२ | हेकुली | ३ | २ | २ | ४ | २ | १ | १ | बाढी मध्यम |
| १३ | काभ्रे | २ | ५ | ३ | ४ | १ | १ | १ | पहिरो |
| १४ | कोइलावास | ३ | २ | ३ | ४ | १ | १ | १ | बाढी |
| १५ | लालमटिया | ५ | २ | ३ | ४ | ५ | ३ | ३ | बाढी, स. दुर्घटना |
| १६ | लक्ष्मीपुर | २ | १ | १ | ४ | १ | १ | १ | – |
| १७ | लोहारपानी | २ | ५ | ३ | ४ | १ | १ | १ | पहिरो |
| १८ | मानपुर | ३ | १ | २ | ४ | २ | १ | २ | बाढी |
| १९ | पञ्चकुले | ५ | २ | २ | ४ | २ | २ | २ | बाढी |
| २० | पवननगर | ३ | ३ | २ | ४ | २ | १ | १ | – |
| २१ | फुलवारी | ४ | २ | ३ | ४ | २ | २ | १ | बाढी |
| २२ | पुरन्धारा | ५ | २ | ३ | ४ | २ | २ | २ | बाढी र आगलागी |
| २३ | राजपुर | ४ | ३ | ४ | ४ | १ | ३ | २ | बाढी र आगलागी |
| २४ | रामपुर | २ | २ | १ | ४ | १ | १ | १ | – |
| २५ | सैघा | २ | ३ | ३ | ४ | १ | १ | १ | पहिरो |
| २६ | सतवरिया | ५ | १ | ३ | ४ | ४ | ३ | ३ | बाढी र आगलागी |
| २७ | सौडियार | ३ | २ | ३ | ४ | २ | २ | ३ | बाढी र आगलागी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८ | शान्तिनगर | ३ | ३ | २ | ४ | २ | १ | १ | बाढी र पहिरो |
| २९ | श्रीगाउँ | ३ | २ | २ | ४ | २ | २ | १ | बाढी |
| ३० | सिसहनिया | ५ | २ | ३ | ४ | ५ | ३ | ३ | बाढी, दुर्घटना, सर्पदंश र आगो |
| ३१ | स्युजा | २ | ३ | ३ | ४ | १ | १ | १ | पहिरो र आगो |
| ३२ | घोराही नपा | ३ | २ | २ | ४ | ५ | १ | १ | बाढी र आगलागी |
| ३३ | तुलसीपुर नपा | ४ | २ | २ | ४ | ५ | १ | १ | बाढी, दुर्घटना, आगलागी |
| ३४ | लमही नपा | ४ | १ | ३ | ४ | ५ | ३ | २ | दुर्घटना वाढी र आगलागी |
| ३५ | त्रिपुर  नपा | ४ | २ | ३ | ४ | ४ | २ | १ | बाढी र दुर्घटना |

*स्रोतः गाविस सचिवहरुसँगको संयुक्त छलफलमा आधारित १८ डिसेम्बर २०१५*

माथिको विपद् जोखिम स्तरीकरणमा ५ अंकलाई उच्च जोखिम, ४ अंकलाई जोखिम र ३ अंकलाई मध्य जोखिम मानिएको छ भने २ र १ अंकलाई कम जोखिममा  राखिएको छ। यसरी विपद्का हिसाबले ५, ४ र ३ अंकमा पर्ने गाविस निम्न अनुसार छन्। भुकम्प सबै नगरपालिका/गाविसका लागि जोखिमको क्षेत्र मानिएकाले यहा छुट्टै राखिएको छैन। तालिकामा देखाउन उच्च जोखिम र जोखिमलाई जोखिम क्षेत्रका रुपमा एक खण्डमा र मध्य जोखिम क्षेत्रका रुपमा राखिएको छ।

## ३.४.६ विपद जोखिम विष्लेशणको सुचक अनुसारको एकीकृत तालिका

| **विपद्को क्षेत्र** | **उच्च जोखिम तथा जोखिम क्षेत्र** | **मध्य जोखिम** |
|---|---|---|
| भुकम्प (Earthquake) | नगरपालिका लगायत सबै क्षेत्र | - |
| बाढी (Flood) | **१८ गाविस :** बेला धर्ना धनौरी, डुरुवा, गढवा, गंगापरस्पुर गोबरडिहा, गोल्टाकुरी, लालमटिया, फूलबारी, पञ्चकुले, पुरन्धारा, त्रिपुर, सिसहनिया, राजपुर सतबरिया, लमही, तुलसीपुर न.पा. | ८ गाविस |
| पहिरो (Landslide) | **२ गाविस** : काभ्रे र लोहारपानी | ७ गाविस |
| आगलागी (Fire) | **५ गाविस :** राजपुर, बेला, गढवा, गंगापरस्पुर र गोबरडिहा | १४ गाविस |
| सडक दुर्घटना (Road accident) | **८ गाविस** : नपा सहित | - |
| सर्पदंश (Snake Bite) | **३ गाविस** : गढवा, गंगापरस्पुर, गोबरडिहा | ४ गाविस |
| शीतलहर (Coldwave) | - | ९गाविस |

*स्रोतः गाविस सचिवहरुसँगको संयुक्त छलफलमा आधारित १८ डिसेम्बर २०१५*

विपदको जोखिम विष्लेशण



## ३.४.८. जिल्लामा हुन सक्ने विपद्को क्षतिको सम्भावित अवस्था (Possible Scennario)

### क). बाढी (Flood)

बाढीको कारणबाट जिल्लाका धेरै गाविस तथा नगरपालिकाहरु प्रभावित भईरहेका छन् ।
जिल्लाभित्र रहेका मुख्य नदि तथा यसको प्रभावलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

<table>
<tr><th>क्र.सं.</th><th>मुख्य नदी</th><th>प्रभावित गाविस</th><th>गाविस संख्या</th><th>कौफियत<br>सम्भावित क्षति</th></tr>
<tr><td>१</td><td>राप्ती नदी</td><td>लालमटिाया, सिसहनिया, गोबरडिहा, गंगापरस्पुर, गढवा, बेला, राजपुर, सतबरिया गाविस र लमही नगरपालिका</td><td>८ गाविस र १ नपा</td><td rowspan="3">प्रभावित घरधुरी ५११ पूर्ण । ३ सय ६१ घर आंशिक क्षति भएको ।<br>जसमध्ये ५ सय बढी घर एक हप्ता देखी १ महिना सम्म विस्थापित ।<br>मानवीय क्षती १८ जना गतबर्ष मात्र ।<br>पशु क्षति १४६५ वटा जसमध्ये ठुला पशु १५७ साना पशु ४१४ वटा ।<br>पंक्षी क्षति ८९६ वटा ।<br>डुबान क्षेत्रफल जमिन १०२७ हेक्टर ।</td></tr>
<tr><td>२</td><td>बबई नदी</td><td>लक्ष्मीपुर, सौडियार, धर्ना, डुरुवा, फूलबारी, गोल्टाकुरी, श्रीगाउँ, धनौरी, पञ्चकुले, पुरान्धारा गाविस, तुलसीपुर र त्रिपुर नगरपालिका</td><td>१० गाविस र २ नपा</td></tr>
<tr><td colspan="3">यस बाहेक राप्ती नदी प्रणालीमा जोडिने रनसिह, बनघुस्री, बौरा, पत्रिङ्गा, महदेबा, सुपैला, पर्नाहा, भालुदोब्रे, मानपुर, गुरुङ, माररी, रसरी, कालिपुरुवा, मंग्रेठा, महतनी, कक्रहवा, करङा, गंगदी, बनकट्टी, भित्री सिक्टा, सुनपथ्री/गोठुवा, गनाहा, बगाहसोती, भालु, फेहरी, कटेसनाला, करम्दी, दोलै, सिङ्गै, कौडिया, अर्नवा अर्जुन, उचानिम्बु, भत्तरकुण्डा, रिहार, च्याउ, अमिलिया र शिव खोलाले देउखुरीका उपत्यकाका गाविसहरु र बालीम, सिस्ने, कटुवा, सेवार, गुर्जे, हापुर, पत्रीफाल्ने -पत्रे), सक्राम, चौवा, ग्वार, काला, पातु, गहते, भमके, बागर, बौलाहा, चिसापानी, च्यान्टी, उपल्लो/तल्लो ट्वाङ, सुसाउने, तुई, कलम, घट्टे, (शिर र पधेरा), मलै खोलाले दाङ र फूलबारी उपत्यकाका गाविसहरुमा उल्लेख्य मात्रामा खेतीयोग्य जमिनको कटान, बालीको नोक्सानी तथा सयौ हेक्टर जमिन कटान गरिरहेको अबस्था छ ।</td><td>१८ गाविस र ४ नगरपालिका</td></tr>
</table>

*स्रोत : जिल्ला दैवी प्रकोप उद्धार समिति दाङ २०७२*

## ३.४.९. २०७१ साउनको अन्तिम साता बबई नदीमा आएको बाढीबाट भएको क्षति

| गाविस | मृत्यू संख्या | प्रभावित घरधुरी | विस्थापित जनसंख्या | पूर्ण क्षति भएका घर |
|---|---|---|---|---|
| डुरुवा | ३ | ५८ | १५५ | ३३ |
| फूलवारी | ० | १३५ | ५८३ | ९१ |
| गोल्टाकुरी | १ | ७३ | ३९४ | ५६ |
| पंचकुले | ३ | ५७ | ३०७ | ३७ |
| उरहरी | २ | १२४ | ६४५ | ५९ |
| धनौरी | ३ | १६ | ७९ | १६ |
| पुरन्धारा | ३ | १४१ | ५५८ | ९५ |
| लालमटिया | १ | ७ | ४२ | ७ |
| शान्तिनगर | २ | १० | ७९ | १० |
| जम्मा | १८ | ८७२ | ४००२ | ५११ |

*स्रोत जिल्ला दैवी प्रकोप उद्धार समिति दाङ २०७२*

**ख). भूकम्प (Earth Quake)**

| प्रभावित गाविस | सम्भावित क्षति विवरण |
| --- | --- |
| घोराही, तुलसीपुर, लमही र त्रिपुर नपा तथा लालमटिया, सिसहनिया सहितको गाविसहरु (२०७२ बैसाख १२ र २९ को भुकम्प ) | • मानवीय क्षति ९ जना (जिल्ला बाहिर) घाईते १३ जना (जिल्ला भित्र)<br>• भौतिक क्षति<br>• घर ३३९९ आंशिक क्षति, १८ वटा पूर्ण र ३९० पूर्ण जोखिम । सरकारी भवन क्षति ५९, विद्यालय क्षति १ सय ४६ वटा । |

*स्रोत : जिल्ला दैवी प्रकोप उद्धार समिति दाङ २०७२*

**ग) आगलागी (Fire)**

| प्रभावित गाविस | सम्भावित क्षति विवरण |
| --- | --- |
| ३१ गाविस र ४ नपालाई आधार मान्दा १९ गाविस/नपाहरु जोखिम तथा मध्यम जोखिममा रहेको | औषतमा १ सय ४० घरमा हरेक बर्ष आगलागीबाट क्षति हुने गरेको ।<br>• जिन्सी, भाँडा, लत्ताकपडा ६० प्रतिशत<br>• नगद १५ प्रतिशत<br>• अन्न ७० प्रतिशत<br>• कागजपत्र ७० प्रतिशत<br>• भौतिक सम्पत्ती घर ८० प्रतिशत<br>• मानवीय क्षती ४ प्रतिशत<br>• चौपाया १० प्रतिशत |

*स्रोत : जिल्ला दैवी प्रकोप उद्धार समिति तथा नेपाल रेडक्रस दाङ २०७२*

**घ) सडक दुर्घटना (Road Accident)**

| प्रभावित गाविस | सम्भावित क्षति विवरण |
| --- | --- |
| ३१ गाविस र ४ नपालाई आधार मान्दा ४ नगरपालिका र राजमार्ग क्षेत्रका लालमटिया सिसहनिया, सतबरिया र बिजौरी गाविस उच्च तथा मध्यम जोखिममा रहेको | औसतमा प्रतिवर्ष मृत्यु ६५ जना<br>औसत प्रतिवर्ष घाइते २ सय ८७ जना<br>गंभीर घाइते घाइतेको एक तिहाई करिब १०० जना अंगभंग<br>पशुचौपायाको क्षति औसत ४ वटा<br>सवारी साधनको क्षति औसत प्रतिवर्ष १८४ वटा |

*स्रोत : जिल्ला ट्राफिक प्रहरी कार्यालय दाङ २०७२*

**ङ) शीतलहर**

| प्रभावित गाविस | सम्भावित क्षति विवरण |
| --- | --- |
| जिल्लाका ३१ गाविस र ४ नपामध्ये देउखुरीमा पर्ने लमही नगरपालिका र ७ गाविसमा शीत लहरको मध्यम जोखिम रहेको । | औसतमा अनुमानित मृत्यु १-२ जना<br>विरामीको संख्या १०० जना भन्दा बढी । |

*स्रोत : गाविस सचिवहरुसँगको छलफल १८ डिसेम्बर २०१५*

च). सर्पदंश **(Snake Bite )**

| प्रभावित गाविस | सम्भावित क्षति विवरण |
|---|---|
| गढवा, गंगापरस्पुर गोबरडिहा उच्च तथा मध्यम जोखिममा रहेको | औसतमा अनुमानित मृत्यु ४-६ जना ।<br>गंभीर बिरामी भएर निको हुने २५-३० जना । |

*स्रोत : गाविस सचिवहरुसँगको छलफल १८ डिसेम्बर २०१५*

विभिन्न प्रकोपको कारणले प्रत्येक वर्षमा हुने व्यापक धन जनको क्षति र विस्थापित लगायत प्रभावितहरुको लागि एउटा सहभागितामुलक विपद् तयारी तथा प्रतिकार्य योजना निमार्ण गरी कार्यान्वयन गर्न सके मात्र प्रभावितहरुले न्याय पाउने सक्ने अवस्था भएको हुँदा विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न जिल्ला स्तरमा विपद् योजनाको आवश्यकता महसुस गरिएको छ । त्यसैले यस दाङ जिल्लामा देखिएका सम्भावित विपद्हरुलाई व्यवस्थापन तथा न्यूनीकरण गर्नका लागि योजनाबद्ध रुपले अगाडी बढनुपर्ने आवश्यकता भएको हुँदा जिल्ला दैवि प्रकोप उद्धार समिति, दाङको आयोजना, जिविस दाङ अन्तर्गत UNFPA को आर्थिक तथा प्रविधिक सहयोग, योजना अद्यावधिक कार्यदल र परामर्शदाता सुदर्शन रिजालको सहजीकरणमा जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८ लाई विभिन्न प्रक्रियागत चरणहरु पूरा गरी अद्यावधिक गरी २०७२/७३ निर्माण गरिएको छ ।

**ज) दाङ जिल्लामा जोखिममा रहेको जनसंख्या (विपद्मा ख्याल गरिनुपर्ने वर्ग)**

| क.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | एक वर्ष मुनिको जनसंख्या | १२९२७ | |
| २ | ५ वर्ष मुनिको जनसंख्या | ५९९०१ | |
| ३ | एकल महिला | ११४५८ | |
| ४ | जेष्ठ नागरिक ६० माथिको | ४६२९८ | |
| ५ | गर्भवती महिला | १५३०५ | |
| ६ | अपाङ्गता भएका व्यक्तिहरु | १२८८१ | २.३३ प्रतिशत |
| ७ | १० - १९ उमेरका किशोरीहरु | ७२२०८ | |
| ८ | प्रजनन उमेरका महिला | १३०५४० | |
| ९ | महिला घरमुली | ३२९४५ जना | २८.३१ प्रतिशत |
| १० | जम्मा जनसंख्या | ५८७९२४ | |

*स्रोत : HMIS, २०७१/२०७२*

## ३.५ जिल्लाको निकायगत स्रोत साधनको आाकलन

जिल्लामा विपद् पर्दा प्रयोगमा आउनसक्ने स्रोतलाई निकायगत हिसाबले आकलनको प्रयास गरिएको छ । जसलाई तलको तालिकामा दिइएको छ ।

| क्र. सं. | कार्यालय /संस्था | सामग्रीको विवरण (खाद्य, गैर खाद्य) | रकम वा परिमाण | भण्डारण गरिएको स्थान | प्राप्त गर्न लाग्ने समय |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | नगद | १० लाख<br>चालु बर्ष | ने.बै.लि. | तत्काल, नेपाल सरकारको स्वीकृत मापदण्ड अनुरुप |
| २ | जिल्ला विकास समिति | नगद<br>सामान | ३ लाख<br>४ सय थान तारजाली | बैक | तत्काल, जि.वि.स.को स्वीकृत मापदण्ड अनुरुप |
| ३ | जिल्ला कृषि विकास कार्यालय | बिउ बिजन तथा बिषादी | | | तत्काल, जि.कृ.वि.का. को स्वीकृत मापदण्ड अनुरुप |
| ४ | जिल्ला वन कार्यालय | Fire equipments | ६० सेट<br>विस्तृत तालिकामा | जिल्ला/ई.ब.का.मा | तत्काल आवश्यकता अनुसार |
| ५ | जिल्ला वन कार्यालय | काठ क्युफिट<br>चट्टा | २९१८५<br>३५.६५ | ईलाकाहरुमा | तत्काल आबश्यकता अनुसार |
| ६ | जिल्ला जनस्वास्थ्य कार्यालय | दक्ष जनशक्ति<br><br>औषधी | १५ देखि २० जना सम्म<br>२ लाख चालुबर्ष | जिश्वाका, स्युजा, श्रीगाउँ, मानपुर र लमही | तत्काल आवश्यकता अनुसार |
| ७ | नेपाली सेना | दक्ष जनशक्ति | ३९ जना | घोराही तुलसीपुर लमही | तत्काल |
| ८ | सशस्त्र प्रहरी | दक्ष जनशक्ति | ४५ बढी | | |
| ९ | नेपाल प्रहरी | दक्ष जनशक्त | १३४ जना | जिल्लाभर | तत्काल, सामान्य घरेलु औजार |
| १० | नेपाल रेडक्रस सोसाइटी | गैर खाद्य सामग्री<br>एम्बुलेन्स<br>जुरेस ईकाई<br>प्राथमिक उपचारवक्स<br>खोज तथा उद्धार सामग्री | ५० सेट<br><br>१ वटा<br>५४ वटा<br>१० सेट | ने.रे.स. दाङ | २० मिनेट<br>तत्काल |
| ११ | जिल्ला शिक्षा कार्यालय | शैक्षिक सूचना संकलन जनशक्ति | | जिशिका तथा श्रोतकेन्द्र | तत्काल |
| १२ | महिला तथा बालबालिका कार्यालय | मनोविमर्श कर्ता<br>डिग्नीटी किट<br>कम्मल | २ जना<br>४०० सेट<br>१०० थान | महिला बालबालिका कार्यालय/UNFPA | आवश्यकता अनुसार |
| १३ | राजनैतिक दल | | स्वयंसेबक | | आबश्यकता अनुसार कार्यकर्ता परिचालन |
| १४ | यान्त्रीक कार्यालय | डोजर<br>लोडर<br>पानी ट्याडकर | १<br>१<br>१ | यान्त्रिक कार्यालय | मध्यपश्चिम तथा क्षेत्रीय डिभिजन कार्यालयको स्वीकृतिमा |
| १५ | भुमिगत जल परियोजना | चेनपुल्ली | १ | भुजबी लमही | तत्काल आबश्यकता अनुसार |
| १६ | राप्ती उपक्षेत्रीय अस्पताल लगायतका संस्थाहरुसंग | एम्बुलेन्स | ४८ वटा | राप्ती उपक्षेत्रीय अस्पताल लगायत जिल्लाभर | तत्काल आवश्यकता अनुसार<br>बिभिन्न संघसंस्थासंग |
| १७ | यातायात व्यबसायी समितिहरु | यातायात तथा ढुवानीका साधन | आवश्यक पर्ने जति | दाङका सबै जसो स्थानमा | भाडामा तत्काल आबश्यकता अनुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | बेस | केही नगद | स्वयंसेवक तथा केही | बैक, समुदाय | आबश्यकता अनुसार |
| १९ | एफएचआरडी | आपतकालीन औजार | स्वयसेबक | समुदायमा | आबश्यकता अनुसार |
| २० | मानव कल्याण | केही नगद | स्वयसेबक | बैक, समुदाय | आबश्यकता अनुसार |
| २१ | सिसा | केही नगद | ५० हजार बरावरको | नगद | आबश्यकता अनुसार |
| २२ | नेपाल महिला सामुदायिक सेबा केन्द्र | केही नगद<br>आकस्मिक कोष<br>शैक्षिक सामग्री | | बैक, समुदाय | |
| २३ | ओरेक | आकस्मिक कोष | स्वयंसेबक | बैक, समुदाय | आबश्यकता अनुसार |
| २४ | ग्रामीण महिला उत्थान केन्द्र | आकस्मिक कोष<br>शैक्षिक सामग्री | स्वयंसेबक | बैक, समुदाय | आबश्यकता अनुसार |

*स्रोत : निकायगत कार्यालय, दाङ २०७२*

### ३.५.१ जिल्लामा उपलब्ध स्रोत साधनको आाकलन (Available Resource / Mapping)

| क्र.सं. | विवरण | उपलब्ध साधन | उपलब्ध हुने निकाय |
|---|---|---|---|
| १ | दमकल | ३ वटा | घोराही र तुलसीपुर नपा तथा लमही नगर बिकास समिति |
| २ | डोजर | ८३ वटा | १ वटा यान्त्रिक कार्यालय, ८२ निजी भाडामा लिन सकिने<br>नेपाल ह्याबी इक्युप्मेन्ट व्यबासायी संघ दाङ |
| ३ | लोडर | २ | यान्त्रिक कार्यालय |
| ४ | स्काभेटर २२० | १३ वटा | निजी भाडामा लिन सकिने<br>(नेपाल ह्याबी इक्युप्मेन्ट व्यवासायी संघ दाङ) |
| ५ | बुल्डोजर | नभएको | मध्यपश्चिम क्षेत्रीय सडक निर्देशनालय नेपालगञ्जबाट मगाउनुपर्ने अवस्था |
| ६ | क्रेन | नभएको | मध्यपश्चिम क्षेत्रीय सडक निर्देशनालय नेपालगञ्जबाट मगाउनुपर्ने अवस्था |
| ७ | शब बाहन | नभएको | रुपन्देही नेपालगञ्ज र चितवन काठमाडौंबाट मगाउनुपर्ने |
| ८ | डाक्टर | ३७ .जना | राप्ती उपक्षेत्रीय, राप्ती अञ्चल, प्रास्वाके, आयुर्बेद र आँखा अस्पतालमा अन्य निजीमा समेत अझ धेरै ।<br>प्रति डाक्टर बराबर १६ हजार जनसंख्या |
| ९ | इन्जिनियर | ४० बढी जना | मप सडक डिभिजन, प्राविधिक कार्यालय, भबन तथा खानेपानी डिभिजन, सिंचाई डिभिजन, मध्यपहाडी लोकमार्ग, बड्कापथ जलउत्पन्न जनताको तटबन्ध लगायतमा |
| १० | कृषि प्राविधिक | २३ जना | जिल्ला कृषि विकास कार्यालय<br>कृषि प्राविधिक सेवाग्राही अनुपात १ बराबर ३१०३ घरधुरी |
| ११ | डुङ्गा | १२ वटा | सिसहिनिया, गोबरडिहा, गंगापरस्पुर, बेला, राजपुर, सतबरिया |
| १२ | यातायात साधन बस, ट्रक, गाडी | प्रशस्त | भाडामा लिएर चलाउन सकिने |
| १३ | पानी ट्याङ्कर | १५ | १ यान्त्रिक कार्यालय अन्य निजी भाडामा लिन सकिने |
| १४ | इन्धन पम्पहरु | ३९ वटा | २० हजारदेखि १ लाख लिटरसम्मका निजी पेट्रोल तथा डिजेल पम्पहरु |
| १५ | खाद्यान्न | ३१ सय क्वीन्टल | नेपाल खाद्य संस्थान (डोल्पा रुकुम र रोल्पाका लागि स्टक दाङको तुलसीपुरमा) |

*स्रोत : जिल्ला निकायगत कार्यालय, दाङ २०७२ पुस*

## ३.५.२ निकाय पहिचान

**ख) विपद्मा निकायगत पहिचान (कसले के गर्ने )**

| निकाय | बिषयगत क्षेत्र | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| जिल्ला प्रसासन कार्यालय | समन्वय तथा परिचालन | दिपक काफ्ले<br>बिजय गौतम | ०८२-५६०१३३ |
| श्री तारादल गण | जुनसुकै विपद् व्यवस्थापनको लागि पूर्व तयारीमा रहने । | बाणिराज खनाल | ०८२-५६१०६२ |
| नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, | जुनसुकै विपद् व्यवस्थापनको लागि पूर्व तयारीमा रहने । | कुवेर कडायत | ०८२-५६०१९९ |
| जिविस, | समन्वय तथा श्रोत व्यवस्थापन | रमेश गौतम<br>कृष्ण केसी | ०८२-५६००३८ |
| जिल्ला शिक्षा कार्यालय | आपतकालिन शिक्षा | जिशिअ प्रल्हाद अर्याल | ०८२-५६००१० |
| कृषि विकास कार्यालय | खाद्य तथा कृषि | श्रीधर ज्ञवाली<br>भरत पोखेल | ०८२-५६०१३० |
| खानेपानी तथा सरसफाई डिभिजन कार्यलय | खानेपानी, स्वच्छता तथा सरसफाई | तिलक न्यौपाने | ०८२-५६००२६ |
| महिला तथा बालबालिका कार्यालय | आपतकालिन संरक्षण | बिना श्रेष्ठ | ०८२-५६००२० |
| नेपाल रेडक्रस सोसाईटी, | स्वयंसेबक तथा गैर खाद्य सामग्री व्यवस्थापन | नाराण आचार्य<br>सन्तोस ढकाल | ०८२-५२००२२ |
| पत्रकार महासंघ | सुचना संप्रेसण | सुदिप गौतम | ०८२-५६१०९७ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | महामारी नियन्त्रण<br>औषधि व्यवस्थापन | डा भुबन पौडेल<br>कुन्दन ठाकुर | ०८२-५६०००५ |
| जिल्ला वन कार्यालय | आपतकालीन आश्रय स्थान तथा काठ उपलब्ध | नबराज काफ्ले हरि गौतम | ०८२-५६००१४ |
| शहरी विकास तथा भबन डिभिजन | आपतकालीन आश्रयमा प्राविधिक सहयोग | ई राजेन्द्र पाण्डेय | ०८२-५६००२७ |
| उद्योग बाणिज्य संघहरु | खाद्यान्न संकलन तथा वितरणमा सहजीकरण | हेमराज बञ्जाडे<br>बिमल रिजाल<br>शोभाकर घिमिरे | ०८२-५६००१२<br>०८२-५२०८३९<br>०८२-५४०१०१ |
| जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र | सूचना समन्वय तथा सम्पर्क | खिला दाहाल<br>सूचना अधिकृत | ९८४२८५७९९१ |
| UNFPA | संरक्षण, प्रजनन् स्वास्थ्य | रामबहादुर थापा क्षेत्रीय विकास संयोजक | ९८०२५२२१०१ |

*स्रोत : जिल्ला निकायगत पहिचान, दाङ २०७२*

**३.५.३ बन्दोबस्तीका सामानको आाकलन (भण्डारण) । जिल्ला दैवी प्रकोप उद्दारका लागि दाङ जिल्लामा उपलब्ध श्रोत तथा सामागी्र (२०७२ पुसको मौज्दात परिणाम)**

| क.सं. | आवश्यकता सामग्री | नेपाली सेना | सशस्त्र प्रहरी | नेपाल प्रहरी | जिल्ला प्रसासन | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्लाष्टिक डोरी (मीटर) | १००० | १५० मि. | ७ थान | - | ७ थान ११५० मी |
| २ | क्लाइम्विङ डोरी (मीटर) | २०० | - | - | - | २०० मि. |
| ३ | क्याराबिना | ५ | - | - | - | २०० मि. |
| ४ | गल  (संख्या) | १० | ३ | ७ थान | - | १७ थान |
| ५ | जस्ताको बाल्टिन (संख्या) | ३ | १५ | ९ थान | ३ | ३० थान |
| ६ | सावेल (संख्या) | १५ | १५ | १९ थान | | ३९ थान |
| ७ | हेल्मेट (संख्या) | ५०० | ५०० | ९ थान | २ | १०११ थान |
| ८ | स्ट्रेचर (संख्या) | ७ | ४ | ८ थान | ८ | २७ थान |
| ९ | फायर एक्सटीनगुईसर | १० | - | - | - | १० |
| १० | पिग (संख्या) | १०६ | १५ | १५ थान | - | १३६ थान |
| ११ | लाइफ ज्याकेट (संख्या) | २० | ४५ | ५८ थान | १० | १३३ थान |
| १२ | मोटर बोट (संख्या) | १ | - | - | - | १ वटा |
| १३ | बोट (संख्या) | १ | - | - | - | १ वटा |
| १४ | एम्बुलेन्स (संख्या) | - | १ | - | - | १ वटा |
| १५ | ट्युव (संख्या) | ३ | ७ | ८ थान | - | १८ वटा |
| १६ | स्काभेटर (संख्या) | - | - | - | - | नभएको |
| १७ | अक्सिजन सिलिन्डर (संख्या) | - | - | - | - | नभएको |
| १८ | दमकल (संख्या) | - | - | - | - | नभएको |
| १९ | मेगा टर्च लाइट (संख्या) | १० | २ | - | - | १२ थान |
| २० | दक्ष जनशक्ति (जना ) | ३९ | ४६ | १३४ जना | - | २०९ जना |
| २१ | डोरी (मीटर) | १०० मि. | १५० | २७० मी. | - | ५२० मि. |
| २२ | जुटको डोरी | ५०० मि. | - | - | - | ५०० मि. |
| २३ | टुचिन (संख्या) | १ | - | - | - | १ वटा |
| २४ | चैनपुल्ली (संख्या) | - | - | - | - | नभएको |
| २५ | गमवुट (संख्या) | ५० | - | ९ थान | - | ५९ वटा |
| २६ | बञ्चरो (संख्या) | १३ | ५ | ८ थान | - | २६ वटा |
| २७ | आरा (संख्या) | २ | २ | ५ थान | - | ९ वटा |
| २८ | टिप्पर (संख्या) | - | - | - | - | नभएको |
| २९ | डोजर (संख्या) | - | - | - | - | नभएको |
| ३० | ट्युव बोट (संख्या) | - | - | - | - | नभएको |
| ३१ | पिकअप भ्यान (संख्या) | २ | - | - | - | १ वटा |
| ३२ | ईन्धन (लिटर) | १००० | ५०० लि. | - | - | १५००  लि. |
| ३३ | बेल्चा थान | - | - | - | ३ | ३ थान |
| ३४ | गैटी थान | - | - | - | ३ | ३ थान |
| ३४ | त्रिपाल | - | - | - | १ | १ थान |
| ३५ | कम्मल | - | - | - | ४ | ४ थान |
| ३६ | ब्याग थान | - | - | - | ३ | ३ थान |
| ३७ | मेट्रेस सानो | - | - | - | ६ | ६ थान |

*स्रोत : जिल्ला प्रशासन, नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीका २०७२ पुससम्मका मौज्दात*

## ३.६ आवश्यकताको लेखाजोखा तथा खाडलको पहिचान

आवश्यकताको लेखाजोखा र खाडल पहिचानका सन्दर्भमा पनि क्षेत्रगत रुपमा नै जिल्लामा भएका स्रोतहरुको अवस्था आकलन गर्ने, त्यसमा थप आवश्यक के हो भन्ने पत्ता लगाउने र बिगतका विपद् सम्बोधनका सन्दर्भमा देखिएका खाडलहरु समस्याहरु पहिचान गरी त्यसलाई आगामी विपद्को अवस्थामा सम्बोधन गर्न सकिने गरी तयारी अवस्थामा रहने गरी प्रतिकार्य योजना बनाउने काम भएको छ। .

### ३.६.१ गा.वि.स.हरुमा स्रोत साधन मापनको अवस्था

| क.स. | गा.बि.स. | विपद् पूर्व तयारी योजना | खुला क्षेत्र/सुरक्षित स्थान पहिचान | विपद्का न्यूनतम औजार भण्डारण | विपद् व्यवस्थापन समिति | दैवी प्रकोप कोष |
|---|---|---|---|---|---|---|
| १. | बाघमारे | छैन | छैन | छैन | छ | छ |
| २. | बेला | छैन | छैन | छ | छ | छ |
| ३. | बिजौरी | छैन | छैन | छैन | छैन | छैन |
| ४. | धनौरी | छैन | छैन | छैन | छ | छैन |
| ५. | धर्ना | छ | छ | छैन | छ | छ |
| ६. | डुरुवा | छैन | छैन | छैन | छैन | छैन |
| ७. | गढवा | छैन | छैन | छैन | छ | छैन |
| ८. | गंगापरस्पुर | छ | छ | छ | छ | छ |
| ९. | गोवरडिहा | छ | छ | छ | छ | छ |
| १० | गोल्टाकुरी | छैन | छैन | छ | छ | छ |
| ११. | हाँसीपुर | छैन | छैन | छ | छैन | छैन |
| १२. | हेकुली | छैन | छैन | छैन | छैन | छैन |
| १३. | काभ्रे | छैन | छैन | छैन | छैन | छैन |
| १४ | कोइलावास | छैन | छैन | छ | छैन | छैन |
| १५. | लालमटिया | छ | छ | छ | छ | छ |
| १६. | लक्ष्मीपुर | छैन | छैन | छैन | छैन | छैन |
| १७. | लोहारपानी | छैन | छैन | छैन | छैन | छैन |
| १८ | मानपुर | छैन | छैन | छैन | छ | छ |
| १९. | पञ्चकुले | छ | छ | छैन | छैन | छ |
| २० | पवननगर | छैन | छैन | छैन | छैन | छैन |
| २१. | फुलवारी | छैन | छैन | छ | छ | छैन |
| २२. | पुरन्धारा | छैन | छैन | छैन | छ | छैन |
| २३. | राजपुर | छ | छैन | छ | छ | छ |
| २४ | रामपुर | छैन | छैन | छैन | छ | छैन |
| २५ | सैघा | छैन | छैन | छैन | छैन | छैन |
| २६. | सतवरिया | छ | छ | छ | छ | छैन |
| २७ | सौडियार | छैन | छैन | छैन | छैन | छैन |
| २८. | शान्तिनगर | छैन | छैन | छैन | छैन | छैन |
| २९. | श्रीगाउँ | छैन | छैन | छैन | छैन | छैन |
| ३०. | सिसहनियाँ | छ | छ | छैन | छ | छैन |
| ३१. | स्युजा | छैन | छैन | छैन | छैन | छैन |
| ३२. | घोराही नपा | छ | छैन | छैन | छ | छ |
| ३३. | तुलसीपुर नपा | छ | छैन | छैन | छ | छैन |
| ३४. | लमही नपा | छैन | छ | छ | छ | छैन |
| ३५. | त्रिपुर नपा | छैन | छैन | छैन | छ | छ |
| जम्मा | | १० मा बनेको | ८ मा गरिएको | १२ मा गरिएको | १६ मा बनेको | १० मा राखिएको |

gf]6M माथिको तालिकाबाट केही गाविसमा विपद् पूर्व तयारीका अभ्यासहरु सुरु भएको छ। १० गाविसले विपद् पूर्व तयारी योजना बनाएका छन् तर अद्यावधिक भएको छैन्। यस्तै सबै जसो गाविसमा खुला क्षेत्रहरु भएपनि ८ गाविसले मात्र विपद्बाट जोखिन सक्ने सुरक्षित क्षेत्र पहिचान गरेका छन्। अन्य धेरै गाविसमा सुरक्षित क्षेत्रहरु हादाहादै पनि पहिचान नगरिदा खुला/सुरक्षित स्थान पहिचान नभएको देखिएको छ। यस्तै १२ गाविसले विपद्मा प्रयोग गर्न सकिने औजार तथा उद्धारका केही सामान्य औजारहरु स्टेचर अग्नी नियन्त्रण सामग्री लगायतका आधारभूत सामग्री भण्डारण गरेको पाईयो। यस्तै १६ गाविसले विपद् व्यबस्थापन समिति गठन सम्म गरेको पाईयो भने विपद्मा प्रयोग गर्न सकिने गरी १० गाविस तथा केही समुदायस्तरमा आकस्मिक कोषहरु स्थापना गरेको पाईयो। केही गाविसले विपद् सचेतना कार्यक्रम गर्न थालेका छन्। अपाङ्ग मानव अधिकार सरोकार मञ्चको सहयोगमा गोबरडिहामा आपतकालिन गृह निर्माण भएको छ।

## ४. विपद्को प्रकृतिमा आधारित विषयगत प्रतिकार्य आयोजना २६

### ४.१ विषय क्षेत्रको परिचय

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारीताका लागि राष्ट्रिय र जिल्लास्तरमा विषयगत क्षेत्र (Cluster) हरूलाई आधार मानेर कार्य विभाजन गरिएको छ । यस अवधारणाको कार्यान्वियन गर्न जिल्लास्तरका लागि वर्तमान समयमा चुनौती देखिए पनि काय विभाजनको स्वरुपलाई स्वीकार गर्दा प्रभावकारिता र जिम्मेवारी बोध हुने भएकोले क्षेत्रगत अवधारणालाई स्वीकार गरी क्षेत्र विभाजन समेत गरिसकिएको छ । अन्तर्राष्ट्रियस्तरबाट मान्यता प्राप्त क्षेत्रगत अवधारणाका विशेषता निम्नअनुसार रहेका छन् :

- ठूलो विपद्को अवस्थामा सक्रिय रहने भए पनि क्षेत्रगत अवधारणाले समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- प्रतिकार्य प्रक्रियामा विशेषज्ञताको उपयोग गर्ने भूमिका निर्वाह गर्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवार र उत्तरदायी बनाउने कार्यलाई निश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमीकमजोरीको निराकरण गरी कार्ययोजनाको समिक्षा गर्दै आवश्यकतानुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

### ४.१.२ उद्देश्य

क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्य निम्नअनुसार रहेका छन् ।

- क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु ।
- आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु ।
- क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु ।
- समन्वय र समभ्रदारी अभिवृद्धि गर्नु ।
- क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

### ४.२ जिल्लास्तरमा सक्रिय रहने क्षेत्रगत नेतृत्व (Cluster Lead)

विपद्को समयमा मानवीय सहयोगलाई प्रभावकारी बनाएर प्रकोप प्रभावितहरुको सुरक्षाका लागि जिल्ला दैवी प्रकोप उद्धार समितिसाग सहकार्य गरी जिल्लास्तरमा निम्नअनुसार क्षेत्र निर्धारण गरी काम गर्ने गरी २०६८ मा क्षेत्र बिभाजन गरिएको हो जसलाई अहिले २०७२ पुसमा अद्यावधिक गरी परिमार्जन गर्ने काम गरिएको छ । बिषय क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची यस प्रकार रहेको छ ।

**क्षेत्रगत नेतृत्व गर्ने निकायहरु :**

| बिषयगत क्षेत्र | जिल्ला तहमा क्षेत्रगत रूपमा नेतृत्व गर्ने निकाय | सम्पर्क व्यक्ति | फोन/मोबाईल/मेल |
|---|---|---|---|
| १. खोज, तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | प्र.जि.अ. | ०८२५६०१३३<br>cdooffice.dang@Gmail.com<br>kdahal1@gmail.com |
| २. खाद्य तथा कृषि | जिल्ला कृषि बिकास कार्यालय | प्रमुख कृ.बि.अ. | ०८२५६०१३०<br>dadodang@gmail.com |
| ३.आपत्कालीन आवास तथा गैर खाद्य | भवन डिभिजन तथा रेडक्रस | प्रमुख डिई सभापति | ०८२५६००२७<br>०८२५२००२२<br>dudbcdang@gmail.com<br>nrcsdang@gmail.com |

| | | | |
|---|---|---|---|
| ४. स्वास्थ्य र पोषण | जिल्ला जनस्वास्थ्य कार्यालय दाङ | कार्यालय प्रमुख | ०८२५६०००५ dhodang@gmail.com |
| ५. शिक्षा | जिल्ला शिक्षा कार्यालय दाङ | जि.शि.अ., | ०८२५६००१० deoghorahi@gmail.com |
| ६. संरक्षण | महिला तथा बालबालीका कार्यालय | म.वि.अ. | ०८२५६००२० Shresthab45@yahoo.com |
| ७. खानेपानी, तथा सरसफाइ | खानेपानी तथा सरसफाई डिभिजन | डि. ई. | ०८२५६००२६ tilak.naupane26@gmail.com |
| ८. राहात/ पुनःनिर्माण/ पुनःर्स्थापना | जिल्ला विकास समिति, दाङ | स्था.वि.अ. | ०८२५६०१४४ ddcdang82@gmail.com |

### ४.२.१ क्षेत्र (Cluster) : खोजी तथा उद्धार । (Search and Rescue)

**नेतृत्व प्रदान गर्ने निकायः जिल्ला प्रशासन कार्यालय**

**४.२.१. विपद सम्बन्धि परिस्थिति : सम्भावित मानविय तथा भौतिक असर**

- सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) नष्ट
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायीरूपमा क्षति, बाल-वालिका, महिला, बृद्ध-बृद्धा तथा फरक किसिमले सक्षम (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन
- विद्यालयमा कक्षा कोठा, प्रहरीचौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि चाप
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्यसम्बन्धी प्रचलनहरूमा देखिएका चुनौती
- आवास सम्बन्धी सहयोग आवश्यक हुने गरी विस्थापित परिवारको सङ्ख्या

**समष्टिगत उद्देश्य :**

- तयारी अवस्थाको अनुगमन गर्नका लागि अनुगमन सम्बन्धी बैठक -खोजी तथा उद्धारसम्बन्धी टोलीको गठन, खाद्य सामग्री तथा गैर खाद्य सामग्रीको पहिले नै भण्डारण अन्य क्षेत्रहरूको तयारी – हरेक १५ दिनमा
- चार क (कसले, के, कहाँ, कहिले) ढाँचाको विकास र जिल्ला प्रकोप उद्धार समितिमा सूचनाको व्यवस्थापनका लागि कार्यक्रमको निर्धारण गर्ने ।

**मानविय सहयोगका मापडण्ड (स्फेयर मापदण्ड०**

- विपद्को लगत्तै उपकरणसहित खोजी तथा उद्धार टोली खटाउने
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने
- सबै सुविधाबाट एकदमै वञ्चित समुह/जोखिममा रहेका व्यक्तिहरू लगायत सबैलाई न्यायोचित रूपमा गरिएको उद्धार सामग्रीको वितरण तथा सहयोगसम्बन्धी गतिविधिको अनुगमन
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन पेस गर्ने र त्यसपछि हरेक दुई हप्तापछि प्रतिवेदन पेश गर्ने ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने (फाराम सहितको) संयन्त्र
- २४ घण्टामित्र सञ्चार माध्यमका लागि समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन सूचना संप्रेषण गर्ने
- नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने ।

४.२.१.२ नेतृत्व प्रदान गर्ने निकायः जिल्ला प्रशासन कार्यालय

**क्षेत्रगत संस्थाहरु (Cluster Members) को सुचि, क्षमता तथा श्रोतको नक्सांकन**

| क्र.स. | अगुवा र सहयोगी सस्थाहरु | उपलब्ध साधन/स्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक स्रोत | सामग्री स्रोत | मानवीय स्रोत दक्ष जनशक्ति | | |
| १. | जिल्ला प्रशासन | १० लाख | राहत सामग्री | ४ जना | प्रजिअ दिपक काफ्ले<br>प्र.अ.बिजय गौतम<br>फोकल पर्सन | ९८५७८०७७७७<br>०८२५६०१३३ |
| २. | नेपाल प्रहरी | छैन | उद्धार उपकारण र संचार साधन | १३४ जना प्रहरी चौकी | कुबेर कडायत<br>प्र.उ. | ९८५७८०५५५५<br>०८२५६०१९९ |
| ३. | नेपाली सेना | छैन | उद्धार उपकारण | ५० बढी | प्रमुख सेनानी बाणिराज खनाल | ०८२५६१०६२ |
| ४. | सशस्त्र प्रहरी | छैन | उद्धार उपकारण | ४५ जना | ब.प्र.उ मान बहादुर शाही | ०८२५८०१६२<br>०८२५८००४७ |
| ५. | राष्ट्रिय अनुसन्धान | छैन | सूचना सबन्वय | सूचना संकलन | उप अनुसन्धान निर्देशक | ०८२५६००४३ |
| ६. | नेपाल रेडक्रस | छैन | एम्बुलेन्स | तालिम<br>प्राप्त स्वं.से.५ | नारायण आचार्य<br>सभापति | ९८५७८२००७४ |
| ७. | मध्यपश्चिम सडक डिभिजन | छैन | डोजर<br>लोडर | केही इन्जिनियर | जिल्ला इन्जिनियर<br>ज्ञानेन्द्र कुमार झा | ०८२५६०२०३ |
| ८. | भूमिगत जल परियोजना | छैन | चेनपुल्ली | २-३ जना | का.प्र. | ०८२५४०४७२ |
| ९. | घोराही/तुनपा र लमही नबिस | छैन | दमकल ३ | अग्नि नियन्त्रक | कार्यालय प्रमुखहरु | |
| १०. | यातायात समितिहरु | छैन | यातायातका साधनहरु | ढुवानी | समितिका प्रमुखहरु | ०८२५६०२६९ |
| ११. | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र | | सञ्चार उपकरण | ४ जना | खिला दाहाल<br>सूचना अधिकृत | ०८२५६३५४० |

| पूर्व-तयारीसम्बन्धी गतिविधि के | जिम्मेवार निकाय को | कहिले समय अवधि |
|---|---|---|
| **व्यवस्थापन तथा समन्वय सम्बन्धि व्यवस्था :**<br>जिल्लाका क्षेत्रगत साझेदारहरूका बीचमा सम्भावित विपद्बाट बच्नका लागि गर्न सकिने सम्झौतामा मञ्जुरी गर्ने ।<br>क. समन्वय बैठक (आपत्कालीन परिस्थितिभन्दा पहिले) आपतकाल अवधिमा जिल्ला प्रशासनले आपतकाल पछि<br>ख. पूर्वतयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगानासहित विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारी परिभाषित गर्ने | DDRC को समन्वयमा क्लष्टर लिड तथा सदस्यले<br><br>क. जि.वि.स.,<br>जिल्ला पशासन,<br>डिडिआरसीले<br>ख. डिडिआरसीले | आगलागी भए फाल्गुनमा, बाढी भए जेठ र भूकम्प भए जहिले पनि<br>क. विपद् अघि<br>विपद्को बेला<br>विपद् पछि<br>ख.माघ महिनामा जिम्मेवारी बाँडफाँडको काम भइरहेको |
| **सिकिएका पाठ : (Lessons learned)**<br>- विपद्मा सहयोग गर्न सक्ने सहयोगी निकायको पहिचान विपद् अघि नै गर्नुपर्ने काममा दोहोरोपन आउन नदिन नेपाल सरकारले ल्याएको विपद् लेखाजोखा मार्गदर्शन २०७२ को आधारमा तथ्यांक संकलन गर्नुपर्ने ।<br>- राहत सहयोग वितरण गर्दा कम्तिमा एक हप्ताको packageवितरण गर्नु उपयुक्त हुने ।<br>- घोराही तुलसीपुर तथा घोराही लमही सडक खण्डका खोलाहरुमा बर्षातको समयमा डोरीबाट भएपनि मानिस तार्ने व्यवस्था मिलाउनुपर्ने । उदाहरणको लागि : सडकको दुवैतर्फ पोल गाडी डोरी टाँग्ने, कृतिम घटना अभ्यास गर्ने | DDRC<br><br><br><br><br><br>जिविस, डिडिआरसी<br><br>डिडिआरसी/रेडक्रस | समीक्षा बैठक अवधिमा चैत मसान्तसम्म<br><br><br><br><br>जेठ मसान्तसम्म<br><br>असार |
| क. विपद्मा प्रयोग हुने औजार तथा खाद्य सञ्चिति<br>ख. खोज तथा उद्धारका लागि टोलीको नामावली तयार गर्ने ।<br>ग. कुन दैवी विपत्ति कहा कहाँ जान सक्छ ? आधाररेखासम्बन्धी जानकारी, तथ्याङ्क सङ्कलन गर्ने र त्यसलाई अद्यावधिक पार्ने ।<br>घ. जानकारी सङ्कलन सम्बन्धी औजार प्रयोग गर्ने बारेमा प्रशिक्षण उपलब्ध गराउने<br>ङ. सङ्कलन गरिएको जानकारीको विश्लेषणका लागि सम्पर्क व्यक्ति तोक्ने | DDRC<br><br>DDRC<br>जिल्ला तत्थ्याङ्कबाट प्रशिक्षण लिने<br>तत्थ्याङ्क कार्यालय प्रमुख | फाल्गुन मसान्तसम्म |
| विपद् पर्न सक्ने गाविससँग सम्बन्धित क्षेत्रगत जानकारी/तथ्याङ्क | DDRC | चैत सम्म |
| उद्धार सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>• सम्भावित आपत्कालीन परिस्थितिमा प्रभावित हुन सक्ने व्यक्तिहरूको सङ्ख्याका आधारमा आवश्यक सामग्रीको न्यूनतम मौज्दात<br>• विभिन्न निकायहरूसँग उपलब्ध मौज्दात संकलन गर्ने<br>• अपुग सामग्री (gaps)को पहिचान गर्ने | DDRC,<br>रेडक्रस<br>बेस | जेठ मसान्त सम्म<br><br>असार मसान्त सम्म |

**नोट-** प्रभावकारी खोज तथा उद्धारको पूर्व तयारीका लागि निम्न कुरामा विशेष ध्यान पुऱ्याउनुपर्छ । पूर्वसूचना प्रणाली अन्तर्गत स्थापना भएको संचारको च्यानल मार्फत प्रभावकारी सूचना प्रवाह समन्वय गर्ने । समयमै सुरक्षा निकायहरुलाई प्रकोपको अवस्थितिको बारेमा जानकारी दिई खोज तथा उद्धार कार्यमा तयारी गर्ने । प्राप्त सूचनाका आधारमा सम्बन्धित क्षेत्रमा रहेका खोज तथा उद्धार सामग्रीहरु प्रयोगमा ल्याउने । प्रकोप पर्नु अगावै वर्षा र नदीको अवस्थालाई ध्यानमा राखी खोज तथा उद्धार कार्यमा तयारी गर्ने । दाङ जिल्लामा पूर्वसूचना प्रणालीको बिस्तार र संस्थागत गर्नका लागि जिल्लास्थित जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरु, संचार निकायहरु, जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र, पत्रकार महासंघ एवं विभिन्न सरकारी, गैरसरकारी निकायहरुको अहम भूमिका रहन्छ ।

नेपाल रेडक्रस सोसाइटी दाङ- जिल्ला शाखा र विभिन्न सरोकारवालाहरुको समन्वय र सहकार्यमा दाङजिल्लामा पूर्वसूचना प्रणाली स्थापनाका लागि निम्न क्रियाकलापहरुमा सहयोग प्रदान गर्न सक्दछ । संकटासन्नताका क्षेत्रहरुको पहिचान गर्ने । जिल्ला दैवि प्रकोप उद्धार समिति र सुरक्षा निकायहरुको समन्वयमा जिल्ला स्थित सुरक्षा निकायहरुको नक्सांकन गर्ने । जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रसँगको नियमित समन्वय र सम्पर्क, मुख्य सञ्चारका ठाउँहरु र सर्म्पक ठेगानाहरुको पहिचान गर्ने । नदी र वर्षाको स्तर अवलोकनका लागि अवलोकन क्षेत्रहरुको पहिचान र आवश्यकतानुसार वर्षा र नदी अवलोकन केन्द्रहरुको स्थापना गर्ने । पूर्वसूचना प्रणाली स्थापनाका लागि विभिन्न आवश्यक स्थानहरुमा सञ्चार एवं अन्य सामग्रीहरुको ब्यवस्था गर्ने ।

### ४.२.१.४ खोजी तथा उद्दार क्षेत्रको प्रतिकार्य योजना : (आपतकालीन परिस्थिति) को अवधिमा

| **सहयोग गतिविधि** (के) | **जिम्मेवार निकाय (कसलें)** | **कहिलेसम्म** |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि** (०-३० **दिनसम्म**) | | |
| क. जिल्ला आपतकालीन केन्द्रलाई सक्रिय पार्ने<br>ख.जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य विपद् (भूकम्प वा बाढी वा अन्य) शुरू भएपछि सम्बन्धित क्षेत्र (Cluster) का सबै सदस्यहरूसँग समन्वय बैठक | क.जिल्ला प्रशासन कार्यालय<br>ख.जिल्ला प्रसासन | पहिलो दिन |
| ग. परिस्थिति सम्बन्धी पहिलो प्रतिवेदन तयार पार्ने : | ग.रेडक्रस सोसाइटी, DDRC | २४ घण्टाभित्र पहिलो प्रतिवेदन |
| घ.प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने ।<br>• प्रभावित गाविस/क्षेत्रसँग सम्बन्धित उपलब्ध तथ्याङ्क/ जानकारीको समीक्षा गर्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने<br>• जिल्लामा उपलब्ध उद्धार सेवा/क्षमता/उद्धार सामग्रीको समीक्षा गर्ने | घ. जिल्ला प्रशासन, रेडक्रस, स्थानीय राजनीतिक दल | २४ घण्टाभित्र |
| ङ. प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग<br>• तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकताको क्रम निर्धारण गर्ने<br>• विपद्पछि लगत्तै उपकरणसहित खोजी तथा उद्धार टोली खटाउने<br>• सुरक्षाकर्मीहरूद्वारा सहयोगमा संलग्न व्यक्तिहहरूको सुरक्षा ।<br>• घाइतेहरुलाई प्राथमिक उपचार प्रदान । | ङ. DDRC<br>• DDRC<br>• नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाली सेना, रेडक्रस, स्थानीय<br>• रेडक्रसको प्राथमिक उपचार टोली | २४ घण्टाभित्र |
| च. स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना निर्माण/समीक्षा गर्ने<br>• मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका का लागि टोली खटाउने | DDRC | दोस्रो दिनदेखि निरन्तर |

| सहयोग सम्बन्धि गतिविधि – अन्तरिम अवधिका लागि (३०-९०) दिन | | |
|---|---|---|
| **क्षेत्रगत (Cluster) समन्वय बैठक**<br>क. DDRCबैठक<br>ख. क्षेत्रगत बैठक | DDRC | हप्तामा एक पल्ट |
| परिस्थिति सम्बन्धि प्रतिवेदनलाई अद्यावधिक पार्ने | DDRC | हप्तामा एक पल्ट |
| मनविय सहयोगका लागि समन्वय तथा क्षेत्रगत जिम्मेवारी दिने । | DDRC | पहिलो हप्ता |
| मानवीय सहयोगको अनुगमन | DDRC | हप्तामा एक पल्ट |

### ४.२.१.५ उलपब्ध आवश्यक श्रोत तथा सामाग्री र थप आवश्यक श्रोत सामाग्रीको अनुमानित बजेट

| क.सं. | आवश्यकता सामग्री | कुल जम्मा यथार्थ | थप आवश्यक सामग्री | आबश्यक परिमाण | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक डोरी | ७ थान, ११५० मी | त्रिपाल | २०० थान | |
| २ | क्लाइम्बिङ डोरी | २०० मी | जस्ता पाता १२ फि. | ५० बण्डल | |
| ३ | क्याराविना | २०० मी | तारजाली | १००० थान | |
| ४ | गल | १७ थान | सिमेन्ट बोरा | १० हजार ” | |
| ५ | जस्ताको बाल्टिन | ३० थान | लाईफ ज्याकेट | १०० थान | |
| ६ | सावेल | ३९ थान | रेस्क्यु हेम्बर | १५ थान | |
| ७ | हेल्मेट | १०११ थान | डोरी | ५ क्वीन्टल | |
| ८ | स्ट्रेचर | २७ थान | ट्युब | ५० वटा | |
| ९ | फायर एक्सटिनगुइसर | १० | बेल्चा | १५० वटा | |
| १० | पीग | १३६ थान | गैटी | १५० वटा | |
| ११ | लाइफ ज्याकेट | १३३ थान | सब्बल | १५ वटा | |
| १२ | मोटर बोट | १ वटा | सेफ्टी हेल्मेट | १५० वटा | |
| १३ | बोट | १ वटा | पानीबुट | १५० वटा | |
| १४ | एम्बुलेन्स | १ वटा | स्टेचर | ६० वटा | |
| १५ | ट्युव | १८ वटा | प्रा.उपचार बक्स | १५ वटा | |
| १६ | स्काभेटर | नभएको | हेड लाईट | ३० वटा | |
| १७ | अक्सिजन सिलिन्डर | नभएको | आईरन पिकेट | १५० वटा | |
| १८ | दमकल | नभएको | रेस्क्यु ग्लोब | १५० सेट | |
| १९ | मेगा टर्च लाइट | १२ थान | ढलान काट्ने मेसीन | ९ वटा | |
| २० | जनशक्ति | २०९ जना | फायर स्टेनगुईसर | ३० वटा | |
| २१ | डोरी | ५२० मी | फलाम बाल्टीन | १५० वटा | |
| २२ | जुटको डोरी | ५०० मी | रबर मेट्रेस | ५०० थान | |
| २३ | टोचन | १ वटा | कम्मल | ५०० थान | |
| २४ | चैनपुल्ली | नभएको | क्याराबिन | २०० थान | |
| २५ | गमवुट | ५९ वटा | सेफ्टी रोप | ३००० मी. | |
| २६ | बन्चरो | २६ वटा | थ्रो व्याग | ५० वटा | |
| २७ | आरा | ९ वटा | मेघा फोन | ५० वटा | |
| २८ | टिपर | नभएको | ईमरजेन्सी लाईट | ३० वटा | |
| २९ | डोजर | नभएको | मोटरबोट | ३ वटा | |
| ३० | ट्युव वोट | नभएको | क्रेन चेन | २ वटा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | पिकअप भ्यान | १ वटा | काठ कटर (चेन्स) | १५ वटा | |
| ३२ | इन्धन | १५०० लि. | रेनकोट | ५ सय थान | |
| ३३ | - | - | सेफटी हुक | ४५ वटा | |
| ३४ | - | - | फरुवा | १०० वटा | |
| ३५ | - | - | हसिया | १०० वटा | |
| ३६ | - | - | बञ्चरो | १०० वटा | |
| ३७ | - | - | टिप्पर टेक्टर | २ वटा | |
| ३८ | - | - | घुम्ती सौचालय | १५ वटा | |
| ३९ | - | - | सेफ्टी बेल्ट | ६० वटा | |
| ४० | - | - | क्लाइम्बिङ्ग रोप | ३० वटा | |
| ४१ | - | - | टेन्ट (घर) | १०० थान | |
| ४२ | - | - | सुरक्षा कवज (आगलागी) | १५ थान | |

*स्रोत : सम्बन्धित निकाय तथा डिडिआरसीको सुरक्षा प्रमुखहरुको बैठक २३, पुस २०७२*

gf6 Mमाथिको तालिकामा खोजी तथा उद्धारमा प्रयोग हुने सामग्रीको वर्तमान मौज्दात अवस्था तथा मिति २०७२ पुस २३ गते बसेको खोजी तथा उद्धार क्षेत्र अगुवा तथा सदस्यहरुको बैठकले अलि ठूलो स्केलमा विपद् आईपर्दा आवश्यक पर्ने थप उद्धार सामग्रीको सूची तयार गरेको छ । सो सूचीमा थप आवश्यक भनि उल्लेख गरिएका सामग्री नेपाल रेडक्रस जिल्ला विकास समिति, नगरपालिकाहरु र सहयोगी गैसस तथा अन्तराष्ट्रिय गैससहरुसँग माग गर्ने निर्णय गरिएको छ ।

**४.२.२ क्षेत्र (Cluster) : खाद्य तथा कृषि**

**यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads): कृषि विकास कार्यालय**

**४.२.२.१ विपद सम्बन्धि परिस्थिति : सम्भावित मानविय तथा भौतिक असर**

- परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्न प्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रमजस्ता अन्य खाद्यान्नसम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा गम्भीर भएको तीव्र खाद्य असुरक्षा
- सम्पत्तिमा क्षति, जीविकोपार्जनमा क्षति, बालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीति (coping strategy) मा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको तीव्र खाद्य असुरक्षा

**समष्टिगत उद्दश्य :**

- प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने ।

**विशिष्ट उद्देश्य :**

- जीवन रक्षासम्बन्धी रणनीतिहरू (Survival strategies)का लागि आवश्यकताको पूर्ति गर्नका निमित्त खाद्यसम्बन्धी पर्याप्त स्रोतहरू उपलब्ध गराउने जुन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, पारिवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा वातावरणमा दीर्घकालीन नकारात्मक असर पर्न सक्दछ ।
- पारिवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery) तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गने अवसर प्रदान गर्ने

**मानविय सहयोगको मापदण्ड (स्फेयर मापदण्ड)**

- प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ : (१) प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २३५० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको राशन (२) प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपुरकको रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पूरक रासनको रूपमा उपलब्ध गराउने र (३) निश्चित समूहका व्यक्तिहरूका (जस्तै साना केटाकेटी, एच्आइभी भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपुरक रासनको व्यवस्था ।

- मापदण्ड बमोजिमको किट – सिफारिस
  (चामल –प्रतिदिन प्रतिव्यक्ति ४२० ग्राम, दाल – प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम
  वनस्पति तेल – प्रतिदिन प्रतिव्यक्ति ३० मि.लि., नुन – प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम)
- स्थानीय परिस्थितिबमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनुपर्दछ तर पनि शुरुमा घरायसी स्तरमा गरिने वितरण र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा व्यक्तिका आधारमा वितरण गरिनुपर्दछ ।

### ४.२.२.२ क्षेत्रगत सदस्यहरु (Clusteer Members) को सुची, क्षमता तथा श्रोतको नक्सांकन

| क्रस | अगुवा र सहयोगी संस्थाहरु | उपलब्ध साधन/स्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक स्रोत | सामग्रीगत स्रोत | मानवीय स्रोत दक्ष | | |
| १ | जिल्ला कृषि विकास | केही | बिउ बिजन | ४ जना | कार्यालय प्रमुख श्रीधर ज्ञवाली भरत पोखेल फोकल पर्सन | ०८२५६०१३० ९८५७८३२८६८ |
| २ | लिबर्ड | केही | बीउ सुरक्षा | ४ जना | हरि पौडेल | ९८४६१०७९०१ hpaudel@libird.org |
| ३ | ग्रामीण महिला उत्थान केन्द्र | केही | आकस्मिक कोष | ५ जना | आशमानी चौधरी | ५६०४८९, ९८५७८३०३८३ gmukdang@gmail.com |
| ४ | खाद्य अधिकार सञ्जाल | छैन | सचेतना | स्वयंसेबक | हुमा डिसी | ९८५७८३२५५० |
| ५ | सीसा | छैन | १० हजार बराबरको खाद्य सामग्री | जनचेतना | साजिदा सिद्विकी | ९८४७८९५२२० |
| ६ | रुपान्तरण नेपाल | केही | जीविकोपार्जन आकस्मिक कोष समेत छ | स्थानीय समुहहरु | पुनिता चौधरी | ९८५७८२०२७४ |
| ७ | बेस | केही | खाद्यान्न | स्वयंसेबक | चूर्ण चौधरी | ९८५७८२०२४३ |
| ८ | ओरेक | केही | आइपिएम | स्थानीय समुह | लक्ष्मी अर्याल | ९८५७८२०९३८ |
| ९ | जिल्ला लघुउद्यम उद्यमी समूह संघ | केही | सचेतना | ९ जना | रेवा अधिकारी | ९८४७८३१२८४ demegaadang2gmail.com |
| १० | युएसएआइडी किसान परियोजना | केही | समुदाय आयआर्जन | १७ जना | शिव रतन कृष्णप्रसाद भट्ट | ०८२५६३६२४ Krishna.bhatta@ceapred.org.np Shiva.gupta@ceapred.org.np |
| ११ | कृषि विकास बैंक | छैन | ऋण सहुलियत | | | ५६०५१० |
| १२ | पसु सेबा | केही | आयआर्जन | | | ५६००२१ |
| १३ | डिभिजन सहकारी | छैन | कर्जा सहुलियत | | | ५६००१९ |
| १४ | खाद्य संस्थान | छैन | भण्डारण गोदाम | | कृष्ण प्रसाद चौधरी | ९७५८५०५०३ ०८२५२०११५ |

### ४.२.२.३ आपतकालिन परिस्थितिको पुर्वतयारी गतिविधि : संकटकालिन परिस्थिति भन्दा पहिले ।

| पूर्व-तयारी सम्बन्धी गतिविधि ( के ) | जिम्मेवार निकाय (को) | समय अवधि (कहिले ) |
|---|---|---|
| क्लष्टर बैठकबाट विपद्को अवस्थामा खाद्य सहयोगका लागि योजना तयारी अवस्थामा राख्ने । | जि.कृ.बि.कार्यालय | फागुन तथा असार |
| आवश्यकता लेखाजोखा अध्ययनका लागि खाका तयार गर्ने । | जि.कृ.वि.कार्यालय | असारसम्म |
| जिल्ला स्थित ५ निर्बाचन क्षेत्र त्यसमा पनि बाढी र आगलागी हुने क्षेत्रलाई लक्षित गरी कृषि सेबाकेन्द्रहरुमा खाद्यान्न सहयोग तयारी अवस्थामा राख्ने । | उवासंघहरुको समन्वयमा जि.कृ.वि.कार्यालय | असारसम्म |
| प्रभाबितको माग संकलनका लागि छलफल | जि.कृ.वि.कार्यालय | कार्तिक |
| खाद्यान्न सहायताको लेखाजोखा तथा प्रतिवेदनको खाका प्रस्तुत गर्ने । | जि.कृ.वि.कार्यालय | बैशाख |
| विभिन्न तरकारी तथा खाद्यान्न बालीका किटहरु वितरण गर्ने | जि.कृ.वि.कार्यालय | असोज कार्तिक |
| साना सिंचाई योजनाहरु सहयोग गर्ने | जि.कृ.वि.कार्यालय | जेठ असार |
| क्षमता अभिवृद्धि तथा भण्डारण तालिम | जि.कृ.वि.कार्यालय | जेठ |

### ४.२.२.४ कृषि तथा खाद्य क्षेत्रको प्रतिकार्य योजन : आपतकालिन परिस्थितीको अवधिमा

| सहयोग गतिविधि (के) | जिम्मेवार निकाय (कसले) | कहिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| • तत्काल क्लष्टर सूचना संकलनतथा सहयोग डेस्क स्थापना<br>• सदस्यहरु का बीच समन्वय बैठक गर्ने ।<br>• क्षतिको सूचना संकलन गर्ने । | • जिल्ला कृषि विकास कायालय | पहिलो दिन |
| • तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने ।<br>• पशुधनको सुरक्षा तथा मृत पशुहरु को उचित व्यवस्थापन गर्न जि.प.सेवा कार्यालयले प्राविधिक टोली र जनशक्ति परिचालन गर्ने ।<br>• सहयोगको खाद्य सामग्री संकलन र वितरणको जिम्मेबारी बाडफाड गर्ने । | जिल्ला कृषि विकास कार्यालय<br>माताहतका इकाई तथा सहयोगी सदस्यका गाउ इकाईहरु<br>उद्योग बाणिज्य संघहरु | दोस्रो दिन |
| • पीडितहरु को लेखाजोखा राख्ने (परिचयपत्र वितरण गर्ने) ।<br>• खाद्य सामग्री वितरण<br>• एकद्वार वितरण पद्धतिको विकास गर्ने ।<br>• खाद्य गोदामलाई सुरक्षित र पायक पर्ने इलाकामा राख्ने<br>• गोदाम सुरक्षाको प्रबन्ध गर्ने | रेडक्रस, कृ.वि.का, डिडिआरसी<br>स्थानीय उबासंघहरु | पहिलो हप्ता |
| • स्थलगत छलफल तथा अवस्थाको समीक्षा<br>• छिटो उत्पादन हुने खाद्यान्न बालीको लागि बीउ विजन र पशु वा पंक्षी वितरण गर्ने । | कृषि विकास कायालय<br>पशु सेवा कार्यालय | पहिलो महिना |
| **सहयोग सम्बन्धि गतिविधि – तत्कालका लागि (३०-९० दिनसम्म)** | | |
| • जीविकोपार्जनमुखी क्रियाकलाप संचालन<br>• राहतको वीउ वितरण, तालिम<br>• पुन अघिल्लो महिनाका कृयाकलापको अनुगमनलाई निरन्तरता | कृषि विकास कायालय<br>पशु सेवा कार्यालय | दोस्रो र तेस्रो महिना |
| • सम्बन्धित समुदायसंग छलफल गरी कार्यक्रम तय गर्ने ।<br>• आपतकालिन कोष स्थापनाको लागि DDRC संग अनुरोध गर्ने । | कृषि विकास कार्यालय | सो भन्दा बढी |

**४.२.३ क्षेत्र (Cluster) : आपतकालिन आश्रय स्थल, बसोबास तथा गैरखाद्य**

**नेतृत्व प्रदान गर्ने निकाय (Cluster Lead) : शहरी विकास तथा भवन डिभिजन कार्यालय**

**४.२.३.१. विपद सम्बन्धि परिस्थिति : विपदको सम्भावित मानविय असर**

- विपद्का बेला आश्रत तथा बसोबास क्षेत्रमा क्षति पुग्न गई मानवीय जीबनमा कष्ट आइपरेको हुन्छ ।
- बाच्नकै लागि आवश्यक पर्ने न्युनतम आश्रय तथा बसोबास स्थलको अभाव हुन गई ज्यादै कठिनाइ भोग्नु परिरहेको हुन्छ ।

**समष्टिगत उद्देश्य :**

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्म-निर्भरता तथा आफैं व्यवस्थापनलाई समावेश गर्ने ।
- प्राकृतिक विपद्का कारणले घरवारविहीन बनेका मानिसहहरूका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवन स्तर उठाई शिविरहरूमा जीवनस्तरमा सुधार ल्याउने ।
- प्रकोप पिडितहरुको जीवन रक्षाका लागि यथाशिघ्र गैरखाद्य सामग्रीहरु उपलब्ध गराउने

**विशिष्ट उद्धेश्य :**

- जल-वायुका प्रतिकुल असरहरूबाट संरक्षण प्रदान गर्नका लागि मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ ।
- जल-वायुबाट संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवं लुगा ।
- घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच ।

**मानविय सहयोग सम्बन्धि मापदण्ड (स्फेयर मापदण्ड)**

- औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्ग मिटरको छाना भएको क्षेत्र, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४x५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री ।
- कम्बलमा मानिसहरूको पर्याप्त पहुँच ।
- दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तिमा पनि एक पूरा सेट कपडा ।
- महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तिमा पनि एक पूरा सेट कपडा छ । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइसम्बन्धी सामग्रीको आपूर्ति भएको ।
- मानिसहरूसँग उपयुक्त घरायसी सामग्री छः एक सेट भाँडा ।
- शिविर बन्द गर्ने र वहिर्गमन रणनीति ।
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ जुन जमिन सुरक्षित तथा SPHEREको मापदण्डअनुसार हुनुपर्छ ।
- विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिमरूपमा नै समझदारी पत्र (MoU) मा दस्तखत भएको हुनुपर्दछ ।
- शिविरका लागि योजना तर्जुमा गर्दा नै सांस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनुपर्दछ ।
- शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड ।

नागरिक समाज, सरकारी निकाय तथा सान्दर्भिक समूहसँगको परामर्शमा शिविरको स्थापना ।

### ४.२.३.२ नेतृत्व गर्ने निकाय : शहरी विकास तथा भवन डिभिजन तथा रेडक्रस

**क्षेत्रगत सदस्यहरु (Cluster members) को सुची, क्षमता तथा श्रोत आंकलनः**

| क.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत<br>रकम वा सामग्री | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | शहरी विकास तथा भवन डिभिजन | १५ लाख (आबास सहयोग)<br>इन्जिनियर लगायत प्राविधिक जनसक्ति | राजेन्द्र पाण्डेय | ०८२-५६००२७ |
| २ | नेपाल रेडक्रस सोसाइटी | ५० सेट जिल्ला ३० सेट NFI इकाईमा<br>५० हजार रुपैयाँको आकस्मिक कोष<br>उद्धार जनशक्ति, प्राथमिक उपचारक | नारायण आचार्य<br>भरतमणि ढकाल<br>सन्तोस ढकाल | ०८२-५२००२२<br>९८५७८२००७४<br>९७४८५०८२५९ |
| ३ | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | स्रोत व्यबस्थापनमा सहजीकरण | भोला अधिकारी | ०८-२५६०२४०<br>९८४७८३१६९८ |
| ४ | उद्योग वाणिज्य संघ दाङ, तुलसीपुर, नारायणपुर, लमही भालुवाङ | खाद्यान्न संकलन र बितरणमा सहजीकरण | हेमराज बञ्जाडे<br>बिमल रिजाल | |
| ५ | वन महासंघ | सामुदायिक बनबाट काठ उपलब्ध गराउन सहजीकरण | सोभाकर सापकोटा | ९८५७८२००६४<br>०८२-५६२०९७ |
| ६ | बेस | स्बयंसेबक तथा अन्य सहयोग | रुपलाल चौधरी | ९८४७८४९७५५<br>०८२– ५२२०३७ |
| ७ | जिल्ला वन कार्यालय | नियमानुसार काठ उपलब्ध गराउने | नबराज काफ्ले | ०८२-५६००१४ |
| ८ | INF | गैर खाद्य सामग्री सहयोग | कार्यालय नम्बर | ०८२-५६००१७ |
| ९ | सिसा | स्वयंसेवक, जनचेतना मुलक कार्यक्रम । | साजिदा सिद्धिकी | ०८२-५६१५७४<br>९८४७८९५२२० |

### ४.२.३.३ आपतकालिन परिस्थितिको पुर्वतयारी : संकटकालीन परिस्थितिभन्दा पहिले

| क.स. | **पुर्व-तयारी सम्बन्धि गतिविधि के** | **जिम्मेवार निकाय को** | **कहिले समय अबधी** |
|---|---|---|---|
| १. | क्लस्टरको योजना बनाएर तयारी अवस्थामा राख्ने | शहरी बिकास र रेडक्रस | फागुन चैत |
| २. | क्लस्टर अन्तर्गतका संघ/संस्थाहरुमाझ राहत सहयोगका लागि जिम्मेवारी बाँडफाँड गर्ने । | क्लष्टर बैठकबाट | फागुन |
| ३. | विपद्को अवस्थामा गरिने आपतकालिन आश्रय, बसोवास तथा गैर–खाद्य सामाग्री क्षेत्रमा गरिने सहयोग तयारी अवस्थामा राख्ने । | शहरी बिकास र रेडक्रसले अन्य निकायको सहयोग लिएर | जहिलेसुकै |
| ४. | स्रोत संकलन तथा संघ-संस्थाबाट हुने सहयोग (आर्थिक तथा अन्य) को योजना तयारी अवस्थामा राख्ने । | भवन डिभिजन | जेठ सम्म |

४.२.३.४ आपतकालिन आश्रय, आवस तथा गैरखाद्य क्षेत्रको प्रतिकार्य योजना : अपतकालिन परिस्थितिको अवधिमा

| सहयोग गतिविधि (के) | जिम्मेवार निकाय (कसलें) | कहिलेसम्म |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि – तत्कालका लागि (०-९० दिनसम्म)** | | |
| विपद् प्रवाहको सूचना स्थानीय स्वम्सेवकबाट संकलन गर्ने | डिडिआरसी, रेडक्रस इकाई जुरेस | पहिलो दिन |
| जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक वैठकको आयोजना | डिडिआरसी | पहिलो दिन |
| विपद् प्रतिकार्य समूहलाई संचार गर्ने | नेपाल रेडक्रस सोसाइटी, शहरी बिकास तथा भवन | पहिलो दिन |
| विषयगत क्षेत्रको बैठक गर्ने | रेडक्रस सोसाइटी<br>शहरी विकास तथा भवन | दोस्रो दिन |
| द्रुत लेखा जोखासम्बन्धी अभिमुखीकरण आयोजना | तत्थ्याङक कार्यालय, रेडक्रस | तेस्रो दिन |
| द्रुत लेखाजोखा टोली परिचालन तथा प्रारम्भिक सूचना संकलन | नेपाल रेडक्रस सोसाइटी | पहिलो हप्ता |
| प्रभावित स्थलको सूचना विश्लेषण गरी  सहायता परिचालन गर्ने । | डिडिआरसी | पहिलो हप्ता |
| विपद् प्रभावित क्षेत्रमा अस्थायी आवास, त्रिपाल तथा भाँडाबर्तनको व्यवस्थापन गर्ने । | भवन डिभिजन  नेपाल रेडक्रस | पहिलो हप्ता |
| अस्थायी आवास तथा गैरखाद्य सामग्रीको आवश्यकता पहिचान गर्न सर्वेक्षण गर्ने ।टोली खटाउने । | शहरी विकास तथा भवन डिभिजन, रेडक्रस | पहिलो हप्ता |
| कम खर्चमा बनाउन सकिने नमूना घर निर्माण<br>गैरखाद्य सामग्री वितरण कार्य निरन्तरता | शहरी विकास तथा भवन डिभिजन, नेपाल रेडक्रस | पहिलो महिना |
| गैरखाद्य सामग्री वितरण तथा प्रयोगको सुनिश्चितताको लागि अनुगमन | डिडिआरसी नेपाल रेडक्रस | पहिलो महिना |
| जिल्लास्थित सरोकारवाला निकायहरु एवं क्षेत्रगत सदस्यहरुको समन्वय तथा पाठ सिकाई कार्यशाला बैठकको आयोजना | नेपाल रेडक्रस / डिडिआरसी | दोस्रो महिना |
| सुरक्षित स्थान पहिचान<br>बैकल्पिक बस्ती बिकासका लागि प्राबिधिक अध्ययन | शहरी बिकास तथा भवन डिभिजन | तेस्रो महिना |

## ४.२.४ क्षेत्र (Cluster) : आपतकालीन संरक्षण

**नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads) : महिला तथा बालबालिका कार्यालय**

### ४.२.४.१ विपद सम्बन्धि परिस्थिति : प्रकोपबाट प्रभावित मानवीय असर

- जनको क्षति, अनाथहरूको सङ्ख्यामा वृद्धि ।
- सामाजिक तथा पारिवारिक संरक्षण प्रणाली बिखण्डन ।
- किशोरी, बालबालिका तथा महिलाको जोखिमतामा अधिक बृद्धि ।
- मानिस तथा पाल्तु जनावरहरूको आन्तरिक विस्थापन ।
- घाइते बालबालिका ।
- विद्यालय बन्द, शैक्षिक अवसरहरूमा अवरोध ।
- बढ्दो दुरुपयोग र शोषण ।
- विछोडिएका तथा एकल बाल-बालिका ।
- सम्भावित मानसिक आघात (trauma) तथा मनोवैज्ञानिक विपत्ति ।
- लिङ्गमा आधारित हिंसा (Gender–based violence - GBV)को बढ्दो जोखिम ।
- सामना गर्ने संयन्त्र (coping mechanism) मा अवरोध ।
- भेदभावमा बृद्धि ।
- मानव बेचबिखनको जोखिम ।
- प्रभावित व्यक्तिहरुमा यौन शोषणको जोखिम ।
- अपाङ्ग, बृद्ध तथा एकल महिलाहरुको सुरक्षा तथा संरक्षणमा कमी ।

- शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण ।
- बाल विवाहमा बृद्धि ।
- केही समुदाय अथवा समुहहरूका लागि मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

**समष्टिगत उद्देश्य :**

महिला तथा बालबालिका लगायत जोखिममा रहेका समूहहरूले आपत्कालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाबाट संरक्षण प्राप्त ।

**विशिष्ट उद्देश्य :**

- नेपालका प्राकृतिक विपद् तथा अन्य आपत्कालीन परिस्थितिहरूमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरूमा जोखिममा रहेका समूहहरूका लागि मानव अधिकारसम्बन्धी कानुन, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा राष्ट्रिय कानुनले प्रत्याभुत गरेका मौलिक अधिकारहरूको संरक्षण गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चित गरी आपत्कालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने
- आपतकालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाका जोखिमहरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवासम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने ।
- लैगिक हिंसाको रोकथाम, प्रेषण प्रणाली स्थापना तथा सवलीकरण, महिला तथा किशोरीहरु का लागि मर्यादा कायम गर्ने प्रभाविकारी संयन्त्र बनाउने ।
- यौन तथा लैङ्गिक हिंसाबाट प्रभावित तथा गर्भवती र सुत्केरी महिलाहरु को लागि महिलामैत्री स्थान(Female Friendly Spaces) को स्थापना तथा लैगिक हिंसा प्रतिकार्यका लागि एकदार प्रणली अर्थात् (One Stop Crisis Management Center-OSCMC) लाई प्रभावकारी गराउने ।
- बालमैत्री/महिलामैत्री ठाउँ तथा मनो-सामाजिक परामर्शसम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बाल-बालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने
- बिछोड भएका बालबालिका, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका केटाकेटी तथा किशोरीहरूले पहिचान, दर्ता तथा स्वास्थ्यसम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधासहित परिवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- यौन दुर्व्यवहार तथा हिंसाका बिरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरी बालबालिका र महिलाहरूको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।
- प्रतिकार्यमा महिलाहरुको सहभागिता र भूमिका सुनिश्चित गर्ने ।
- प्रभावितहरुको तथ्याङ्क तयार गरी सूचना व्यवस्थापन सवलीकृत गर्ने ।
- प्रभावितको मानवीय अधिकारमा आधारित एकीकृत प्रतिकार्य योजना निर्माण गर्ने ।

**संरक्षणमा मानविय सहयोगको न्युनतम मापडण्ड : स्फेयर मापदण्ड**

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेस गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने
- बिभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरिब तथा पछाडि पारिएका समूहबाट मानविय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच सहयोग पाए नपाएको अनुगमन गर्ने
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने
- बालमैत्री, महिलामैत्री ठाउँलगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने
- शिक्षा तथा संरक्षणसम्बन्धी सहयोग कार्यक्रममा मनोसामाजिक सहयोगलाई एकीकरण गर्ने
- हेरचाह गर्ने व्यक्तिहरूबाट बालबालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने
- बिछोडिएका तथा परिवार साथ नभएका बालबालिकाहरू, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने

- परिवारबाट बिछडिएका तथा साथ नभएका बालबालिकाहरू र अन्य जोखिममा परेका समुह जस्तैः परिवार नभएका, बृद्ध, अपांग तथा दिर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (बास तथा अन्य सेवाको व्यवस्था)
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिकरूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी गर्ने

### ४.२.४.२ अगुवा निकाय : महिला तथा बालबालिका कार्यालय

**यस क्षेत्रका क्षेत्रगत सदस्यहरु (Cluster Members) को सुची, क्षमता तथा श्रोतको आंकलन :**

| क्रस | अगुवा र सहयोगी सस्थाहरु | उपलब्ध साधन/स्रोत | | | सम्पर्क व्यक्ति पद तथा नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| | | आर्थिक स्रोत | सामग्रीगत स्रोत | मानवीय स्रोत दक्ष | | |
| १ | महिला तथा वालबालिका कार्यालय | केही | Dignity kit 400 bag सुरक्षित आबास ११ स्थानमा २०० थान कम्मल | समुदायमा रहेका ४३ महिला सहकारी | मोती बिश्वकर्मा | ०८२५६००२० |
| २ | जिल्ला बाल कल्याण समिति | केही | समन्वय | केही | प्रजिअ | ०८२५६०१३३ |
| ३ | ग्रामीण महिला उत्थान केन्द्र | केही | संरक्षण सामग्री | ५ जना | आसमानी चौधरी | ०८२५६०४८९, ९८५७८३०३८३ gmukdang@gmail.com |
| ४ | सौभाग्य महिला तथा ऋण सहकारी | छैन | परामर्श सुरक्षा आबास | स्वयंसेवक | हुमा डिसी | ९८५७८३२५५० |
| ५ | सिसा | छैन | १० हजार बराबरको संरक्षण सामग्री | जनचेतना | साजिदा सिद्धिकी | ९८४७८९५२२० |
| ६ | बेस | केही | खाद्यान्न | स्वयंसेवक | चूर्ण चौधरी | ९८५७८२०२४३ |
| ७ | ओरेक | केही | आपतकालीन सुरक्षा आवास, न्यानो कपडा, स्कुल ड्रेस | स्वयंसेवक | लक्ष्मी अर्याल | ९८५७८२०९३८ |
| ८ | UNICEF | | कम्मल, बालबालिका | | राजेश सारु मगर | ९८४७८२१२९७ |
| ९ | UNFPA | | मर्यादा सामग्री (Dignity kits) | | पूर्ण वि.क. | ०८२५६२०११ |
| १० | जेष्ठ नागरिक सरोकार केन्द्र | | आपतकालीन सुरक्षा आवास | | | |
| ११ | सिभिक्ट | | मनोसामाजिक परामर्श | परामर्शदाता | गोविन्द खनाल | ९८५११९३९६४ |
| १२ | जिल्ला प्रहरी महिला सेल | | सुरक्षित आबास | | प्रहरी प्रमुख | ९८५७८०५५५५ |
| १३ | FHRD | | समुदाय परिचालन | | शिब घर्ती | ०८२५६१०४३ |
| १४ | जिशिका | | विद्यालय आपतकालीन आश्रय | शिक्षक विद्यार्थी | रामलाल खड्का | ०८२५६००१० |
| १५ | जिविस | | समन्वय राहत सामग्री | | कृष्ण के.सी | ०८२५६००३८ |
| १६ | OCMC | | हिंसा पीडितलाई नोसामाजिक परामर्श तथा उपचार सेबा | | राधा पौडेल | ०८२५६१९९४ |
| १७ | DPHO | | स्वास्थ्य सेबा | | कार्यालय प्रमुख | ०८२५६०००५ |
| १८ | खानेपानी तथा सरसफाई डिभिजन | | सरसफाई सेबा | | कार्यालय प्रमुख | ०८२५६००२६ |

### ४.२.४.३ आपतकालिन परिस्थितिको पुर्वतयारी : आपतकालिन परिस्थिति भन्दा पहिले

| पूर्व-तयारीसम्बन्धी गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **व्यवस्थापन तथा समन्वयसम्बन्धी व्यवस्थाः**<br>जिल्लाका क्षेत्रगत साझेदारहरूका बीचमा समन्वय, स्रोत पहिचान सम्झौता गर्ने तथा स्रोत पहिचान गर्ने तथा जिम्मेबारी बाडफाडमा सहमति कायम गर्ने ।<br>पूर्वतयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगानासहित विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारी परिभाषित गर्ने । | महिला तथा बालबालिका कार्यालय तथा क्षेत्रगत सदस्यहरु | गरिसकिएको |
| **सिकिएका पाठ :**<br>यस वर्षको आकस्मिक योजनामा समावेश गर्नका लागि गत वर्षको बाढी तथा २०७२ को गोरखा भूकम्पको अनुभवबाट हरेक क्षेत्रभित्र सिकिएका प्रमुख पाठहरूको पहिचान, पूर्वतयारी गर्ने । कसले के गर्ने भन्ने जिम्मेबारी बाडफाँड गर्ने ।<br>महिला तथा किशोरी- सशक्तीकरण गर्ने, मानवीय संकट प्रतिकार्यमा महिला तथा बालबालिकाका चुनौतीलाई सम्बोधनका लागि एकीकृत योजना निर्माण गर्ने | महिला तथा बालबालिका कार्यालय<br>तथा क्षेत्रगत सदस्यहरु | जेठसम्म |
| **आधाररेखा जानकारी/अन्य स्रोतबाट तथ्याङ्क सङ्कलन :**<br>क. बाढी वा विपत आउन सक्ने गाविससँग सम्बन्धित क्षेत्रगत जानकारी/तथ्याङ्क<br>ख. सार्वजनिक सुविधाहरू रहेका ठाउँ देखाउने नक्सा<br>ग. जिल्लाका विभिन्न निकाय/सरोकारवालाहरूसँग उपलब्ध स्रोतको नक्साङ्कन | महिला तथा बालबालिका कार्यालये DDRC सँग समन्वय गर्ने । | आषाढ महिनाको अन्तसम्म |
| **क्षमता विकास :**<br>Protection सम्बन्धी तालिमको लागि समन्वय गर्ने ।<br>क.मनोसामाजिक तालिम २० जना महिलाहरुलाई ।<br>ख. शारीरिक रुपमा अशक्त, जेष्ठ नागरिक तथा अपाडता भएका बालबालिकाहरुलाई आपतकालीन अवस्थामा संरक्षण तालिम<br>ग. महिला सहकारी युवा सञ्जाल र किशोरी समूहलाई संरक्षण प्रणाली र पद्धतिमा तालिम प्रदान गर्ने । | महिला तथा वालवालिका कार्यालय | आषाढ महिनाको अन्तसम्म |
| आपतकालिक संरक्षण सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>● विभिन्न सङ्गठनहरूसँग उपलब्ध मौजदातको तथ्यांक संकलन गर्ने ।<br>● अपुग सामग्री (gaps)को पहिचान गर्ने । | महिला तथा वालवालिका कार्यालय | आषढ महिनाको अन्तसम्म |
| पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय बैठक पूर्वतयारी गतिविधिहरूको अनुगमन गर्नका लागि कार्य योजना | महिला तथा बालबालिका कार्यालय | जेष्ठ महिनामा |

### ४.२.४.४ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपदको अवधिमा लागु हुने )

| सहयोग गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग समन्वय बैठक गर्ने ।<br>जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रमा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने । | १. महिला तथा बालबालिका कार्यालय तथा क्लष्टर सदस्यहरु | पहिलो दिन |
| क. परिस्थितिसम्बन्धी आफ्नो क्षेत्रको पहिलो प्रतिवेदन तयारी गर्ने जसमा प्रभावित बालबालिका, बृद्धबृद्धा, एकल महिला, गर्भवती तथा सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरु, किशोरीहरु तथा अन्य जोखिममा रहेका व्यक्तिहरुको संख्या तथा अवस्था उल्लेख गर्ने ।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने ।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि समाचार प्रकाशन गर्ने | १. महिला तथा बालबालिका कार्यालय | दोस्रो दिन |

| | | |
|---|---|---|
| प्रारम्भिक प्रतिवेदन तथा अन्य संरक्षणसँग जोडिएका परिस्थितिको लेखाजोखा तथा समिक्षा गर्ने<br>क. प्रभावित परिवारको अनुमान गर्नका लागि प्रभावित गाविससँग सम्वन्धित उपलब्ध तथ्याङ्ग/जानकारीको समीक्षा गर्ने ।<br>ख. प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने | क.क्लष्टर सदस्यहरु<br>ख. महिला तथा बालबालिका कर्यालय, जिल्ला प्रशासन कार्यालय तथा क्लष्टर सदस्यहरु | दोश्रो दिनदेखि निरन्तर |
| प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग<br>क. तत्काल उपलब्ध गराइएका मानवीय सेवाहरुमा महिला, वालवालिका, गर्भवती तथा सुत्केरी महिला, अपांगता भएका व्यक्तिहरु, बृद्धबृद्धाहरुको पहुँच भए नभएको सुनिश्चितता गर्ने ।<br>ख. सुत्केरी, गर्भवती तथा जोखिममा रहेका किशोरीहरु तथा महिलाहरुलाई मर्यादा सामाग्री (Dignity Kit) वितरण गर्ने ।<br>ग. मानवीय सेवाको आवश्यकता देखिएको प्रभावित समुदाएमा सेवा उपलव्धताको लागि पैरवी गर्ने । | क.महिला तथा बालबालिका कार्यालय, क्लष्टर सदस्यहरु | प्रभावित क्षेत्रमा मानवीय सेवा उपलव्ध गराउन शुरु गरेपछि निरन्तर रुपमा । |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster CP) को समीक्षा गर्ने | १. महिला विकास कार्यालयको नेतृत्वमा क्लष्टरको बैठक बसी समीक्षा गर्ने । | ७ दिनभित्र |
| संरक्षणका विभिन्न क्रियाकलपका लागि विभिन्न निकायहरु वाट प्राप्त सहयोगको लागी गरीएको प्रतिबद्धताको कार्यान्वयन गर्ने । | महिला तथा बालवालिका कार्यालय र क्षेत्र सदस्यहरु | ७-१० दिन |
| मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण (feedback) उपलब्ध गराउनका निमित्त टोली खटाउने | महिला तथा बालबालिका कार्यालय र क्षेत्र सदस्यहरु | दोस्रो हप्ता – निरन्तर जारी |
| जोखिममा रहेका समूहहरूको पहिचान लगायत पहिलो ३० दिनभित्र तत्कालीन मानवीय सहयोग/सम्झौता<br>क. ५ वर्ष मुनिका बालवालिकाहरुको लागि आवश्यक पोषणयुक्त खाना र लत्ता कपडा ।<br>ख.सुत्केरी र ६ महिनासम्मका बच्चाका आमाहरुको लागि आवश्यक पोषणयुक्त खाना र लत्ता कपडा ।<br>ग.परिवारबाट बिछोडिएका वाल बालिकाहरुलाई बाल पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने ।<br>घ. लैगिकतामा आधारित हिंसामा परेका बालबालिका तथा महिलाहरुलाई पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने । संरक्षणको आवश्यकता भएका बृद्धबृद्धा र अपांगता भएका व्यक्तिहरुलाई पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने ।<br>ङ. लैगिक हिंसा रोकथामको लागि प्रेषण प्रणाली स्थापना तथा सवलीकरण गर्ने ।<br>च. महिला तथा किशोरीहरुका लागि मर्यादा कायम गर्ने र डिग्निटी किट वितरण ।<br>छ. महिलामैत्री स्थानहरुको पहिचालन गर्ने तथा सुरक्षित स्थान निर्माण गर्ने ।<br>ज. लैगिक हिंसा प्रतिकार्यका लागि एकदार प्रणली अर्थात् OSCMC लाई प्रभावकारी बनाउने । | महिला तथा वालवालिका कार्यालय तथा क्षेत्रगत सदस्यहरु | पहिलो दिनदेखि नै निरन्तर रुपमा गर्ने । |

| सहयोगसम्बन्धी गतिविधि – अन्तरिम अवधिका लागि (३०-९०) दिनको अवधीमा | | |
|---|---|---|
| क. क्षेत्रगत समन्वय बैठक गर्ने<br>ख. मनोसामाजिक असर देखिएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।<br>ग. विपद्मा महिला तथा बालबालिकामा पर्न सक्ने थप जोखिमको बारेमा जनचेतनामूलक कार्यक्रमहरु गर्ने जस्तैः लैङ्गिक हिंसा, मानव बेचबिखन, बाल संरक्षण, मनोबिमर्श सेवा, यौन हिंसा तथा सहयोगबारे जानकारी आदि ।<br>घ. लैङ्गिक हिंसा, यौन हिंसा तथा बाल हिंसाका घटनाहरुमा सिफारिस प्रणालीमा काम गर्ने । शिविरभित्र संरक्षण आबश्यक भएमा महिला, बालबालिका तथा जेष्ठ नागरिकका लागि सुरक्षित स्थान पहिचान गर्ने ।<br>ङ. विपद्पछि हुन सक्ने ओसारपसार रोक्नका लागि गतिविधि सञ्चालन गर्ने | महिला तथा बालबालिका कार्यालय तथा क्षेत्रगत सदस्यहरु | दुई हप्तामा एक पटक |
| मानवीय सहयोगको अनुगमन गर्ने । मानविय सहायताको प्रतिवेदन तयारी तथा DDRCमा प्रस्तुत गर्ने | महिला तथा बालबालिका कार्यालयको संयोजकत्वमा क्षेत्रगत सदस्यहरु | निरन्तर जारी |

## ४.५ क्षेत्र (Cluster) : आपतकालिन शिक्षा

**नेतृत्व प्रदान गर्ने निकाय : जिल्ला शिक्षा कार्यालय**

### ४.५.१ विपद् सम्बन्धि परिस्थिति : प्रकोपका सम्भावित मानविय असर

- विद्यालय भवनहरू र शिक्षण/सिकाइका सामग्रीहरूको नष्ट
- शिक्षक/विद्यार्थीहरू हताहत /जनको क्षति
- विद्यालयहरूसम्म पहुँच नहुनु
- विद्यालयमा क्षति हुनाले शिक्षामा अवरोध
- आन्तरिक रूपमा विस्थापितहरूका लागि प्रभावित नभएका विद्यालयहरू आवासको रूपमा परिणत हुन्छन् । आतिथ्य प्रदान गर्ने विद्यालय (Host Schools) को पढाइमा अवरोध
- केटाकेटी तथा शिक्षकहरूमा विपद्को मनोवैज्ञानिक असरले गुणस्तरीय सिकाइ एवं सिक्ने प्रक्रियामाथि प्रभाव पार्छ

**समष्टिग उद्देश्य :**

- विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण केटाकेटीहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

**विशिष्ट उद्देश्य :**

- प्राकृतिक विपद्बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
- प्रभावकारी आपतकालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू (Cluster Members)का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान- प्रदान सुनिश्चित गर्ने
- आपतकालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने
- द्रुत तथा चालु (Rapid and On-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपतकालीन परिस्थितिमा रहेका केटाकेटीहरूको शिक्षाका निमित्त प्रमुख प्रतिवद्धताहरू (Core Commitments to Children in Emergencies for Education) तथा INEEका न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- आपतकालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Clusters) सँग सम्बन्धको स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।

**शिक्षामा मानविय सहयोग सम्बन्धि न्युनतम मापदण्ड : स्फेयर मापदण्ड**

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षासम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members)सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परापर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बालबालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- संभव भएसम्म यथासक्य चाँडो अर्थात् सिद्धान्ततः पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्डबमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधारसहित विद्यालय जाने बालबालिकाहरूका निमित्त अस्थायीरूपमा सिक्ने ठाउँ तथा स-साना बालबालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (semi-structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनः एकीकरण प्रारम्भ गर्ने
- विद्यालयबाहिर रहेका बालबालिकाहरू अस्थायीरूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छैन अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छैन ।
- पीडित बालबालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमश : तिनलाई सम्बन्धित पार्दै लगिने ।
- प्रभावित क्षेत्रका स्कूलहरुमा भएको पुराना किताब संकलन गरीसुरक्षित ठाउँमा राख्ने ।
- मनोरञ्जनका कुराहरु दिने ।

**४.५२. शिक्षा क्षेत्रका क्षेत्रगत सदस्यहरु (Cluster Members) को सुची, क्षमता तथा श्रोत मापन**

| क्र. सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत रकम तथा सामग्री | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | जिल्ला शिक्षा कार्यालय | विद्यालय निरिक्षण क्षेत्र ४, स्रोतकेन्द्र १५, ४२३ विद्यालयहरु | जि.शि.अ.<br>प्रल्हाद अर्याल<br>रामलाल खड्का | ०८२-५६०००९,<br>०८२-५६००१० |
| २ | शैक्षिक तालिम विकास केन्द्र, तुलसीपुर | शिक्षकलाई तालिम | धन बहादुर बली | ०८२-५२०२८४ |
| ३ | नेपाल शिक्षक यूनियन लगायतका शिक्षक संघ संगठनहरु | स्वयंसेबक शिक्षकहरु | चिन्ता ब.बुढाथोकी | ९८५७८३०६९६ |
| ४ | बाल बचाउ कोष | Tent (पाल) | | ०८१५२५७४२/७४३ |
| ५ | बेस | स्टेशनरी जनसहभागिता | चुर्ण चौधरी<br>लालबहादुर चौधरी<br>मानबहादुर चौधरी | ९८५७८२०२४३<br>९८५८४२२८०७<br>९८६८०८१५९० |
| ६ | युनिसेफ | ECD kit box school kit box | राजेश सारु मगर | ०८१-५५०००८<br>०८१-५५०२१७ |
| ७ | सहयोग समाज नेपाल | कम्लरी बालबालिकालाई सहयोग | खोपीराम चौधरी | ०८२-५४०००२६<br>९८५७८२०६८९ |
| ८ | ग्रामीण महिला उत्थान केन्द्र | शैक्षिक सामग्री सहयोग | आसमानी चौधरी<br>नवीन चौधरी | ९८५७८३०३८३<br>९८४७९५९२३६ |
| ९ | DNGOCC तुलसीपुर | शैक्षिक सामाग्री सहयोग | खड्ग वि.क.,<br>प्रेम नेपाली | ९८५७८२०५६०<br>९८४७९५७०७४ |
| १० | सुपर संस्था तुलसीपुर | जनसहभागिता | ज्योति प्र.चौधरी<br>राम ब. चौधरी | ०८२-५२०२२३<br>९८५७८२०३९३ |
| ११ | सिड तुलसीपुर | शैक्षिक सामग्री सहयोग | भगीराम चौधरी | ९८५७८२०२८२ |
| १२ | नेपाल महिला सामुदायिक सेवा केन्द्र | शैक्षिक सामग्री पोशाक | बिमला योगी | |
| १३ | सिसा | छात्रवृत्ति१० हजार बराबर | साजिदा सिद्धिकि | ०८२-५६१५७४,<br>९८४७८९५२२० |

**आपतकालिन परिस्थितिको पुर्व तयारी : (आपतकालिन परिस्थितिभन्दा पहिले )**

| क.स. | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | कहिले गर्ने |
|---|---|---|---|
| १. | क्लष्टर बैठक बसी जिम्मेवारी बाँडफाँड गर्ने र सम्पर्क व्यक्ति तोक्ने | जिशिका र सहयोगी निकायहरु | मंसिरमा |
| २. | आपतकालीन आश्रय पहिचान तथा व्यबस्थापन बैठक | अगुवा कार्यालय र सहयोगी निकायहरु | पुस |
| ३. | जनशक्ति व्यवस्थापन तथा परिचालन अन्तरक्रिया | अगुवा कार्यालय र सहयोगी निकायहरु | माघ |
| ४. | समन्वय, सहकार्य बैठक छलफल | अगुवा कार्यालय र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| ५. | विपद् सहायता सामग्री ब्यवस्थापन | अगुवा कार्यालय र सहयोगी निकायहरु | बैसाखमा |
| ६. | विद्यालयहरुको आकस्मिक योजना बनाउने | अगुवा कार्यालय र सहयोगी निकायहरु | जेठ सम्ममा |
| ७. | विगतमा प्रभावित विद्यालयको अध्ययन, विश्लेषण गरी बाढी, भूकम्प सम्बन्धमा प्र.अ., शिक्षक तथा वि व्य.समितिलाई विद्यालय स्तरीय चेतनामुलक कार्यक्रम गर्ने, गराउने, शिक्षकहरुलाई प्राथमिक उपचार तालिम | जिशिका र रेडक्रस | माघ तथा फागुन महिनामा |
| ८. | वैकल्पिक विद्यालय स्थापना र संचालनका लागि आवश्यक सामग्री तथा स्रोत व्यक्तिहरुको पहिचान गर्ने | अगुवा कार्यालय र सहयोगी निकायहरु | दोस्रो चौमासिक |
| ९. | उच्च जोखिम क्षेत्रका शिक्षक, सामाजिक कार्यकर्ता (मानवीय स्रोत र अन्य स्रोत समेतको) को रोष्टर निर्माण गर्ने र सचेत गराउने | अगुवा कार्यालय र सहयोगी निकायहरु | तेस्रो चौमासिक |
| १०. | उच्च जोखिम क्षेत्रमा प्रचार प्रसारका लागि IEC सामग्रीको व्यवस्थापन गर्ने | अगुवा कार्यालय र सहयोगी निकायहरु | दोस्रो चौमासिक |
| ११. | स्थानीय सञ्चार माध्यममार्फत जनचेतनाका गतिविधि संचालन गर्ने | अगुवा कार्यालय र सहयोगी निकायहरु | निरन्तर |

### ४.५.४ विपद प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद्को अवधिमा लागु हुने)

| सहयोग गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| **जानकारीको सङ्कलनका लागि क्लष्टर समन्वय बैठक**<br>● आर्थिक तथा मानविय स्रोतको आपतकालीन जोहो<br>● सूचना केन्द्रको स्थापना<br>● तत्काल शैक्षिक क्षतिको सूचना संकलन गर्ने ।<br>● तत्कालको लागि सिविरमा सेफ स्पेसको स्थापना गर्ने ।<br>● तत्काल गाविस तथा क्षेत्रमा भएका सुचाना केन्दहरुसँग सम्पर्क स्थापना गरी जानकारी संकलन गर्ने । | जिशिका, जिशिका तत्थ्याङ्क शाखा तत्थ्याङ्क कार्यालय सम्बन्धित स्रोतकेन्द्र | पहिलो दिनमै |
| **परिस्थितिसम्बन्धी प्रतिवेदन तयार पार्ने :**<br>क. पहिलो प्रतिवेदन<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि समाचार प्रकाशन गर्ने | जिल्ला शिक्षा कार्यालय | दोस्रो दिन |

| | | |
|---|---|---|
| **प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने :**<br>क. प्रभावित विद्यालय तथा विद्यार्थीको अनुमान गर्नका लागि प्रभावित विद्यालय सेवा क्षेत्रबाट उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने ।<br>ख. प्रभावित क्षेत्रमा रोकिएको शैक्षिक सेवा अस्थायीरुपमा सुचारु गराउन जिम्मेवारी तोक्ने । | जिशिका स्रोतकेन्द्र सम्बन्धित क्षेत्रमा शिक्षामा काम गर्ने इकाइ | दोस्रो र तेस्रो दिन |
| **स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster CP)को समीक्षा गर्ने** | जिल्ला शिक्षा कार्यालय, दाङ | ७ दिनभित्र |
| **विपद्बाट बढी जोखिममा रहेका समूहहरू**<br>क. अपांग बालबालिकाको पहिचान ।<br>ख.परिवारबाट बिछोडिएका ।<br>ग.आमाबाबु गुमाएका ।<br>घ.मनोसामाजिक आघातमा परेका बालबालिकालाई मानवीय सहायताका लागि स्रोत खोजेर सम्झौता गर्ने<br>ङ.शिबिर भित्रैCLCसञ्चालन गर्ने | जिल्ला शिक्षा कार्यालय, दाङ जिल्ला दैवी प्रकोप उद्धार समिति<br>जिशिका गैसस | पहिलो हप्तादेखि महिनाभर<br>पहिलो महिनाभित्र |
| **क्षेत्रगत (Cluster)समन्वय बैठक:**<br>सूचना तथा जानकारीको आदानप्रदान, अवस्था विश्लेषण, कार्यक्रमको पूर्वतयारी तथा साझा सहमति, स्रोतको खोजी तथा व्यवस्थापन | जिल्ला शिक्षा कार्यालय तथा क्लष्टर सदस्यहरु | हप्तामा एकपटक |
| **आवश्यकताको विस्तृत लेखाजोखा सञ्चालन गर्ने ३०-९० दिनसम्म** | | |
| **स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण**<br>क.प्रस्तावना तयार पार्ने,<br>ख.दातृ निकायहरुसँग प्रस्तावनासहित स्रोतको माग गर्ने । | जिल्ला शिक्षा कार्यालय क्लष्टर सदस्यहरु | ३-४ हप्ता |
| परिस्थितिसम्बन्धी अद्यावधिक प्रतिवेदनलाई अद्यावधिक पार्ने | | हप्तामा एक पटक |
| मनवीय सहायताका साथै क्षतिग्रस्त शैक्षिक संस्थाको पुनर्निर्माण गर्ने | जिशिका तथा सहयोगी निकाय | दोस्रो तेस्रो महिनामा |
| मानवीय शैक्षिक सहयोगको निरन्तरताका साथै नियमित अनुगमन | | निरन्तर जारी |
| समन्वय | जि.शि.का. | निरन्तर |

## ४.६ क्षेत्र (Cluster) : खानेपानी तथा सरसफाई

**नेतृत्व प्रदान गर्नै निकाय : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**

### ४.६.१ विपद सम्बन्धि परिस्थिति : प्रकोपका सम्भावित मानवीय असर

- बाढीको कारणबाट होचो स्थानमा रहेका क्षेत्रहरूमा सुरक्षित खाने पानीको मुहान अवरुद्ध हुने गरी इनारहरू दुषित हुनेछन् र सम्भवत : बाढीमा डुब्नेछन्
- वातावरण दुषित हुने गरी शौचालयहरू भरिन सक्दछन्
- सुरक्षित पानीको अभाव तथा ढलबाट दुषित वातावरणले गर्दा झाडा तथा हैजा फैलने जोखिम बढ्नेछ
- स्वच्छ खानेपानी तथा सरसफाइका सुविधाहरूमा पहुँच आवश्यक हुने विस्थापित परिवारहरूको कुल सङ्ख्या

**समष्टिगत उद्देश्य :**

- खानेपानी तथा सर-सफाइसँग सम्बन्धित रोगहरू फैलन नदिन तिनको रोकथाम गर्ने ।

**विशिष्ट उद्देश्य :**

- विस्थापित समुदायका लागि, खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभुत स्वास्थ्यसम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित व्यावहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सुग्घर-सफा (cleanliness) कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

**मानविय सहयोगका न्युनतम मापदण्ड : स्फेयर मापदण्ड**

१. प्रतिदिन प्रतिव्यक्ति न्युनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुऱ्याउने ।

२. शिविरमा बस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन गर्नका लागि बाल्टिन र पानी शुद्ध गर्नका लागि ३० दिनसम्म खानेपानी शुद्ध गर्ने ट्याब्लेट (tablets)अथवा वाटर गार्ड (water guard) उपलब्ध गराउने

३. शिविरमा बसोबास गर्ने विस्थापित मानिसहरूका लागि उपयुक्त सरसफाइ एवं महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी (हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीका दरले सोलाई बढाउने गरी) को निर्माण गर्ने

४. शिविरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई जिल्ला स्वास्थ्य तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर-सरकारी सङ्गठन, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरूसँग मिली स्वास्थ्य तथा सरसफाई सम्बन्धी किट (kits) वितरण गर्ने र स्वास्थ्य प्रवर्धनसम्बन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हात धुने) सञ्चलन गर्ने ।

## ४.६.२. खानेपानी तथा सरसफाई क्षेत्रका सदस्यहरुको सुची, क्षमता तथा श्रोत आंकलन

| क्र.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत रकम वा सामग्री | सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | जिल्ला खानेपानी सरसफाई डिभिजन कार्यालय | एक्वा ट्याव १००० वटा, पानी ट्याङकी ३ वटा, पाइप १००० मी., बाल्टिन तथा मग ५० थान | जगन्नाथ पूर्बे तिलक न्यौपाने | ०८२-५६००२६, ९८५७८३४५२६ ९८५७८२१०९४ |
| २ | जिल्ला प्राविधिक कार्यालय | गैंटी, बेल्चा, साबेल ५० सेट | | ०८२-५६१४४२ |
| ३ | युनिसेफ | वाटर गार्ड ५०० वटा, पिउस ५०० थान, सावुन १००० थान, ब्लिचिङ पाउडर १०० के.जी. हाईजीन किट ५०० थान | राजेश मगर | ९८४७८२१२९७ |
| ५ | बेस | पानी ट्याङकी २ वटा | रुपलाल चौ. | ९८४७८४९७५५ |
| ६ | सिसा | स्वयंसेवक जनचेतना कार्यक्रम । पानी सुदिकरण सामग्री | साजिदा सिद्धिकी | ०८२-५६१५७४ |
| ७ | ने.रे.सो. | स्वयंसेवक परिचालन तथा बाल्टीन र मग ५०/५० थान | भरत ढकाल | ०८२-५२००२२ |
| ८ | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | जनचेतना, सम्पर्क, समन्वय | भोला अधिकारी | ०८२-५६०२४० |
| ९ | सामुदायिक वन महासंघ | समन्वय स्वयंसेबक | हेमराज शर्मा | ९८५७८२०१९५ |
| १० | सुआहारा | सरसफाई तथा पोषण | प्रमोद महतो | ९८४२८२६१३४ |

**४.६.३. आपतकालिन परिस्थितिको पुर्वतयारी सम्बन्धि गतिविधि : आपतकालिन परिस्थिति भन्दा पहिले**

| क.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|---|
| १ | जिल्लाका क्षेत्रगत साझेदारहरुकाबीच कलस्टर सदस्यको बैठक गर्ने, समन्वय स्थापित गर्ने संयन्त्रका बारेमा सहमति कायम गर्ने | खा.पा.डि | मंसिर, फागुन र जेठ |
| २ | प्रभाबित क्षेत्रमा उत्पन्न हुनसक्ने संकट आकलन तथा खानेपानी तथा सरसफाईका लागि योजना निर्माण | खा.पा.डि./जि.बि.स. गै.स.स र रेडक्रस | बैसाखसम्म |
| ३ | सुरक्षित खानेपानी सुचारु गर्न आवस्यक पर्ने सामग्री तथा जनशक्ति तयारी अवस्थामा राख्ने | खा.पा.डि | बैसाख |
| ४ | जानकारीको विश्लेषणका लागि सम्पर्क ब्यक्ति तोक्ने । | खा.पा.डि. | चैत |
| ५ | ▪ विपद् जानसक्ने सम्वन्धी क्षेत्रको तथ्यांक लिई त्यस क्षेत्रमा उत्पन्न हुनसक्ने खानेपानी समस्याको आकलन गर्ने | खा.पा.डि. सवै सरोकारवाला | फागुन |
| ६ | आपतकालीन परिस्थितिमा प्रभावित हुन सक्ने खानेपानी योजनाहरु र प्रभावित हुन सक्ने घरपरिबार संख्याको आधारमा आवश्यक सामग्रीको न्यूनतम मौज्दात विभिन्न निकायहरुसँग उपलब्ध मौज्दात विवरण लिने । | खा.पा.सरसफाई डिभिजन तथा सवै सरोकारवाला | असार |
| ७ | ▪ अपुग सामग्रीको पहिचान गर्ने<br>▪ पुस्तिका, पोस्टर, सुचना तथा सञ्चारसम्बन्धी सामग्रीहरु पूर्व तयारी अवस्थामा राख्ने । | खा.पा.डि. सवै सरोकारवाला | असार |

**४.६.४. विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपदको अवधिमा लागु हुने)**

| **सहयोग गतिविधि (के)** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| क्षेत्रगत सदस्यहरुको आकस्मिक बैठक संचालन<br>विपद् अवस्थाको बिश्लेषण<br>प्रतिकार्यको तयारी गर्ने ।<br>सूचना डेस्क स्थापना | ख.पा.स.स.डि.का. | पहिलो दिन |
| स्थलगत वस्तुस्थितिको जानकारी लिनको लागि अन्य क्षेत्रसँग र सम्बन्धित क्षेत्रमा सम्पर्क गरी जानकारी लिने । | ख.पा.स.स.डि.का. र सरोकारवालाहरु | दोस्रो दिन |
| क्षेत्रगत सदस्यहरुबीच विपद् विश्लेषण गरी क्षतिको लेखाजोखा गर्नको लागि एक टोली विपद् स्थलमा खटाउने । | ख.पा.स.स.डि.का. जिविस | पहिलो हप्ता |
| प्रविधिक टोलीद्वारा संकलित विवरणको आधारमा प्रदूषित खा.पा. तथा सरसफाई सम्बन्धी जनचेतना फैलाउन अर्को टोली परिचालन गर्ने । | खा.पा.डि. तथा ढलनिकास विभाग,जिविस, रेडक्रस, जि.प्रा.का | दोस्रो हप्ता |
| सुरक्षित, स्वच्छ खा.पा. तथा सरसफाई कायम गर्नको लागि उपयुक्त, गुणस्तर परिमाणमा पानीमा प्रभावित परिवारमा पहुँच पुऱ्याउनकोलागि पानीको बितरण तथा अस्थायी शौचालय निर्माण गर्न सचेतना कार्यक्रम संचालन गर्ने । | ख.पा.स.स.डि.का. जिविस, जिल्ला प्राविधिक गै.स.सहरु | पहिलो महिना |
| सुरक्षित शौचालय निर्माण, प्रभावित क्षेत्रमा सञ्चालित कार्यक्रमको अनुगमन, स्थायी खा.पा.योजना संचालनका लागि पाइप आदि सामग्री व्यवस्था गर्न सरोकारवाला निकाय र तालुक निकायमा समन्वय गर्ने । | जि.वि.स.<br>खा.पा.स.स. | दोस्रो महिना |
| सहयोगको अनुगमन तथा पृष्ठपोषणका लागि टोली खटाउने, समग्र प्रतिकार्यको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।<br>सम्बन्धित सवै सरोकारवाला निकायलाई प्रगति प्रतिवेदन पठाउने ।<br>जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने । | जि.वि.स.<br>खा.पा.स.स.डि.का.<br>जिल्ला प्राविधिक कार्यालय | तेस्रो महिना |

## ४.७ क्षेत्र (Cluster : स्वास्थ्य तथा पोषण क्षमता तथा श्रोत आंकलन

**नेतृत्व प्रदान गर्ने निकाय : जिल्ला जनस्वास्थ्य कार्यालय**

### ४.७.१ विपद सम्बन्धि परिस्थितिः प्रकोपको सम्भावित मानिवय असर

- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ र दादुरा एवं पखालासम्बन्धी रोग, गम्भीर श्वास-प्रश्वाससम्बन्धी संक्रमण, इन्सेफ्लाइटिस, जन्डिस, टाइफाइड र एभियुन इन्फ्लुएन्जा, आँखा अथवा छालाका रोग, आँखा रातो हुने रोग (Conjunctivitis)जस्ता सङ्क्रामक रोगहरूको प्रकोपमा वृद्धि ।
- एच.आई.भी. ⁄एड्स तथा क्षयरोग फैलने क्रममा वृद्धि ।
- नियमित औषधि सेवनकर्ताहरुको औषधि छुट्ने (क्षयरोग, कुष्ठरोग, एच.आई.भी. आदि) ।
- स्वास्थ्य क्लिनिकहरू नष्टता अथवा पहुँचमा कठिनाइ ।
- औषधि उपचारका उपकरण तथा औषधिको हानि-नोक्सानी ।
- प्रजनन स्वास्थ्य तथा सुरक्षित प्रसूति सेवा प्रभावित ।
- परिवार नियोजनको साधन उपलब्धतामा कमी ।
- नवजात शिशु तथा सुत्केरी र गर्भवतीहरु स्वास्थ्य जाँचदेखि बन्चितीकरण ।
- नियमित सेवाहरु (गाँउघर क्लिनिक र खोपका कार्यक्रमहरु) मा अवरुद्धता ।
- सञ्चार सेवा अवरुद्ध हुँदा तुरुन्त स्वास्थ्यकर्मीको सम्पर्कमा आउन कठिनाइ ।
- सुरक्षित रक्त सञ्चार प्रणालीमा अवरोध ।
- तत्कालै स्वास्थ्य संस्थासम्म पुग्नमा अवरोध (एम्बुलेन्स, स्ट्रेचर, पैदल आदि) ।
- खाद्य सामाग्रीको अभावको कारणले गर्दा गम्भीर कुपोषण, औलो, झाडा-पखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त पोषण कार्यक्रम मा अवरोध ।
- पोषण पुनर्स्थापन कार्यमा अवरोध ।
- स्वस्छ र सुरक्षित पिउने पानीको अभाव ।
- विपद्को कारणले मानसिक स्वास्थ्य सम्वन्धि समस्यामा बृद्धि ।

**समष्टिगत उद्देश्य :**

जस्तोसुकै आपतकालिन अवस्था परे तापनि मानव जीवन सुरक्षा तथा कल्याण (Human Survival And Well-being), खास गरी एकदमै जोखिममा रहेका समुहको स्वास्थ्य एवं पोषणसम्वन्धि आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने ।

**विशिष्ट उद्देश्य :**

- झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- द्रुत लेखाजोखा (Initial Rapid Assessment) गरी स्वास्थ्य तथा पोषण सेवाहरूको अवस्थालाई पुनः सुचारु गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (Referral Mechanism) को विकास गर्न जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग पुर्‍याउने ।
- पर्याप्त आपतकालीन आपूर्ति र मानव स्रोत लगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि अस्पताल (राप्ति उपक्षेत्रिय, राप्ती अञ्चल) ⁄जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- सुरक्षित मातृत्व तथा परिवार नियोजनका सेवाहरु (सुरक्षित प्रसूति, गर्भावस्था तथा सुत्केरी अवस्थाको सेवा, आकस्मिक परिवार नियोजन सेवा) प्रदान गर्ने ।
- आपतकालिन अवस्थामा प्रजनन् स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन Minimun Initial Service Package (MISP)को सञ्चालन गर्न आवश्यक क्षमता अभिबृद्धि गर्ने ।
- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme-SFP)मा पहुँचको माध्यमबाट गर्भवती तथा दुध खुवाउने महिला एवं पाँच वर्ष मुनिका केटाकेटीहरूमा गम्भिर कुपोषणको वृद्धिलाई रोकथाम गर्न अस्पताल (राप्ती उपक्षेत्रिय, राप्ति अञ्चल) ⁄जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

- गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM)को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न सहयोग गर्ने ।
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन जिल्ला जनस्वास्थ्य कार्यालयलाई मद्दत गर्ने ।
- भिटामिन 'ए' को वितरण, जुका मार्ने औषधि तथा प्रभावित केटाकेटीहरूका लागि खोपसम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त जिल्ला जन स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- मानसिक स्वास्थ्य समस्यालाई समाधान गर्न मनोसामाजिक विमर्श सेवा प्रदान गर्ने ।

**मानविय सहयोग सम्बन्धि न्युनतम मापदण्ड : स्फेयर मापदण्ड**

प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्यसम्बन्धी निगरानी (Health Surveillance) शुरु गरिनेछ ।

- समुदायको तहमा रोग तथा चोट-पटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिमारीहरूलाई सिफारिस गरी अन्य केन्द्रहरू (Referral Centres) मा पठाई आपतकालिन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।
- सिफारिस गरी पठाइने अन्य केन्द्रहरू (Referral Centres) मा पुग्नका निमित्त बिरामीहरुका लागि उपयुक्त यातायातको प्रबन्ध गरिनेछ ।
- आपतकालीन अवस्थामा प्रजनन् स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन Minimun Initial Service Package (MISP)को सञ्चालन गर्न आवश्यक क्षमता अभिबृद्धि गरिनेछ ।

### ४.७.२ नेतृत्व प्रदान गर्ने निकाय : जिल्ला जनस्वास्थ्य कार्यालय

**यस क्षेत्रका सदस्यहरुको सूची, क्षमता तथा स्रोत मापन**

| क.सं. | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत तथा सेवाहरु | कार्यालय/सम्पर्क व्यक्ति | टेलिफोन नम्बर, ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | जिल्ला जनस्वास्थ्य कार्यालय | औषधि/स्वास्थ्यकर्मी | डा भुवन पौडेल | ०८२-५६०००५, ०८२-५६२०३९ ९८५११४९२७३ dho.dang@gmail.com |
| २ | राप्ती उपक्षेत्रीय अस्पताल | औषधि, स्वास्थ्यकर्मी, १ लाख रकम | कार्यालय प्रमुख बिकास देवकोटा | ०८२-५६०११९ ९८४७८२६४०० |
| ३ | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र | जनचेतना, सम्पर्क, समन्वय र औषधि | भोला अधिकारी | ०८२-५६०२४० ९८४७८३१६९८ |
| ४ | राप्ती अञ्चल अस्पत्ताल तुलसीपुर | औषधि/स्वास्थ्यकर्मी | कार्यालय प्रमुख | ०८२-५२००११ |
| ५ | प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँ, स्यूजा, लमही | औषधि/स्वास्थ्यकर्मी | कार्यालय प्रमुखहरु | ०८२-५४००११ |
| ६ | आई.एन.एफ. दाङ कार्यक्रम | स्वास्थ्यकर्मी, सवारी साधन (गाडी) र औषधि | कार्यालय प्रमुख | ०८२-५६००१७, ०८२-५६०२४८ |
| ७ | ब्लड बैङ्क, घोराही | आवश्यक परेको खण्डमा रगत उपलब्ध | दिलीप न्यौपाने | ०८२-५६१४६० |
| ८ | आँखा अस्पताल, तुल्सीपुर रक्षाचौर | औषधि र जनशक्ति | कार्यालय | ०८२-५२०१६५ |
| ९ | आयुर्वेदिक औषधालय, विजौरी | औषधि र जनशक्ति | कार्यालय | ०८२-५२११०५ |
| १० | सिसा नेपाल | स्वयंसेवक, जनचेतना कार्यक्रम र औषधि | साजिदा सिद्धिकी | ०८२-५६१५७४ |
| ११ | युनिसेफ दाङ | औषधि र प्राविधिक सहयोग | राजेश सारु मगर | ९८४७८२१२९७ |

| | | | | |
|---|---|---|---|---|
| १२ | नेपाल पत्रकार महासंघ दाङ | सूचना प्रवाह | सुदीप गौतम, लक्ष्मी आचार्य | ०८२-५६१४९७ |
| १३ | यु.एन.एफ.पि.ए. जिल्ला कार्यालय | आपतकालीन अवस्थामा प्रजनन स्वास्थ्य सेवा | UNFPA/ रामबहादुर थापा | ०८२-५६२०११ |
| १५ | नेपाल रेडक्रस सोसाइटी | तथ्यांक संकलन तथा प्राथमिक उपचार | कार्यालय नम्बर<br>भरतमणि ढकाल | ०८२-५२००२२<br>९७४८५०८२५९ |
| १६ | जिल्ला विकास समिति | आकस्मिक कोष (नगद) | कार्यालय<br>कृष्ण के.सी. | ०८२-५६०१४४<br>९८५७८३०५९६ |

**उप समितको नामावली :**

### ४.७.२.१ आपतकालिन व्यवस्थापन समुह, स्युज(Rapid Response Team - RRT, Syuja)

| | |
|---|---|
| प्रमुख, स्यूजा प्राथमिक स्वास्थ्य केन्द्र | (सि.अहेव बालाराम रोका - संयोजक) |
| प्रमुख | पोषणराज शर्मा काभ्रे हेपो |
| प्रमुख | राममणि शर्मा सैघा हेपो |
| प्रमुख | लोहारपानी हेपो |
| अध्यक्ष | स्वास्थ्य व्यवस्थापन समिति प्रा.स्वा.के. स्यूजा |
| सि.अहेव | लोहारपानी हेपो |
| प्र.अ. महेन्द्र मावि स्यूजा, बोझबोखरा | राजेन्द्र साह |
| गाविस सचिव | स्यूजा गाविस |
| उपलब्ध श्रोतहरु | स्वास्थ्य कर्मी र एम्बुलेन्स |

### ४.७.२.२ आपतकालिन व्यवस्थापन समुह, श्रीगाउ (RRT, Shreegau)

| | |
|---|---|
| कार्यालय प्रमुख प्रा.स्वा.के. श्रीगाउँ | नेपबहादुर के.सी. |
| कार्यालय प्रमुख | बासुदेव चौधरी हेकुली स्वास्थ्य चौकी |
| कार्यालय प्रमुख | पशुपतिराज के.सी. पञ्चकुले स्वास्थ्य चौकी |
| कार्यालय प्रमुख | बसन्तराज आचार्य धनौरी स्वास्थ्य चौकी |
| अध्यक्ष | स्वा व्यवस्थापन समिति, श्रीगाउँ |
| कार्यालय प्रमुख | शरदराज गिरी पुरन्धारा स्वास्थ्य चौकी |
| गाविस सचिव | श्रीगाउँ गाविस |
| प्रधानाध्यापक | मावि श्रीगाउँ |
| कार्यालय प्रमुख | हेकुली प्रहरी चौकी |
| सि.अहेव, | राजकुमार न्यौपाने प्रा.स्वा.के., श्रीगाउँ |
| स्टाफनर्स, | प्रा.स्वा.के., श्रीगाउँ |
| ल्या.अ, | दीपकराज ओली प्रा.स्वा.के., श्रीगाउँ |
| उपलब्ध स्रोतहरु | स्वास्थ्यकर्मी, औषधि र एम्बुलेन्स |
| स्वास्थ्य क्षेत्रसँग काम गर्ने संस्था | ओरेक |

### ४.७.२.३ आपतकालिन व्यवस्थापन समुह, लामही (RRT, Lamahi)

| | |
|---|---|
| प्रा.स्वा.के. लमही | डा.रितेश भण्डारी |
| कार्यालय प्रमुख | लोकराज पौडेल गढवा स्वास्थ्य चौकी |
| कार्यालय प्रमुख | शिवहरि शर्मा सिसहनिया स्वास्थ्य चौकी |
| कार्यालय प्रमुख | पप्पु यादव कोइलाबास स्वास्थ्य चौकी |
| कार्यालय प्रमुख | भानुप्रकाश चौधरी बेला स्वास्थ्य चौकी |
| कार्यालय प्रमुख | प्रदीप सुवेदी राजपुर स्वास्थ्य चौकी |
| कार्यालय प्रमुख/प्रतिनिधि | देउखुरी सामुदायिक अस्पताल तथा अनुसन्धान केन्द्र, लमही |

| | |
|---|---|
| अध्यक्ष | देउखुरी उद्योग वाणिज्य संघ |
| अध्यक्ष | नेपाल रेडक्रस सोसाइटी लमही |
| कार्यालय प्रमुख/प्रतिनिधि | आई.एन.एफ |
| कार्यालय प्रमुख/प्रतिनिधि | दाङ प्लस |
| कार्यालय प्रमुख/प्रतिनिधि | स्वान |
| इलाका प्रशासन कार्यालय | लमही |
| कार्यालय प्रमुख | इलाका प्रहरी कार्यालय लमही |
| व्यवस्थापन समिति अध्यक्ष | प्रा.स्वा.के. लमही |
| स्टाफनर्स | मिना शर्मा प्रा.स्वा.के. लमही |
| ध्रुव पण्डित | ल्याअप्रा.स्वा.के. लमही |
| प्रतिनिधि | दशरथ घिमिरे, नेपाल पत्रकार महासंघ |
| गाविस सचिव | गंगापरस्पुर, बेला, राजपुर, गढवा, लालमटिया, कोईलाबास |

**स्वास्थ्य क्षेत्रसंग काम गर्ने संघसंस्था :** आई.एन.एफ, दाङ प्लस, स्वान, सिसा नेपाल, नेपाल रेडक्रस सोसाइटी, ओरेक

**४.७.३ यस क्षेत्रको नेतृत्व गर्ने निकाय : जिल्ला जनस्वास्थ्य कार्यालय**

**आपतकालिन परिस्थितिको पुर्वतयारी सम्बन्धि गतिविधि : प्रकोप भन्दा पहिने**

| **पूर्व-तयारीसम्बन्धी गतिविधि** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| व्यवस्थापन तथा समन्वयसम्वन्धि व्यवस्था :<br>जिल्लाका क्षेत्रगत (Cluster) साझेदारहरूका बीचमा सम्झौता गर्ने<br>क. समन्वय बैठक (आपतकालिन परिस्थितिभन्दा पहिले, परिस्थितिको अवधिमा र त्यसपछि बैठक गर्ने<br>ख. पूर्वतयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क निकायहरूको पहिचान<br>ग. लागू गर्न सकिने साझेदार सम्बन्धी व्यवस्थाको विकास | DPHO<br>Cluster<br>Members | जेष्ठ मसान्त |
| आधार रेखा जानकारी तथा तथ्याङ्क सङ्कलन गर्ने :<br>क. बाढी जान सक्ने गाविस वा सम्बन्धित क्षेत्रगत पहिचान<br>ख. जिल्लाका स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूसँगको स्रोतको नक्साङ्कन | DPHO<br>Cluster<br>Members | जेष्ठ मसान्त |
| क्षमता विकास : महामारी निगरानी, नवजात शिशुलाई विपद्को बेलामा खुवाउने पौष्टिक आहार | DDRC | जेष्ठ मसान्त |
| उद्धार सामग्री पूर्व मौज्दात राख्ने<br>➢ सम्भावित आपतकालीन परिस्थितिमा प्रभावित हुन सक्ने व्यक्तिहरूको संख्याका आधारमा आवश्यक स्वास्थ्य सामग्रीको न्युनतम मौजदात<br>➢ विभिन्न संगठनहरूसँग उपलब्ध मौजदातको नक्साङ्कन गर्ने<br>➢ अपुग सामग्री (Gaps) को पहिचान गर्ने<br>➢ पुस्तिका, पोस्टर र सूचना, शिक्षा, प्रचार प्रसार गर्ने | DPHO<br>Cluster<br>Members | जेष्ठ मसान्त |
| ➢ पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय बैठक | DPHO | ३ महिनामा एक पटक |

### ४.७.३.१ संभाव्य प्रकोपको प्रकृति र क्षेत्रहरु

| संभावित प्रकोप | संभावित क्षेत्र | प्रभावित हुनसक्ने जनसंख्या |
|---|---|---|
| महामारी (दादुरा, टाइफाइड, झाडा पखाला, इन्सेफ्लाइटिस | पुरन्धारा, पञ्चकुले, फूलबारी, हाँसीपुर, लोहार पानी, बेला, स्यूजा, सैघा, काभ्रे, राजपुर लगायत जिल्लाका सबै जसो क्षेत्र | 1500–2000 |

### ४.७.४ आपतकालिन सहयोग सम्बन्धि गतिविधि : आपतकालिन परिस्थितको अवधिमा

| सहयोग गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० दिनसम्म)** | | |
| जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि प्रकोप अवधिमा सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग आपतकालिन बैठक बस्ने ।<br>जिल्ला आपतकालिक कार्य सञ्चालन केन्द्र (DEOC) मा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सुचना लिने ।<br>DRRT र CRRT लाई परिचालन गर्ने साथै आवश्यक प्राथमिक उपचारका औषधि उपकरण र एम्बुलेन्स लिई घटनास्थलमा पुगी सेवा उपलब्ध गराउने । | DPHO/Redcross /UNFPA/INF/All Cluster members | (क) प्रकोप शुरू भएपछि २४ घण्टाभित्र<br>(ख) पहिलो सात दिनसम्म एक दिन बिराएर<br>(ग) दोस्रो हप्तापछि हप्तामा एक पटक |
| परिस्थितिसम्वन्धि प्रतिवेदन तयार पार्ने :<br>क. पहिलो प्रतिवेदन<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमबाट स्वास्थ्य सुचना प्रशारण गर्ने । | DPHO/UNFPA/ WHO/UNICEF All partners | ४८-७२ घण्टाभित्र पहिलो प्रतिवेदन र पहिलो सात दिनमा हरेक २४ घण्टामा र दोस्रो हप्तादेखि एक दिन बिराएर |
| प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखा (Base Line) का तथ्याङ्कको समीक्षा गर्ने :<br>क. IRA, MIRA गर्ने ।<br>ख. प्रभावित परिवारको अनुमान गर्नका लागि प्रभावित गाविससँग सम्बन्धित उपलब्ध तथ्याङ्क/ जानकारीको समीक्षा गर्ने<br>ग. प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने<br>घ. जिल्लामा उपलब्ध उद्धार सेवा/ क्षमता/ उद्धार सामग्रीको समीक्षा गर्ने । | DPHO and all partners | पहिलो दिनदेखि नै लगातार रुपमा (महिना भर) बैकल्पिक दोश्रो दिन बैकल्पिक दोश्रो दिन |
| क. तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकताक्रम निर्धारण गर्ने ।<br>ख. उपयुक्त कामका लागि सम्बन्धित क्षेत्र (Cluster) लाई सल्लाह दिने ।<br>ग. प्रभावित स्थानमा अत्यावश्यक औषधिको आपूर्ति व्यवस्था गर्ने ।<br>घ. प्रभावित स्थानमा अस्थायी स्वास्थ्य संस्था खडा गरी स्वास्थ्य सेवा उपलब्ध गराउने ।<br>ङ. Minimum Initial Service Package (MISP) लाई कार्यान्वयनमा ल्याउने । (*MISP को विवरण तल उल्लेख गरिएको छ ।) | DPHO/UNFPA/ UNICEF/WHO/Red Cross and all partners. | ३-४ दिनभित्र एक हप्ताभित्र शिविर कहाँ राख्ने भन्नेबारे ठाउँको पहिचान र दर्ता गर्ने कार्य । ० (शून्य) घण्टादेखि नै प्राथमिकतासहित तुरुन्तै शुरू गर्नुपर्दछ ।<br><br>निरन्तर |

| | | |
|---|---|---|
| च. आपतकालीन प्रजनन् सामग्री वितरण (Emergency RH kit).<br>छ. मनोविमर्श सेवा तथा मनोसामाजिक प्राथिमक उपचार (Psychocial First Aid-PFA)सेवा प्रदान गर्ने ।<br>ज. सम्भावित महामारी रोगको रोकथाम र नियन्त्रण गर्ने ।<br>झ. प्रसूति सेवाको लागि टेन्टसहित Maternituy Unit स्थापना गरी सेवा सञ्चालन गर्ने ।<br>ञ. स्वास्थ्य शिक्षा सम्बन्धी सूचना प्रवाह गर्ने तथा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>ट. औलो तथा इन्सेफ्लाइटिस रोगबाट बच्न किटनासक झुल/झुल वितरण गर्ने । | | |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने | DPHO, UNICEF/WHO | ७ दिनभित्र |
| मानवीय सहयोगका लागि (यदि छन् भने) प्रयोगमा ल्याउन सकिने भनी तयारी अवस्थामा राखिएका सम्झौताहरूलाई सक्रिय पार्ने । | | ७-१० दिन |
| मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका निमित्त टोली खटाउने । | | एक हप्ता – निरन्तर जारी |
| **सहयोगसम्बन्धी गतिविधि – अन्तरिम अवधिका लागि (३०-९०) दिन** | | |
| क्षेत्रगत समन्वय बैठक<br>(**स्वास्थ्य तथा पोषण**) | DPHO, UNICEF<br>WHO | हप्तामा एक पटक |
| आवश्यकताको विस्तृत लेखाजोखा (CSDA and PDNA) सञ्चालन गर्ने (**स्वास्थ्य तथा पोषण**) | DPHO , UNICEF<br>WHO | १५-२१ दिन |
| स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण (**स्वास्थ्य तथा पोषण**) | DPHO, UNICEF<br>WHO | ३-४ हप्ता |
| अन्तरिम अवधिका लागि मानवीय सहयोगसम्बन्धी गतिविधिहरू | | २-३ हप्ताभित्र |
| परिस्थितिसम्बन्धी सङ्कलित र निर्मित प्रतिवेदनलाई अद्यावधिक पार्ने | | हप्तामा एक पटक |
| मानवीय सहयोगको अनुगमन | | निरन्तर जारी |
| **सहयोगसम्वन्धि गतिविधि – थप अवधि (९० दिनभन्दा बढी) का लागि** | | |
| फलोअप अनुगमन | जिस्वाका | ३ महिनादेखि १ बर्षसम्म |

* MISP को विवरण

